# राष्ट्रिय स्वतन्त्र पार्टीको विधान, २०७९

विधान संशोधन सुझाब कार्यदलको तर्फबाट तयार भएको विधान संशोधन सुझाब २०८१

**विधान संशोधन सुझाब कार्यदल: संयोजक कविन्द्र बुर्लाकोटी, उपसंयोजक डा. तोसिमा कार्की, सचिव गणेश कार्की, सदस्यहरु सोविता गौतम, कामिनी चौधरी, मेघ आले, पुकार वम, विजय जैरु, क्रान्तिशिखा धिताल, डा. नारायण घिमिरे, शंकर श्रेष्ठ**

| विधानको हालको व्यवस्था | संशोधन | संशोधनको कारण |
|---|---|---|
| **प्रस्तावना :**<br>नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिकअखण्डता, राष्ट्रियएकता, स्वाधीनता र स्वाभिमानलाई अक्षुण्ण राष्दकैं;<br><br>समृद्धि, विकास, आधुनिकता, शान्तिपूर्ण साँस्कृतिक सम्पन्नता, सुशासन, सामाजिकन्याय, समानता, सहभागिता, लोकतन्त्र, मानवअधिकार र अग्रगामी परिवर्तनकालागि नेपालीजनताले पटकपटकगर्दै आएकाआन्दोलन, संघर्ष, त्याग र बलिदानको गौरवपूर्ण इतिहासलाई स्मरणगर्दै;<br><br>नेपाल राष्ट्र निर्माण र नेपालीजनताको मुक्तिकालागिजीवन अर्पण गरेका वीरहरु र सहिदहरुप्रति सम्मानप्रकटगर्दै; | **प्रस्तावना :**<br>नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वतन्त्रता, राष्ट्रिय एकता, र स्वाभिमानलाइ अक्षुण्ण राष्दकैं,<br><br>मुलुकमा लोकतन्त्र, विधिको शासन, सामाजिक न्याय, मानवअधिकार, सुशासन र सम्वृद्धिका खातिर नेपाली नागरिकले पटक पटक गरि आएको आन्दोलन, त्याग र संघर्षको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै, | क्रम, भाषा मिलानसहित सच्याइएको |

| | | |
|---|---|---|
| नेपाली जनतामा निहित राष्ट्र सार्वभौमिकतालाई आत्मसाथगर्दै जनउत्तरदायी, जनसहभागिमूलक राज्यशासन व्यवस्थाप्रवर्द्धन गर्दै;<br><br>नेपालको संविधानले परिकल्पना गरे अनुसार दीगो शान्ति, सुशासन, विकास र समृद्धिका आकांक्षा पूरा गरी नेपाली जनताले महसुस गर्ने गरी जीवनस्तरमा सुधार ल्याउने प्रतिबद्धतासाथ राष्ट्रिय स्वतन्त्र पार्टीको परिकल्पना तथा गठन गरी यो विधान जारी गरिएको छ । | नेपाली नागरिकमा अन्तर्निहित सार्वभौमिकताको संरक्षण र सम्वर्धन गर्दै,<br><br>जनसहभागीतामुलक लोककल्याणकारी राज्यव्यवस्था, समावेशी, समतामुलक र जनउत्तरदायी राज्य संचालनको संस्कृतिको विकास गर्दै,<br><br>नेपालको संविधानले परिकल्पना गरे अनुसारको सुशासन, विकास र सम्वृद्धिका लक्ष्यहरु पुरा गर्नको लागि नागरिकको जीवनस्तरमा सुधार ल्याउने परिकल्पनामा प्रतिबद्ध रही राजनीतिक संगठन मार्फत नेपाली जनता र राष्ट्रको सर्वाङ्गिण विकासको निमित्त राष्ट्रिय स्वतन्त्र पार्टीको स्थापना गरि यो विधान जारी गरिएको छ । | |
| भाग-१<br>प्रारम्भिक | | |
| धारा १ : संक्षिप्त नाम र प्रारम्भ | | |

| | | |
|---|---|---|
| १) यस विधानको पूरा नाम “राष्ट्रिय स्वतन्त्र पार्टीको विधान, २०७९” रहेको छ । | | |
| २) यो विधान तुरुन्त प्रारम्भ हुनेछ । | | |
| धारा २ : परिभाषा | | |
| विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा : | | |
| (क) ‘पार्टी’ भन्नाले ‘राष्ट्रिय स्वतन्त्र पार्टी’ भन्ने बुझिनेछ । | | |
| (ख) ‘विधान’ भन्नाले ‘राष्ट्रिय स्वतन्त्र पार्टी’ को विधान बुझिनेछ । | | |
| (ग)‘नियमावली’ भन्नाले ‘राष्ट्रिय स्वतन्त्र पार्टीको नियमावली २०७९’ बुझिनेछ । | | |
| (घ) ‘सदस्य’ भन्नाले राष्ट्रिय स्वतन्त्र पार्टीको सदस्यलाई बुझाउनेछ । | | |
| (ङ)‘सभापति’ भन्नाले राष्ट्रिय स्वतन्त्र पार्टीका तहगत समितिका सभापतिहरूलाई बुझाउनेछ । | | |
| (च) ‘समिति’ भन्नाले राष्ट्रिय स्वतन्त्र पार्टीका तहगत समितिहरूलाई बुझाउनेछ । | | |
| (छ) ‘कार्यालय’ भन्नाले राष्ट्रिय स्वतन्त्र पार्टीका तहगत कार्यालयलाई बुझाउनेछ । | | |

| | | |
|---|---|---|
| (ज) 'पदाधिकारी' भन्नाले राष्ट्रिय स्वतन्त्र पार्टीको तहगत समितिका सभापति, उपसभापति, महामन्त्री, सहमहामन्त्री, कोषाध्यक्ष, सहकोषाध्यक्ष, प्रवक्ता, सहप्रवक्ता, सचिव आदिलाई बुझाउनेछ । | | |
| (झ) 'निकाय' भन्नाले राष्ट्रिय स्वतन्त्र पार्टीका विभिन्न तहगत समिति, विभाग, आयोग वा पार्टी सम्बद्ध संरचनाहरूलाई बुझाउनेछ । | | |
| (ञ) 'संसदीय दल' भन्नाले राष्ट्रिय स्वतन्त्र पार्टीको प्रतिनिधि सभा, राष्ट्रिय सभा, प्रादेशिक सभा र पालिका सभाको संसदीय दललाई बुझाउनेछ । | | |
| (ट) 'स्थानीय समिति वा सभा' भन्नाले नेपाल सरकारले निर्दिष्ट गरेको स्थानीय तह मानिएको गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका वा महानगरपालिकामा क्रियाशील पार्टीका समिति वा सभालाई बुझाउनेछ । | | |
| | (ठ) 'निर्वाचन क्षेत्र' भन्नाले संघ तथा प्रदेश प्रतिनिधि छनौट गर्ने क्षेत्र बुझाउनेछ । | परिभाषित गर्नु पर्ने भएकाले |
| | (ड) 'लिडरसीप एकडेमी' भन्नाले पार्टीमा नेतृत्व लिएका र उम्मेदवारको आकांक्षिहरुलाई क्षमता | परिभाषित गर्नु पर्ने भएकाले |

| | | |
|---|---|---|
| | विकासका तालिम, कार्यशाला लगाएतका कार्यक्रम गर्ने निकायलाई बुझाउने छ । | |
| | (ण) ‘परिषद्’ भन्नाले पार्टीको विधान बमोजिम तहगत समितिको वृहत्तर भेलालाई बुझाउँछ । | परिभाषित गर्नु पर्ने भएकाले |
| | (ण) ‘परिवार’ भन्नाले पति, पत्नी, बाबु, आमा, सौतेनी बुवा, सौतेनी आमा, छोरा, छोरी, दाजु, भाइ, दिदी, बहिनी, नाति, नातिनी, बाजे, बज्यै, ठूलोबुबा, ठूलोआमा, काका, काकी, फुपू, मामा, जेठान, जेठानी, जेठीसासु, देवर, नन्द, साला, साली र त्यस्ता नाताका व्यक्तिको पति वा पत्नी तथा निजका छोरा, छोरी समेतलाई जनाउने छ । | परिभाषित गर्नु पर्ने भएकाले |
| भाग-२<br>पार्टीको नाम र कार्यालय सम्बन्धी व्यवस्था | | |
| धारा ३ : पार्टीको नाम र कार्यालय | धारा ३ : | |
| १) यस पार्टीको नाम “राष्ट्रिय स्वतन्त्र पार्टी” रहनेछ । यसलाई अंग्रेजीमा **National Independent** | (१) यस पार्टीको नाम “राष्ट्रिय स्वतन्त्र पार्टी” रहनेछ । यसलाई अंग्रेजीमा Rastriya Swatantra Party, नेपालीमा संक्षिप्तमा | व्यवहारिक प्रयोगलाई |

| | | |
|---|---|---|
| **Party**, नेपालीमा संक्षिप्तमा "रास्वपा" र अंग्रेजीमा संक्षिप्तमा **NIP** भनिनेछ । | "रास्वपा" र अंग्रेजीमा संक्षिप्तमा RSP भनिनेछ । अंग्रेजी अनुवाद प्रयोजनको लागि National Independent Party भन्ने बुझाउनेछ । | मान्यता दिइएको । |
| २) पार्टीले संघ, प्रदेश, जिल्ला र स्थानीय तहमा कार्यालय स्थापना गर्नेछ । | | |
| ३) पार्टीको केन्द्रीय कार्यालय काठमाडौं उपत्यकामा रहनेछ । | | |
| ४) पार्टीको प्रदेश तहको कार्यालय सम्बन्धित प्रदेशको राजधानीमा रहनेछ । | | |
| ५) पार्टीको जिल्ला कार्यालय सम्बन्धित जिल्लाको सदरमुकाममा रहनेछ । | | |
| ६) पार्टीको स्थानीय तहको कार्यालय सम्बन्धित स्थानीय तहमा रहनेछ । | | |
| धारा ४ : पार्टी स्वशासित र संगठित संस्था हुने | धारा ४ : | |
| १) यस विधान बमोजिम दर्ता भएको पार्टी अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संगठित संस्था हुनेछ । | | |
| २) पार्टीले ऐनको अधीनमा रही व्यक्ति सरह चल वा अचल सम्पत्ति प्राप्त गर्न, भोगचलन गर्न, बेचविखन गर्न वा अन्य किसिमले व्यवस्थापन गर्न सक्नेछ । | | |

| | | |
|---|---|---|
| ३) पार्टीले आफ्नोनामबाट नालिश उजुर गर्न र पार्टी उपर पनि सोही नामबाट नालिश उजुर लाग्न सक्नेछ । | | |
| ४) पार्टीले ऐनको अधीनमा रही व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न वा दायित्व निर्वाह गर्न सक्नेछ । | | |
| भाग-३<br>पार्टीको छाप, चिन्ह, झण्डा र घोषणापत्र | भाग-३ | |
| धारा ५ : पार्टीको छाप | धारा ५ : | |
| पार्टीको आफ्नो काम कारवाहीका लागि अनुसूची-१ बमोजिमको एउटा छुट्टै छाप हुनेछ । | | |
| धारा ६ : पार्टीको चिन्ह | धारा ६ : | |
| पार्टीको आफ्नो छुट्टै चिन्ह हुनेछ । पार्टीको चिन्ह अनुसूची-२ मा व्यवस्था भए बमोजिम हुनेछ। | | |
| धारा ७ : पार्टीको झण्डा | धारा ७ : | |
| पार्टीको झण्डा अनुसूची-३ बमोजिम हुनेछ । | | |
| धारा ८ : पार्टीको घोषणापत्र | धारा ८ : | |

| | | |
|---|---|---|
| पार्टीको आफ्नो छुट्टै घोषणापत्र हुनेछ । यस्तो घोषणापत्रको दुई प्रति पार्टी दर्ताका लागि आयोगमा निवेदन साथ पेश गरिनेछ । | पार्टीको आफ्नो छुट्टै घोषणापत्र हुनेछ । | अनिवार्य गर्न पर्ने विषय विधानमा नै लेखिरहन नपर्ने भएकाले |
| भाग-४<br>पार्टीको दर्शन, उद्देश्य, कार्यक्रम र निर्देशक सिद्धान्त | भाग-४ | |
| धारा ९ : पार्टीको सिद्धान्त, आदर्श, र प्रतिबद्धता<br>(क) विधिको शासन<br>(ख) सामाजिक न्याय र समानता<br>(ग) सुशासन र पारदर्शिता<br>(घ) योग्यता, दक्षता र कर्मशीलता<br>(ङ) भ्रष्टाचारप्रति शुन्यसहनशीलता<br>(च) प्रत्यक्ष सहभागितामुलक लोकतन्त्र<br>(छ) व्यक्तिगत स्वतन्त्रता र मानव अधिकार | धारा ९ : पार्टीको सिद्धान्त र आदर्श<br>(१) विधिको शासन<br>(२) सामाजिक न्याय सहितको उदार अर्थतन्त्र<br>(३) समता र समानतामुलक समावेसीता<br>(४) बहुलवादमा आधारित पूर्ण लोकतान्त्रीक राज्य व्यवस्था<br>(५) सुशासन र पारदर्शिता सहितको लोककल्याणकारी राज्य<br>(६) योग्यता, दक्षता र कर्मशीलता<br>(७) भ्रष्टाचारप्रति शुन्य सहनशीलता<br>(८) प्रत्यक्ष सहभागितामुलक, समानुपातीक, समावेसी लोकतन्त्र | केही थप गर्नुपर्ने भएकाले |

| | | |
|---|---|---|
| | (९) व्यक्तिगत स्वतन्त्रता र मानव अधिकार | |
| धारा १० : पार्टीको उद्देश्य र कार्यक्रम देहाय बमोजिम हुनेछ : | धारा १० : पार्टीको उद्देश्य | यहाँ उल्लेख भएका बिषयहरु कार्यक्रम नभई उद्देश्य भएकाले |
| १) राजनीतिक सुदृढीकरण अभियानबाट राजनीतिलाई सुसज्जित, सुसंस्कृत र जवाफदेही बनाई सुशासन कमयम गर्ने । | | |
| २) पार्टीको आन्तरिक लोकतन्त्रलाई सुदृढ र प्रत्यक्ष सहभागितामूलक बनाई राज्यमा लोकतान्त्रिक व्यवस्थालाई प्रवर्द्धन गर्ने । | | |
| ३) जनताले महसुस गर्ने गरी दीगो विकास गरी नेपाललाई समृद्ध, विकसित र शान्तिपूर्ण राष्ट्र बनाउने । | | |
| ४) नेपाललाई विश्व शान्ति क्षेत्रको रुपमा स्थापित गराउने । | | |
| ५) गौरवमय नेपाली इतिहास, नेपाली सुसंस्कार राष्ट्रिय स्वाधीनता, राष्ट्रिय अखण्डता, राष्ट्रिय प्रतिष्ठा र नेपालको सर्वभौमिकताको रक्षा एवम् प्रवर्द्धन गर्ने । | | |

| | | |
|---|---|---|
| ६) व्यक्तिगत स्वतन्त्रता, मानवअधिकार, नागरिकको आत्मसम्मान, नागरिक सुरक्षा, नागरिक समृद्धि र समानतालाई व्यवहारमा स्थापित गर्ने । | (६) व्यक्तिगत स्वतन्त्रता, मानवअधिकार, नागरिकको आत्मसम्मान, नागरिक सुरक्षा, नागरिक समृद्धि, समता र समानतालाई व्यवहारमा स्थापित गर्ने । | समता समावेश गर्नु पर्ने भएकाले |
| ७) विकास र वातावरणबीच समुचित सन्तुलन मिलाई सम्पूर्ण वन्यजन्तु, वनस्पति, रुख, वन लगायत प्राकृतिक पर्यावरणीय सम्पदाको संरक्षण गर्दै स्वच्छ र सफा वातावरण बनाउने । | | |
| धारा ११ : पार्टीको निर्देशक सिद्धान्त<br>पार्टीको निर्देशक सिद्धान्त नेपालको संविधानको भाग-४ बमोजिम हुनेछ । | धारा ११ : पार्टीको निर्देशक सिद्धान्त | संविधानको भाग ४ प्रष्ट गर्न विधानमा नै जस्ताको तेस्तै राखिएको |
| | (१) नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वतन्त्रता र स्वाधीनतालाई सर्वोपरि राष्दकै विधिको शासन, नागरिकको जीउ, धन, समानता र स्वतन्त्रताको संरक्षण गरी मौलिक हक तथा मानव अधिकारका मूल्य र मान्यता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको | |

| | | |
|---|---|---|
| | माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्दै लोककल्याणकारी राज्य व्यवस्थाको स्थापना गर्ने, | |
| | (२) धर्म, संस्कृति, संस्कार, प्रथा, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा हुने सबै प्रकारका विभेद, शोषण र अन्यायको अन्त्य गरी सभ्य र समतामूलक समाजको निर्माण गर्ने एवं नेपाली भूमिका मौलिक साँस्कृतिक मूल्यहरूको सम्बर्द्धन र प्रवर्द्धन गर्ने तथा साँस्कृतिक विविधताको सम्मान गर्दै सामाजिक सद्भाव, ऐक्यबद्धता र सामञ्जस्य कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने, | |
| | (३) सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिहरूको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गर्दै शोषणरहित समाजको | |

| | | |
|---|---|---|
| | निर्माण गर्न राष्ट्रिय अर्थतन्त्रलाई आत्मनिर्भर, स्वतन्त्र तथा उन्नतशील बनाउँदै समाजवाद उन्मुख स्वतन्त्र र समृद्ध अर्थतन्त्रको विकास गर्ने, | |
| | (४) नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय हितको रक्षा गर्दै सार्वभौमिकता र समानताका आधारमा अन्तर्राष्ट्रिय सम्बन्ध कायम गरी विश्व समुदायमा राष्ट्रिय सम्मानको अभिवृद्धि गर्नेतर्फ जोड दिइनेछ। | |
| भाग-५<br>पार्टीको सदस्यता, नवीकरण र अभिलेख सम्बन्धी व्यवस्था | भाग-५ | |
| धारा १२ : पार्टीको सदस्य | धारा १२ : | |
| १) नेपालको आवधिक निर्वाचनमा मतदाता नामवलीमा नाम भएको र नभएको आधारमा पार्टी सदस्य दुई प्रकारका हुनेछन्। | १) पार्टीको सदस्य तीन प्रकारका हुनेछन्। | मतदाता नामावलीमा नाम हुने प्रावधान हटाउनु पर्ने भएकाले |

| | | |
|---|---|---|
| (क) प्रारम्भिक सदस्य : मतदाता नामवलीमा नाम नभएकाहरु । | (क) साधारण सदस्य : पार्टीको तोकिएको फारम भरी सदस्यता शुल्क तिरेर पार्टी सदस्य भएकाहरु । | सदस्यताको प्रकार परिवर्तन गरिएकाले |
| (ख) साधारण सदस्य : मतदाता नामवलीमा नाम भएकाहरु । | (ख) सक्रिय सदस्य : साधारण सदस्य भई सक्रिय सदस्यको मापदण्ड पुरा गरेकाहरु । मापदण्डः १. साधारण सदस्यता लिएको ३५ दिन पुरा भएको ।<br>२. पार्टीको विधान, आचारसंहिता, राजनैतिक दस्ताबेज, राजनैतिक प्रतिबेदन अध्ययन गरेको स्वघोषणा ।<br>३. सक्रिय सदस्यको हैसियतमा बार्षिक लेवी तिर्न स्वघोषणा गरेको ।<br>४. पार्टीको विधि प्रक्रियामा आफ्नो कुरा पार्टीमा राख्ने, पार्टी निर्माणमा सकारात्मक पहलकदमी गर्ने र नकारात्मक टिकाटिप्पणी नगर्ने प्रतिबद्धता भएको ।<br>५. सामाजिक संजाल, सार्वजनिक स्थल, भेटघाट, कुराकानी, प्रतिक्रिया दिंदा कँही कतै नकारात्मकता नफैलाउने स्वघोषणा गरेको । | सदस्यताको प्रकार परिवर्तन गरिएकाले |

| | | |
|---|---|---|
| २) केन्द्रीय समितिले मापदण्ड बनाई राष्ट्रको लागि उच्च योगदान पुऱ्याउनुभएका प्रतिष्ठित व्यक्तिलाई पार्टी सदस्यता वा मानार्थ सदस्यता प्रदान गर्न तथा जिम्मेवारी तोक्न सक्नेछ । केन्द्रीय समितिले राष्ट्रको लागि उच्च योगदान पुऱ्याउनु भएका प्रतिष्ठित नेपालीलाई मरणोपरान्त मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ । | (ग) मानार्थ सदस्य : समाज, राष्ट्रको लागि योगदान पुर्याएका प्रतिष्ठित व्यक्तिलाई केन्द्रीय समितिले पार्टीको मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ । | पार्टीका तर्फबाट सम्मान गर्ने व्यवस्थाका लागि । |
| धारा १३ : पार्टी सदस्यको योग्यता | धारा १३ : | |
| भ्रष्टाचारप्रति असहिष्णु, संवैधानिक सर्वोच्चता, विधिको शासन, लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिबद्ध भई पार्टीको सिद्धान्त, नीति, कार्यक्रम र विधानलाई स्वीकार गरी कार्यान्वयन गर्न तत्पर रही पार्टीले तोके बमोजिमको प्रक्रिया पूरा गरेका देहायको योग्यता भएका नेपाली नागरिक पार्टी सदस्य हुन सक्नेछन् । | देहाय बमोजिम योग्यता भएका नेपाली नागरिक पार्टी सदस्य हुन सक्नेछन् । | यस्ता विषय उपधारामा उल्लेख गर्दा राम्रो हुने भएकाले |
| (क) १८ वर्ष उमेर पूरा भएको । | | |
| (ख) नैतिकवान, स्वच्छ चरित्र र असल चालचलन भएको । | (ख) भ्रष्टाचारप्रति असहिष्णु, संवैधानिक सर्वोच्चता, विधिको शासन, लोकतान्त्रिक मूल्य मान्यताप्रति प्रतिबद्ध भई पार्टीको सिद्धान्त, नीति, कार्यक्रम र विधानलाई स्वीकार गरी कार्यान्वयन गर्न तत्पर रही पार्टीले तोके बमोजिमको प्रक्रिया पूरा गरेका, | माथिको प्रावधानलाई समेत मिलाएर प्रष्ट गर्नुपर्ने भएकाले |

| | | |
|---|---|---|
| | नैतिकवान, स्वच्छ चरित्र र असल चालचलन भएको । | |
| (ग) मानसिक सन्तुलन नगुमेको । | (ग) मानसिक सन्तुलन ठिक भएको । | सकारात्मक बनाइएको । |
| (घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचविखन तथा ओसार प्रसार, लागु औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, अपहरण सम्बन्धी कसूर, हत्या सम्बन्धी कसूर वा नैतिक पतन देखिने अभियोगमा सजाय पाएकोमा बाहेक अन्य फौजदारी कसूरमा सजाय भुक्तान गरेको १ वर्षभन्दा बढी अवधि पूरा गरेको । | (घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचविखन तथा ओसार प्रसार, लागु औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, अपहरण सम्बन्धी कसूर, हत्या सम्बन्धी कसूर वा नैतिक पतन देखिने अभियोगमा सजाय पाएको हुन नहुने । यस भन्दा बाहेक अन्य फौजदारी कसूरमा सजाय भुक्तान गरेको १ वर्षभन्दा बढी अवधि पूरा गरेको हुनु पर्ने । | थप प्रष्ट गर्नु पर्ने भएकाले |
| (ङ) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको स्वशासित संस्थाको बहालवाला प्राध्यापक, शिक्षक वा कर्मचारीको पदमा बहाल नरहेको । | | |
| (च) प्रचलित कानुनले राजनीतिक दलको सदस्य हुन अयोग्य नठहरिएको । | | |
| (छ) अन्य राजनीतिक पार्टीको सदस्य नभएको वा सदस्यता त्याग गरेको । | | |
| धारा १४ : पार्टी सदस्यताको समाप्ति | धारा १४ : | |

| | | |
|---|---|---|
| देहायको अवस्थामा पार्टीको सदस्य भएका व्यक्तिको सदस्यता समाप्त हुनेछ : | | |
| (क) सदस्यको मृत्यु भएमा । | | |
| (ख) धारा १३ बमोजिम पार्टी सदस्यताको लागि आवश्यक योग्यता कायम नरहेमा । | | |
| (ग) पार्टीले अनुशासन सम्बन्धी कारवाही गरी सदस्यबाट हटाएमा । | | |
| (घ) स्वेच्छाले पार्टी सदस्यता त्याग गरेको लिखित सूचना दिएमा । | | |
| (ङ)अन्य पार्टीको सदस्यता प्राप्त गरेमा । | | |
| (च) सदस्यता नवीकरण नगरेमा । | | |
| धारा १५ : सदस्यता वितरण प्रक्रिया | धारा १५ : | |
| नियमावलीमा तोकिए बमोजिम सदस्यता आवेदन फारम, तोकिएको शुल्क र आवश्यक कागजातसहित कार्यालयमा बुझाई (अनलाइन, हुलाक वा स्वयम् कार्यालयमा उपस्थित भई) सदस्यताको लागि योग्यता पुगेका नेपाली नागरिकले निवेदन दिनुपर्नेछ । उक्त निवेदन उपर जाँचबुझ गरी विधान र नियमावली बमोजिम योग्य ठहरिएमा पालिका | | |

| | | |
|---|---|---|
| समिति, प्रदेश समिति वा केन्द्रीय समितिले सदस्यता प्रदान गर्नेछ । | | |
| धारा १६ : सदस्यताको अभिलेख | धारा १६ : | |
| पालिका समिति, प्रदेश समिति वा केन्द्रीय समितिले धारा १५ बमोजिम सदस्यता प्रदान गरेपछि केन्द्रीय निर्वाचन आयोगलाई अभिलेखीकरणका लागि जानकारी गराइनेछ । पार्टी सदस्यताको अभिलेख केन्द्रीय निर्वाचन आयोगले राख्नेछ । यसरी राखिएको अभिलेख आवश्यकता अनुसार सम्बन्धित तहका निकायहरुलाई उपलब्ध गराइनेछ । | पार्टी सदस्यको अभिलेखीकरण केन्द्रीय संगठन विभागले राखी आवश्यकता अनुसार केन्द्रीय निर्वाचन आयोग तथा संगठनका सम्बन्धित तहगत निकायहरुलाई डिजिटल फरम्याटमा वा कुनै माध्यमबाट उपलब्ध गराउन सक्नेछ । | जिम्मेवारी हेरफेर गर्नुपर्ने भएकाले |
| धारा १७ : सदस्यता शुल्क र नवीकरण | धारा १७ : | |
| सदस्यता तथा नवीकरण शुल्क नियमावलीमा तोकिए बमोजिम हुनेछ । | | |
| धारा १८ : पार्टी सदस्यको अधिकार र कर्तव्य | धारा १८: | |
| पार्टी सदस्यका अधिकार र कर्तव्य देहाय बमोजिम हुनेछन् : | | |
| १) पार्टी समिति, निकाय, विभाग वा तोकिएको संयन्त्रमा संगठित भई कार्य गर्ने । | | |

| | | |
|---|---|---|
| २) तोकिए बमोजिम बैठक, भेला, अधिवेशन र महाधिवेशनमा चुन्ने, चुनिने र सम्बन्धित समिति, निकाय, विभाग वा तोकिएको संयन्त्रमा आफ्नो मत जाहेर गर्ने । | | |
| ३) तोकिए बमोजिम पार्टी निर्णयप्रति आफ्नो सहमति, असहमतिको मत दिने । | | |
| ४) पार्टीका साधारण सदस्यलाई पार्टीको प्रारम्भिक चुनावमा आफू सम्बन्धित निर्वाचन क्षेत्रमा मतदान गरी पार्टीको तर्फबाट स्थानीय निकाय प्रदेश संसद, संघीय संसदको चुनावको उम्मेदवार छान्न पाउने अधिकार हुनेछ । | ४) पार्टीका सदस्यलाई पार्टीको प्रारम्भिक निर्वाचनमा मताधिकार हुनेछ । | सदस्यको प्रकार हेरफेर भएकाले |
| ५) राष्ट्र र पार्टीप्रति इमान्दार रही दलको विधान, नीति र कार्यक्रमप्रति प्रतिबद्ध रही भ्रष्टाचारमुक्त, सुसमृद्ध राष्ट्र निर्माणमा योगदान गर्ने । | (५) पार्टीप्रति इमान्दार रही पार्टीका आधिकारिक दस्तावेजहरु (विधान, नीति, नियमावली, आचारसंहिता, कार्यविधि आदि) को अध्ययन गरी सुसूचित हुने एवं अनुशरण गर्ने साथै भ्रष्टाचारमुक्त, सुसमृद्ध राष्ट्र निर्माणमा योगदान गर्ने । | थप प्रष्ट गर्नुपर्ने भएकाले |
| ६) पार्टीका विचार, विधान वा राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरका मुद्दामा विचार वा एजेण्डा राख्ने। | | |
| ७) पार्टी प्रदत्त आन्तरिक लोकतन्त्रको अधिकारलाई प्रयोग गर्दै पार्टीले गरेका कुनै पनि प्रकारको सजायको प्रतिवाद, सुनवाई र पुनरावेदनको अधिकारको उपयोग गर्ने । | | |

| | | |
|---|---|---|
| ८) पार्टीको निर्णय, निर्देशन र कार्यक्रमको अध्ययन गरेर प्रचार, प्रसार, कार्यान्वयन तथा सम्बन्धित समिति, विभाग वा संयन्त्रमा सल्लाह, सुझाव दिने । | ८) पार्टीको निर्णय, निर्देशन र कार्यक्रम लगाएतका दस्तावेजहरु अध्ययन गरी सुसूचित हुने एवं अनुशरण गर्ने साथै शुभचिन्तक तथा अन्य व्यक्तिलाई जानकारी गराउने । | भाषा तथा अर्थ नमिलेकोले मिलाउनु पर्ने भएकाले |
| ९) पार्टी सदस्यताको नियमित रुपमा नवीकरण गर्ने र पार्टीको कार्यक्रमहरुमा सक्रिय भई जिज्ञासा, अवलोकन, सल्लाह, सुझाव र रचनात्मक आलोचना गर्ने । | | |
| धारा १९ : सदस्यता पुनः प्राप्ति | धारा १९ : | |
| पार्टीले गरेको अनुशासन कारवाहीमा परी पार्टीको सदस्यता समाप्त भएको व्यक्तिले केन्द्रीय समितिको निर्णय बमोजिम पुनः पार्टी सदस्यता प्राप्त गर्न सक्नेछ । | | |
| भाग-६<br>पार्टीको संगठनात्मक संरचना | भाग-६ | |
| धारा २० : केन्द्रीय तह | धारा २० : | |
| केन्द्रीय तहमा देहायका संरचना हुनेछन् : | | |
| | (१) राष्ट्रिय महाधिवेशन | महाधिवेशन पार्टीको संरचना हुने भएकाले |

⁂⁂⁂

| | | |
|---|---|---|
| (क) केन्द्रीय परिषद् | (२) केन्द्रीय परिषद् | |
| (ख) केन्द्रीय समिति (केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति, संसदीय कार्यकारिणी समिति, पार्टी सचिवालय, विवाद समाधान समिति, पुनरावेदन समिति ) | (३) केन्द्रीय समिति (केन्द्रीय समिति, केन्द्रीय पदाधिकारी, पार्टी सचिवालय) | केही संरचनाको प्रावधान हटाईएकाले |
| (ग) संघीय संसदीय दल | हटाएको | पार्टी संरचनामा अन्यत्र रहेकाले |
| (घ) केन्द्रीय अनुशासन आयोग | (४) केन्द्रीय अनुशासन आयोग | उपधारा संख्यामा राख्नुपर्ने भएकाले |
| (ङ) केन्द्रीय निर्वाचन आयोग | (५) केन्द्रीय निर्वाचन आयोग | उपधारा संख्यामा राख्नुपर्ने भएकाले |
| (च) केन्द्रीय लेखा आयोग | (६) केन्द्रीय लेखा आयोग | उपधारा संख्यामा राख्नुपर्ने भएकाले |

| | | |
|---|---|---|
| (छ) केन्द्रीय सल्लाहकार परिषद् | (७) केन्द्रीय सल्लाहकार परिषद् | उपधारा संख्यामा राख्नुपर्ने भएकाले |
| | (८) केन्द्रीय विभागहरु | थप गर्नुपर्ने भएकाले |
| धारा २१ : प्रदेश तह | धारा २१ : | |
| प्रदेश तहमा देहायका संरचना हुनेछन् : | | |
| | (१) प्रदेश अधिवेशन | अधिवेशन पार्टीको संरचना भएकाले |
| (क) प्रदेश परिषद् | (२) प्रदेश परिषद् | उपधारा संख्यामा राख्नुपर्ने भएकोल |
| (ख) प्रदेश कार्यसम्पादन समिति | (३) प्रदेश समिति (प्रदेश समिति, प्रदेश पदाधिकारी, प्रदेश सचिवालय) | प्रावधान थप गरिएकाले |
| (ग) प्रदेश अनुशासन आयोग | (४) प्रदेश अनुशासन आयोग | उपधारा संख्यामा |

| | | |
|---|---|---|
| | | राख्नुपर्ने भएकाले |
| (घ) प्रदेश लेखा आयोग | (५) प्रदेश लेखा आयोग | उपधारा संख्यामा राख्नुपर्ने भएकाले |
| | (६) प्रदेश विभागहरु | थप गर्नुपर्ने भएकाले |
| (ङ)जिल्ला परिषद् | हटाउने | स्थानीय तहमा राखिएकाले |
| (च) जिल्ला कार्यसम्पादन समिति | हटाउने | स्थानीय तहमा राखिएकाले |
| (छ) जिल्ला अनुशासन आयोग | हटाउने | स्थानीय तहमा राखिएकाले |
| धारा २२ : स्थानीय तह | धारा २२ : | |
| स्थानीय तहमा देहायका संरचना हुनेछन् : | | |

| | | |
|---|---|---|
| | (१) जिल्ला अधिवेशन | अधिवेशन पार्टीको संरचना भएकाले |
| | (२) जिल्ला परिषद | स्थानीय तहमा राखिएकाले |
| | (३) जिल्ला समिति (जिल्ला समिति, जिल्ला पदाधिकारी, जिल्ला सचिवालय, निर्वाचन क्षेत्र समिति) | स्थानीय तहमा राखिएकाले |
| | (४)जिल्ला अनुशासन आयोग | |
| (क) निर्वाचन क्षेत्र परिषद् | हटाउने | आवश्यक नदेखिएकाले |
| | (५) पालिका अधिवेशन | अधिवेशन पार्टीको संरचना भएकाले |
| (ख) पालिका परिषद् | (६)पालिका परिषद् | उपधारा संख्यामा |

| | | |
|---|---|---|
| | | राख्नुपर्ने भएकाले |
| (ग) पालिका समिति | (७ पालिका समिति | उपधारा संख्यामा राख्नुपर्ने भएकाले |
| | (८) वडा अधिवेशन | अधिवेशन पार्टीको संरचना भएकाले |
| (घ) वडा परिषद् | (९) वडा परिषद् | उपधारा संख्यामा राख्नुपर्ने भएकाले |
| (ङ)वडा समिति | (१०) वडा समिति | उपधारा संख्यामा राख्नुपर्ने भएकाले |
| (च) उम्मेदवार क्लब | हटाउने | पार्टीको संरचना नभएकाले |

| | | |
|---|---|---|
| भाग-७<br>केन्द्रीय परिषद्, केन्द्रीय समिति, कार्यकारिणी समिति तथा पार्टी सचिवालय | भाग-७<br>केन्द्रीय परिषद्, केन्द्रीय समिति तथा पार्टी सचिवालय | कार्यकारीणी समिति हटाएकाले |
| | धारा २३ :<br>१) केन्द्रीय महाधिवेशन<br>केन्द्रीय महाधिवेशन पार्टीको सर्वोच्च निकाय हुनेछ । | महाधिवेशन पार्टी संरचनामा राखिएकाले |
| धारा २३ : केन्द्रीय परिषद् | २) केन्द्रीय परिषद् | उपधारा मिलाउनु पर्ने भएकाले |
| १) केन्द्रीय परिषद् पार्टीको सर्वोच्च निकाय हुनेछ र यसको गठन देहाय बमोजिम हुनेछ । | १) केन्द्रीय परिषद् पार्टीको महाधिवेशन पछिको निकाय हुनेछ र यसको गठन देहाय बमोजिम हुनेछ । | सर्वोच्च निकाय महाधिवेशन भएकाले |
| (क) केन्द्रीय समितिका सबै पदाधिकारी तथा सदस्यहरु, | | |
| (ख) केन्द्रीय अनुशासन आयोगका सबै | | |

| | | |
|---|---|---|
| (ग)  केन्द्रीय लेखा आयोगका सबै, | | |
| (घ)  केन्द्रीय निर्वाचन आयोगका सबै, | | |
| (ङ)केन्द्रीय विभागीय प्रमुख सहित प्रति विभाग ५ जना, | | |
| (च)  केन्द्रीय सल्लाहकारहरु, | | |
| (छ)  प्रदेश कार्यसम्पादन समितिका सबै पदाधिकारी तथा सदस्यहरु, | | |
| (ज)  महानगर, उपमहानगर र प्रदेश राजधानी रहेका पालिकाका पालिका सभापतिहरु र पालिका प्रमुख, उपप्रमुखका रुपमा पार्टीको तर्फबाट निर्वाचित जनप्रतिनिधि सबै, | (च) महानगर, उपमहानगर र प्रदेश राजधानी रहेका पालिकाका पालिका सभापतिहरु र पार्टीको तर्फबाट निर्वाचित प्रतिनिधि सभा सदस्य, प्रदेश सभा, साथै पालिका प्रमुख, उपप्रमुखका रुपमा पार्टीको तर्फबाट निर्वाचित जनप्रतिनिधि सबै | निर्वाचित जनप्रतिनिधी थप गरिएकाले |
| (ञ)  केन्द्रीय च्याटबाट संयोजक सहित ५ जना, | | |
| (ट)परिषद्का सबै सदस्य अनिवार्य रुपमा पार्टीको केन्द्रीय पोर्टलबाट सदस्यता लिएको हुनपर्नेछ। | हटाउने | आवश्यक नभएकाले |
| (ठ)देहायको अवस्थामा केन्द्रीय परिषद् सदस्यको स्थान रिक्त हुनेछ : | हटाउने | पद रिक्त हुने धारा अनुसार नै हुने भएकाले |
| (अ)  निजले राजीनामा दिएमा, | | |

| | | |
|---|---|---|
| (आ) विधान बमोजिम पार्टी सदस्यता समाप्त हुन गएमा, | | |
| (इ)निजको मृत्यु भएमा, | | |
| (ई)अनुशासनात्मक कारवाही गरी बर्खास्त भएमा, | | |
| (उ) जुन आधारमा नियुक्ति वा चयन भएको हो सो आधार नरहेमा | | |
| (ड) पार्टी सभापति, उपसभापति, महामन्त्री लगायत पार्टीका पदाधिकारीहरु केन्द्रीय परिषद्को पनि सभापति, उपसभापति, महामन्त्री लगायत पार्टीका पदाधिकारीको जिम्मेवारी निर्वाह गर्नेछन् । | | |
| (ढ)केन्द्रीय परिषद्को कार्यकाल केन्द्रीय समिति सरह हुनेछ । | (ढ) केन्द्रीय परिषद्को कार्यकाल केन्द्रीय समिति सरह हुनेछ। ५ बर्षको अवधिमा कम्तिमा एक परिषद बस्नेछ । | परिषदको संख्या तोक्न पर्ने भएकाले |
| २) केन्द्रीय परिषद्को काम कर्तव्य र अधिकार | | |
| केन्द्रीय परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ । | | |
| (क) केन्द्रीय समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने । | | |

| | | |
|---|---|---|
| (ख) केन्द्रीय समितिले आवश्यक ठानी राजनीतिक प्रतिवेदन, संगठनात्मक प्रस्ताव, आर्थिक प्रतिवेदन र विधान संशोधन प्रस्ताव प्रस्तुत गरेमा छलफल गरी पारित गर्ने । | (ख) पार्टीको राजनीतिक प्रतिवेदन, संगठनात्मक प्रस्ताव, आर्थिक प्रतिवेदन र विधान संशोधन जस्ता केन्द्रीय समितिको प्रस्तावमा छलफल गरी पारित गर्न परिषदको राष्ट्रिय भेला, बैठक, सम्मेलन वा सभा गर्ने । | थप गर्नुपर्ने भएकाले |
| (ग) केन्द्रीय परिषद्का सदस्यहरुको कार्य विभाजन गर्ने । | | |
| (घ) केन्द्रीय समितिले पेश गरेका प्रस्तावहरु उपर छलफल तथा आवश्यक निर्णय गर्ने । | | |
| (ङ)केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा आयोग र केन्द्रीय निर्वाचन आयोगका प्रतिवेदनहरुमाथि छलफल गरी पारित गर्ने । | | |
| | (च) केन्द्रीय समितिमा रिक्त रहन गएको निर्वाचित सदस्यहरुको बाँकी अवधिको पदपूर्ति गर्ने । | पदपूर्तिको जिम्मेवारी प्रावधान राख्नुपर्ने भएकाले । |
| (च) विधानले तोकेबमोजिम अन्य कार्यहरु गर्ने । | | |
| धारा २४ : केन्द्रीय समिति | धारा २४ : | |

| | | |
|---|---|---|
| १) केन्द्रीय समिति पार्टीको केन्द्रीय परिषद्पछिको सर्वोच्च कार्यकारी निकाय हुनेछ र यो केन्द्रीय परिषद्प्रति उत्तरदायी हुनेछ र यसको गठन देहाय बमोजिम हुनेछ । | (१) १२१ सदस्यीय केन्द्रीय समिति रहनेछ। यो समिति राष्ट्रिय महाअधिवेशन तथा केन्द्रीय परिषद प्रति उत्तरदायी हुनेछ । | संख्या एकिन गर्ने तथा महाधिवेशन पार्टी संरचनामा राखिएकाले । |
| | बैकल्पिक प्रस्ताव १<br>(१) १४९ सदस्यीय केन्द्रीय समिति रहनेछ । यो समिति राष्ट्रिय महाअधिवेशन तथा केन्द्रीय परिषदप्रति उत्तरदायी हुनेछ। मनोनीति २१ जना | |
| | बैकल्पिक प्रस्ताव २<br>(१) १९९ सदस्यीय केन्द्रीय समिति रहनेछ । यो समिति राष्ट्रिय महाअधिवेशन तथा केन्द्रीय परिषदप्रति उत्तरदायी हुनेछ। मनोनीति २५ जना | |
| (क) देहाय बमोजिम सदस्य रहेको केन्द्रीय समितिमा गठन हुनेछ : | (२) केन्द्रीय समितिको गठन | भाषा मिलाउनु पर्ने भएकाले |

| | | |
|---|---|---|
| (अ) राष्ट्रिय महाधिवेशनको पहिलो चरणमा निर्वाचित पार्टी सभापति १ जना, | (क) राष्ट्रिय महाधिवेशनबाट पार्टी सभापति १ जना र ९९ जना सदस्यहरू, (प्रत्येक प्रदेशबाट दुई महिला सहित ५ जनाको दरले जम्मा ३५ जना र अन्य समावेसी सिद्धान्त अनुकुल हुने गरी ६४ जना) निर्वाचित गर्ने छ। | महाधिवेशन एकै चरणमा हुने भएको साथै स्पष्ट गर्नु पर्ने भएकाले |
| (आ) राष्ट्रिय महाधिवेशनको पहिलो चरणबाट ५० जना र दोश्रो चरणबाट ५० जना गरी निर्वाचित १०० जना सदस्यहरु, | (ख)सभापतिबाट मनोनीत बढिमा २१ जना हुनेछ। | महाधिवेशन एकै चरणमा हुने भएको साथै स्पष्ट गर्नु पर्ने भएकाले |
| (इ) पार्टीका तर्फबाट निर्वाचित संघीय सांसदहरु, | हटाउने | पदेन हटाईएकाले |
| (ई) पार्टीका प्रदेश प्रमुखहरु सबै र | (ग) प्रदेश सभापति स्थायी आमन्त्रीत सदस्य रहेनछ। | पदेन हटाईएकाले |
| (उ) पार्टी सभापतिबाट राष्ट्रिय महाधिवेशनको पहिलो चरणपछि पार्टी सदस्यहरुमध्येबाट मनोनीत गरिने १० जना र दोश्रो चरणपछि पार्टी सदस्यहरुमध्येबाट मनोनीत गरिने १० जना गरी मनोनीत २० जना सदस्यहरु। | | महाधिवेशन एकै चरणमा हुने भएको साथै स्पष्ट |

| | | |
|---|---|---|
| | | गर्नु पर्ने भएकाले |
| (ख) उपधारा १(आ) र (उ) बमोजिमका केन्द्रीय समिति सदस्यहरुमध्ये कम्तीमा एक तिहाई महिला हुनेछ र कम्तीमा ६१ जना युवा हुनेछ । | (३) केन्द्रीय समिति सदस्यहरुमध्ये कम्तीमा एक तिहाई महिला हुनेछ र युवालाई प्राथमीकतामा राखीनेछ । | युवा समावेशीता परिवर्तन गर्नुपर्ने भएकाले |
| (ग) उपधारा १(इ) र (ई) बमोजिमका केन्द्रीय समिति सदस्यहरुले पार्टी विभाजनका बेला केन्द्रीय समिति सदस्यको रुपमा मतदान गर्न पाउने छैनन् । उपधारा १ (इ) बमोजिमका केन्द्रीय समिति सदस्यहरुले पार्टी विभाजनका बेला संसदीय दलका सदस्यका रूपमा मात्र मतदान गर्न पाउनेछन् तर केन्द्रीय समिति सदस्यको रुपमा मतदान गर्न पाउने छैनन् । | हटाउने | पदेन हटाएकाले |
| (घ) पार्टी सभापतिको निर्वाचनमा विजयी उम्मेदवारले कूल सदर मतको (५०%+१) प्रतिशतको संख्यामा मत ल्याउनुपर्नेछ । अन्यथा बढी मत ल्याउने बीच पुनः निर्वाचन हुनेछ । पार्टी जीवनमा एक पटक केन्द्रीय समिति सदस्य भइसकेका १० जना पार्टी सदस्य प्रस्तावक | | |

| | | |
|---|---|---|
| र समर्थक रहि पार्टी सभापतिमा पार्टीको सदस्य (कुनै पनि जिम्मेवारीमा रहेको वा नरहेका)ले उम्मेदवारी दिनसक्नेछन् । | | |
| (ङ)पार्टी सभापति निर्वाचनमा १०% मत कटाउने उम्मेदवार स्वतः केन्द्रीय समिति सदस्य हुनेछ र यसलाई निर्वाचित केन्द्रीय सदस्यको रूपमा गणना गर्नुपर्ने हुन्छ । यसरी जति जना सदस्य निर्वाचित हुन्छन्, ती सदस्य मनोनीत गर्न पर्ने संख्याबाट घटाइनेछ । उदाहरणका लागि सभापति बाहेक थप २ जनाले १०% मत कटाए, पहिलो चरणपछि ८ जना मात्र सभापतिले मनोनीत गर्नेछन् । | (ङ) पार्टी सभापति निर्वाचनको अन्तिम चरणको निर्वाचनमा १०% मत कटाउने उम्मेदवार मनोनीत कोटामा मिलान हुने गरी स्वतः केन्द्रीय समिति सदस्य हुनेछ र यसलाई राष्ट्रिय महाधिवेशनबाट निर्वाचित केन्द्रीय सदस्यको रूपमा गणना गरिनेछ । | महाधिवेशन एकै चरणमा हुने र भाषमा केही सुधार गर्नुपर्ने भएकाले |
| (च) केन्द्रीय समितिमा नेपालको विविधता प्रतिबिम्बित हुने गरी समावेशीकरण गरिनेछ । | (च) केन्द्रीय समिति तथा पदाधिकारीमा नेपालको विविधता प्रतिबिम्बित हुने गरी समावेशीकरण गरिनेछ । | पदाधिकारीमा पनि समावेसीतालाई थप प्रष्ट गरिएकाले |
| (छ) देहायको अवस्थामा केन्द्रीय समिति सदस्यको स्थान रिक्त हुनेछ : | हटाउने | पद रिक्त हुने धाराले नै समेट्ने भएकाले |
| (अ) निजले राजीनामा दिएमा, | | |
| (आ) विधान बमोजिम पार्टी सदस्यता समाप्त हुन गएमा, | | |

| | | |
|---|---|---|
| (इ) निजको मृत्यु भएमा, | | |
| (ई) अनुशासनात्मक कारवाही गरी बर्खास्त भएमा, | | |
| (उ) जुन आधारमा नियुक्ति वा चयन भएको हो सो आधार नरहेमा । | | |
| (ज) मनोनीत केन्द्रीय समितिको सदस्यको पद आवश्यकता बमोजिम सभापतिले खारेज गर्न सक्नेछन् र उक्त रिक्त पद पार्टी सदस्यहरुमध्येबाट सभापतिको मनोनयनद्वारा पूर्ति गरिनेछ । | (ज) मनोनीत केन्द्रीय समितिको सदस्यलाई सभापतिले पदमुक्त गर्न सक्नेछ र उक्त रिक्त पदमा पार्टी सदस्यहरुमध्येबाट सभापतिले मनोनयन गरी पद पूर्ति गर्न सक्नेछ । | भाषा मिलाउनु पर्ने भएकाले |
| (झ) केन्द्रीय समिति सदस्यहरुको कार्यकाल ५ वर्षको हुनेछ । राष्ट्रिय महाधिवेशनको पहिलो चरणबाट निर्वाचित ५० जनाको अर्को राष्ट्रिय महाधिवेशनको पहिलो चरणसम्म मात्र कार्यकाल रहने छ भने दोश्रो चरणबाट निर्वाचित ५० जनाको अर्को राष्ट्रिय महाधिवेशनको दोश्रो चरणसम्म मात्र कार्यकाल रहनेछ । | (झ)केन्द्रीय समिति सदस्यहरुको कार्यकाल ५ वर्षको हुनेछ । | महाधिवेशन एकै चरणमा हुने भएकाले मिलाईएको । |
| (ञ) पार्टी सभापतिको प्रस्तावमा केन्द्रीय समितिले उपधारा १(आ) र (इ) बमोजिमका केन्द्रीय समिति सदस्यहरुमध्येबाट पार्टीका पदाधिकारीहरू (पार्टी उपसभापति, पार्टी महामन्त्री, पार्टी सहमहामन्त्री, पार्टी कोषाध्यक्ष, पार्टी सहकोषाध्यक्ष, पार्टी प्रवक्ता, पार्टी | फरक फरक अवधारणा आएको | फरक अवधारण आएकाले यसलाई |

| | | |
|---|---|---|
| सहप्रवक्ता, आदि) आवश्यकता अनुसारको संख्यामा मनोनीत गर्नेछ । | | अनुसुचिमा राखिएको छ । |
| २) केन्द्रीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ : | | |
| (क) केन्द्रीय परिषद्को निर्णय कार्यान्वयन गर्ने, गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने | (क) राष्ट्रिय महाधिवेशन र केन्द्रीय परिषद्को निर्णय कार्यान्वयन गर्ने, गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने | महाधिवेशनलाई संरचनामा थप गरिएकाले |
| (ख)दुई केन्द्रीय परिषद्का बैठक बीच आवश्यक निर्णयहरु गर्ने र पछि हुने केन्द्रीय परिषद्को बैठकमा पेश गर्ने । यस बीचमा समग्र पार्टीको नेतृत्व गर्ने । | हटाइएको | परिषदको बैठक नहुने भएकाले |
| (ग) राष्ट्रिय, अन्तर्राष्ट्रिय परिस्थितिमा पार्टीको दृष्टिकोण र नीति, कार्यक्रम तथा विचार तय गर्ने। राजनीतिक तथा संगठनात्मक विषयमा आवश्यकता अनुसार निर्णय गर्ने । नेपालको संविधान र प्रचलित कानुन बमोजिम पार्टीले गर्ने भनी उल्लेख भएको कार्य गर्ने । | | |
| (घ) संघीय संसद, प्रदेश सभा र स्थानीय तहको निर्वाचनमा पार्टीको घोषणापत्र, नीति, कार्यक्रम तयार गर्ने र निर्वाचनका लागि पार्टीका सम्पूर्ण निकायलाई परिचालन गर्ने । | | |

| | | |
|---|---|---|
| (ङ)विधानमा निर्धारण गरिए बमोजिम समिति, विभाग, आयोग, कार्यदल तथा अन्य आवश्यक संयन्त्र गठन गर्ने र तिनको काम, कर्तव्य र अधिकार निर्धारण गर्ने । पार्टीका समिति, विभाग, आयोग, कार्यदल र अन्य संयन्त्रबीच आवश्यक समन्वय र संयोजन गर्ने । | | |
| (च) पार्टीका समिति, विभाग, आयोग, कार्यदल तथा अन्य संयन्त्रका निर्णयहरुलाई आवश्यक संशोधन र सुझाव सहित अनुमोदन गर्ने । | | |
| (छ) आवश्यकता अनुसार केन्द्रीय समितिका सदस्यहरुको कार्य विभाजन गर्ने । | | |
| (ज) राष्ट्रको भौतिक तथा मानवीय विकास, उत्पादनमा वृद्धि, जनताको जीविकोपार्जनमा सहजता, जनचेतना अभिवृद्धि र सामाजिक न्यायका लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने । राष्ट्र र राष्ट्रियता, संवैधानिक सर्वोच्चता, जनजीविका र जन हितको रक्षाका लागि जनपरिचालन गर्ने र आवश्यकता अनुसार आन्दोलन लगायत अन्य कार्य सञ्चालन गर्ने । पार्टीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यकता अनुसार अभियान घोषणा गर्ने र कार्यान्वयन गर्ने, गराउने । | | |
| (झ) विधान बमोजिम राष्ट्रिय महाधिवेशन र केन्द्रीय परिषद्को बैठकको आयोजना गर्ने । | (झ)विधान बमोजिम राष्ट्रिय महाधिवेशन र केन्द्रीय परिषद्को आयोजना गर्ने । | परिषद्को बैठक नभनिने |

| | | |
|---|---|---|
| | | भएकाले भाषा मिलाइएको |
| (ञ) पार्टीको आवश्यकता अनुसार पाठ्य पुस्तक तथा प्रचार सामाग्री प्रकाशन गर्ने । | | |
| (ट) अन्तर्राष्ट्रिय क्षेत्रमा पार्टीको सम्बन्ध स्थापना, विस्तार गर्ने । | | |
| (ठ) विधान बमोजिम अनुशासन पालना गर्ने, गराउने र तदनुरुप सदस्यताको खारेजी, निलम्बन वा अन्य कारवाही गर्ने, गराउने र पार्टीको अनुशासन पालना नगर्ने समिति, विभाग, आयोग वा कुनै पनि संयन्त्रलाई विघटन गर्ने। | | |
| (ड) पार्टीको आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति स्रोत पहिचान, संकलन र परिचालनका लागि आवश्यक काम गर्ने । | | |
| (ढ)पार्टी कार्यालयलाई पार्टीको प्रशासनिक एवम दैनिक काम कारवाही सञ्चालनका लागि आवश्यक निर्देशन दिने । | | |
| (ण) यस विधानमा केन्द्रीय समितिले गर्ने भनी उल्लेख भएका कार्य गर्ने । विधान कार्यान्वयन गर्न आवश्यक नियामावली बनाउने । पार्टीका अन्य संयन्त्र वा निकायको अधिकार भनि नतोकिएको र प्रचलित कानुनमा पार्टीले गर्ने भनिएको सबै काम गर्ने । | | |

| | | |
|---|---|---|
| ३) पार्टीका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार | | |
| (१) पार्टी सभापतिको काम, कर्तव्य र अधिकार | | |
| (क) पार्टीको समग्र नेतृत्व गर्ने । पार्टीका प्रमुख नेता, प्रमुख प्रवक्ता र प्रमुख पधादिकारीको हकमा वैचारिक तथा राजनीतिक विषयमा पार्टीको आधिकारिक दृष्टिकोण सार्वजनिक गर्ने । | | |
| (ख) केन्द्रीय परिषद्, केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति समिति र पार्टी सचिवालय बैठकको सभापतित्व गर्ने र निर्णयहरुको कार्यान्वयनमा नेतृत्व गर्ने । | (ख) केन्द्रीय समिति, पदाधिकारी बैठक र पार्टी सचिवालय बैठकको सभापतित्व गर्ने र निर्णयहरुको कार्यान्वयनमा नेतृत्व गर्ने । | कार्यकासीणी समिति हटाईएकाले |
| (ग) पार्टी पदाधिकारीहरुको कार्यविभाजन हेरफेर गर्ने र आवश्यक परेमा पार्टी पदाधिकारी पनि हेरफेर गर्ने । | (ग) पार्टी पदाधिकारीहरुको कार्यविभाजन हेरफेर गर्ने र आवश्यक परेमा मनोनित पार्टी पदाधिकारी पनि हेरफेर गर्ने । | निर्वाचित पदाधिकारीलाई हेरफेर गर्न नमिल्ने भएकाले |
| (घ) पार्टीको आदर्श, सिद्धान्त र मर्यादालाई उच्च राख्ने र राख्न लगाउने तथा पार्टीलाई सबल र सक्षम संगठनको रुपमा सञ्चालन गर्न नेतृत्व प्रदान गर्ने । | | |
| (ङ)पार्टीको तर्फबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा आवश्यक प्रतिनिधित्व गर्ने, गराउने। | | |

| | | |
|---|---|---|
| (च) पार्टीका अगाडि तत्काल परिआएका कार्यहरु गर्ने र त्यसको जानकारी केन्द्रीय समितिलाई दिने । | | |
| (छ) पार्टीका समिति, विभाग, आयोग तथा संयन्त्रहरुद्वारा भएका निर्णय कार्यान्वयन भए नभएको रेखदेख गर्ने, गराउने । | | |
| (ज) पार्टीको केन्द्रीय स्तरका समिति, विभाग, आयोग तथा संयन्त्रका प्रमुख, पदाधिकारी र सदस्यको नियुक्ति मनोनयन तथा हेरफेर गर्ने तर विधानमा यस्ता नियुक्ति मनोनयन तथा हेरफेर पार्टीको अन्य निकाय वा समितिलाई भए सो निकाय वा समितिले नै त्यस्तो नियुक्ति मनोनयनको हेरफेर गर्नेछ । | | |
| (झ) सभापति आफू विदेश गएको अवस्थामा वा आवश्यकता अनुसार उपसभापतिलाई कार्यवाहक सभापति तोक्नेछ । | | |
| (ञ) पार्टीको केन्द्रीय परिषद्, केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति समिति र पार्टी सचिवालयको बैठक बोलाउने । | (ञ) केन्द्रीय समिति, पदाधिकारी बैठक र पार्टी सचिवालयको बैठक बोलाउने । | कार्यकारिणी समिति हटाईएकाले |
| (ट)केन्द्रीय परिषद्, केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति समिति र पार्टी सचिवालयको बैठकले तोके बमोजिम अन्य अधिकार हुनेछ । | (ट) केन्द्रीय परिषद्, केन्द्रीय समिति, पदाधिकारी बैठक र पार्टी सचिवालयको बैठकले तोके बमोजिम अन्य अधिकार हुनेछ । | कार्यकारिणी समिति हटाईएकाले |

| | | |
|---|---|---|
| (२) पार्टी उपसभापतिको काम, कर्तव्य र अधिकार | | |
| (क) सभापतिको कार्यमा आवश्यक सहयोग गर्ने । | | |
| (ख) सभापतिले प्रत्यायोजन गरेको कार्य गर्ने । | | |
| (ग) केन्द्रीय परिषद्, केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति र पार्टी सचिवालयको बैठकले तोकेको कार्य गर्ने । | (ग) महाधिवेशन, केन्द्रीय परिषद्, केन्द्रीय समिति, पदाधिकारी बैठक र पार्टी सचिवालयको बैठकले तोकेको कार्य गर्ने । | महाधिवेशन थप र कार्यकारिणी समिति हटाईएकाले |
| (घ) दुई उपसभापतिमध्ये उमेरमा जेष्ठ उपसभापतिले वा सभापतिले तोकेको उपसभापतिले सभापतिको अनुपस्थितिमा कार्यवाहक सभापतिका रुपमा सभापतिको कार्य गर्ने । | | |
| (३) पार्टी महामन्त्रीको काम, कर्तव्य र अधिकार | | |
| (क) केन्द्रीय परिषद्, केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति समिति तथा पार्टी सचिवालयको बैठकबाट पारित नीति निर्णय कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने र केन्द्रीय परिषद्, केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति समिति तथा पार्टी सचिवालयको बैठक समक्ष प्रस्तुत गर्ने । | (क)महाधिवेशन, केन्द्रीय परिषद्, केन्द्रीय समिति, पदाधिकारी बैठक तथा पार्टी सचिवालयको बैठकबाट पारित नीति निर्णय कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने र केन्द्रीय परिषद्, केन्द्रीय समिति, पदाधिकारी बैठक तथा पार्टी सचिवालयको बैठक समक्ष प्रस्तुत गर्ने । | कार्यकारिणी समिति हटाईएकाले |

| | | |
|---|---|---|
| (ख) पार्टी सभापतिको परामर्शमा केन्द्रीय परिषद्, केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति समिति तथा पार्टी सचिवालयको बैठक बोलाउने । अधिवेशन, निर्वाचन र बैठकको कार्यसूची तयार गर्ने । | (ख)पार्टी सभापतिको परामर्शमा केन्द्रीय परिषद्, केन्द्रीय समिति, पदाधिकारी बैठक तथा पार्टी सचिवालयको बैठक बोलाउने । अधिवेशन, निर्वाचन र बैठकको कार्यसूची तयार गर्ने । | कार्यकारिणी समिति हटाईएकाले |
| (ग) आवश्यकता अनुसार केन्द्रीय परिषद्, केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति समिति तथा पार्टी सचिवालयको बैठकमा संगठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने । | (ग)आवश्यकता अनुसार केन्द्रीय परिषद्, केन्द्रीय समिति, पदाधिकारी बैठक तथा पार्टी सचिवालयको बैठकमा संगठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने । | कार्यकारिणी समिति हटाईएकाले |
| (घ) केन्द्रीय समितिको तर्फबाट आवश्यकता अनुसार केन्द्रीय परिषद्मा संगठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने । | (घ)केन्द्रीय समितिको तर्फबाट आवश्यकता अनुसार महाधिवेशन, केन्द्रीय परिषद्मा संगठनात्मक प्रतिवेदन प्रस्तुत गर्ने । | महाधिवेशन संरचनामा थप गरिएकाले |
| (ङ)केन्द्रीय परिषद्, केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति समिति तथा पार्टी सचिवालयको बैठकबाट पारित नीति निर्णय कार्यान्वयन गर्ने गराउने र तिनको सुपरिवेक्षण गर्ने गराउने । | (ङ) महाधिवेशन, केन्द्रीय परिषद्, केन्द्रीय समिति, पदाधिकारी बैठक तथा पार्टी सचिवालयको बैठकबाट पारित नीति निर्णय कार्यान्वयन गर्ने गराउने र तिनको सुपरिवेक्षण गर्ने गराउने । | महाधिवेशन थप र कार्यकारिणी समिति हटाईएकाले |
| (च) पार्टीको केन्द्रीय कार्यालय महामन्त्रीको मातहतमा रहनेछ। महामन्त्रीले केन्द्रीय कार्यालयको रेखदेख गर्ने तथा केन्द्रीय कार्यालयको बैठक बोलाउने र कार्यालय सञ्चालन गर्ने । | (च)महामन्त्रीले केन्द्रीय कार्यालयको रेखदेख गर्ने तथा केन्द्रीय कार्यालयको बैठक बोलाउने र कार्यालय सञ्चालन गर्ने । | भाषा मिलाउनु पर्ने भएकाले |

| | | |
|---|---|---|
| (छ) केन्द्रीय परिषद्, केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति समिति तथा पार्टी सचिवालयले तोकेको अन्य काम गर्ने । | (छ) महाधिवेशन, केन्द्रीय परिषद्, केन्द्रीय समिति, पदाधिकारी बैठक तथा पार्टी सचिवालयले तोकेको अन्य काम गर्ने । | महाधिवेशन थप र कार्यकारिणी समिति हटाईएकाले |
| (ज) पार्टी सभापतिको निर्देशन बमोजिम अन्य आवश्यक काम गर्ने । | | |
| (झ) दैनिक कार्य सञ्चालनका लागि सभापतिलाई सहयोग गर्न र आवश्यकता अनुसार सभापतिलाई सुझाव र सल्लाह दिने । | | |
| (ञ) पार्टी संगठनलाई चुस्त, क्रियाशील र प्रभावकारी बनाउने र आवश्यकता अनुसार पार्टीका समिति, विभाग, आयोग तथा अन्य संयन्त्रमा र पार्टी सदस्यहरुलाई पार्टी सम्बन्धी गतिविधि र अन्य आवश्यकता अनुसारका सूचना प्रवाहित गर्ने, निर्णयको जानकारी गराउने तथा निर्देशन जारी गर्ने । | | |
| (ट)पार्टीका सबै प्रकारका आधिकारिक अभिलेखको संरक्षण गर्ने र गर्न लगाउने । | | |
| (४) पार्टीको सहमहामन्त्रीको काम, कर्तव्य र अधिकार | | |

| | | |
|---|---|---|
| (क) महामन्त्रीको काममा महामन्त्रीले तोके बमोजिम आवश्यक सहयोग गर्ने । | | |
| (ख) महामन्त्रीले प्रत्यायोजन गरेको कार्य गर्ने । | | |
| (ग) केन्द्रीय परिषद्, केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति तथा पार्टी सचिवालयको बैठकले तोकेको कार्य गर्ने । | (ग)महाधिवेशन, केन्द्रीय परिषद्, केन्द्रीय समिति, पदाधिकारी बैठक तथा पार्टी सचिवालयको बैठकले तोकेको कार्य गर्ने । | कार्यकारिणी समिति हटाईएकाले |
| (५) पार्टीको कोषाध्यक्षको काम, कर्तव्य र अधिकार | | |
| (क) पार्टीका निम्ति आवश्यक आर्थिक श्रोतसाधनको व्यवस्था गर्ने, त्यसको संरक्षण गर्ने तथा सम्पूर्ण आय व्ययको अद्यावधिक अभिलेख राख्ने । | | |
| (ख) केन्द्रीय समिति वा पार्टी सचिवालयको निर्णय अनुसार बैंकमा खाता खोल्ने र केन्द्रीय समितिको निर्णय अनुसार सञ्चालन गर्ने । | | |
| (ग) पार्टीका निम्ति प्राप्त हुने सदस्यता शुल्क, तोकिए बमोजिमका अन्य शुल्क र अन्य सहयोग रकम संकलन गर्ने तथा अभिलेख राख्ने । | | |
| (घ) पार्टीको कोषमा संकलित रकम पार्टीका विभिन्न काम र निकायका खर्चका लागि केन्द्रीय समिति वा पार्टी सचिवालयको निर्णय अनुसार भुक्तानी गर्ने र त्यसको हिसाब राख्ने । | | |

| | | |
|---|---|---|
| (ङ)पार्टीको वार्षिक आर्थिक प्रतिवेदन केन्द्रीय समिति र केन्द्रीय समिति मार्फत् केन्द्रीय परिषद् प्रस्तुत गर्ने । | (ङ) पार्टीको वार्षिक आर्थिक प्रतिवेदन केन्द्रीय समिति र केन्द्रीय समिति मार्फत् महाधिवेशन, केन्द्रीय परिषद्मा प्रस्तुत गर्ने । | महाधिवेशन थप गरिएकाले |
| (च) केन्द्रीय परिषद्, केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति समिति तथा पार्टी सचिवालयको बैठकले तोकेको कार्य गर्ने । | (च)महाधिवेशन, केन्द्रीय परिषद्, केन्द्रीय समिति, पदाधिकारी बैठक तथा पार्टी सचिवालयको बैठकले तोकेको कार्य गर्ने । | महाधिवेशन थप र कार्यकारिणी समिति हटाईएकाले |
| (छ) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ । | | |
| (६) पार्टी सहकोषाध्यक्षको काम, कर्तव्य र अधिकार | | |
| (क) कोषाध्यक्षको काममा कोषाध्यक्षले तोके बमोजिम आवश्यक सहयोग गर्ने । | | |
| (ख) कोषाध्यक्षले प्रत्यायोजन गरेका कार्य गर्ने । | | |
| (ग) केन्द्रीय परिषद्, केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति तथा पार्टी सचिवालयको बैठकले तोकेको कार्य गर्ने । | (ग) महाधिवेशन, केन्द्रीय परिषद्, केन्द्रीय समिति, पदाधिकारी तथा पार्टी सचिवालयको बैठकले तोकेको कार्य गर्ने । | महाधिवेशन थप र कार्यकारिणी समिति हटाईएकाले |
| (७) पार्टी प्रवक्ताको काम, कर्तव्य र अधिकार | | |

| | | |
|---|---|---|
| (क) केन्द्रीय परिषद्, केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति समिति तथा पार्टी सचिवालयका बैठकको निर्णयहरु आवश्यकता अनुसार आम जनमानसमा सूचना प्रवाहित गर्ने । | (क)महाधिवेशन, केन्द्रीय परिषद्, केन्द्रीय समिति, पदाधिकारी बैठक तथा पार्टी सचिवालयका बैठकको निर्णयहरु आवश्यकता अनुसार आम जनमानसमा सूचना प्रवाहित गर्ने । | महाधिवेशन थप र कार्यकारिणी समिति हटाईएकाले |
| (ख) पार्टीको तर्फबाट आधिकारिक सूचना प्रवाहित गर्ने । | | |
| (ग) पार्टीको नीति, विचार र राष्ट्रिय अन्तर्राष्ट्रिय विषयमा पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्ने । | | |
| (घ) विभिन्न समसामयिक विषयहरुमा पार्टीको दृष्टिकोणलाई आधिकारिक रुपमा आम जनमानसमा सूचना प्रवाहित गर्ने । | | |
| (ङ)केन्द्रीय परिषद्, केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति तथा पार्टी सचिवालयको बैठकले तोकेको कार्य गर्ने । | (ङ) महाधिवेशन, केन्द्रीय परिषद्, केन्द्रीय समिति, पदाधिकारी तथा पार्टी सचिवालयको बैठकले तोकेको कार्य गर्ने । | महाधिवेशन थप र कार्यकारिणी समिति हटाईएकाले |
| (८) पार्टी सहप्रवक्ताको काम, कर्तव्य र अधिकार | | |
| (क) प्रवक्ताको काममा सहप्रवक्ताले तोके बमोजिम आवश्यक सहयोग गर्ने | | |

| | | |
|---|---|---|
| (ख) प्रवक्ताले प्रत्यायोजन गरेको कार्य गर्ने । | | |
| (ग) केन्द्रीय समितिले तोकेको कार्य गर्ने । | | |
| (घ) केन्द्रीय परिषद्, केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति तथा पार्टी सचिवालयको बैठकले तोकेको कार्य गर्ने । | (घ)महाधिवेशन, केन्द्रीय परिषद्, केन्द्रीय समिति, पदाधिकारी बैठक तथा पार्टी सचिवालयको बैठकले तोकेको कार्य गर्ने । | महाधिवेशन थप र कार्यकारिणी समिति हटाईएकाले |
| (९) पार्टीका अन्य पदाधिकारीको काम पार्टी सभापतिले तोके बमोजिम हुनेछ । | | |
| (१०) केन्द्रीय समिति सदस्य र केन्द्रीय परिषद् सदस्यको काम, कर्तव्य र अधिकार | | |
| (क) केन्द्रीय समिति, केन्द्रीय परिषद् तथा केन्द्रीय सभापतिले तोकेको काम गर्ने । | | |
| (ख) पार्टी सदस्यहरुसँग आवश्यक समन्वय तथा सहयोग गर्ने । | | |
| (ग) पार्टीको निर्णय र यस विधान बमोजिम अन्य कार्यहरु गर्ने । | | |
| (घ) पार्टी, मुलुक र जनताका हितका लागि पार्टी नीति अनुरुप आवश्यक सिर्जनात्मक अन्य काम गर्ने । | | |

| | | |
|---|---|---|
| (ङ)मुलुक निर्माण हेतु विविध विषयमा स्वअध्ययन गरी पार्टीमा लिखित सुझाव पेश गर्ने । | | |
| ४) पार्टी सभापतिले आफू सहित अधिकतम पार्टीका केन्द्रीय समिति सदस्यहरुमध्येबाट २१ जनाको पार्टी सचिवालय गठन गर्नेछन् । पार्टी सचिवालय पार्टी सभापतिको प्रस्तावमा केन्द्रीय समितिले मनोनीत गर्नेछ । पार्टी सचिवालयमामा कम्तीमा १/३ सांसद हुनपर्नेछ ( निर्वाचित सांसदको संख्या पुगेमा) र कम्तीमा १/३ सांसद र प्रदेश प्रमुखको जिम्मेवारीमा रहेका बाहेकका केन्द्रीय समिति सदस्य हुनुपर्नेछ । | हटाउने | यस व्यवस्था सचिवायलको धारामा राखिएकाले |
| धारा २५ : केन्द्रीय कार्यकारिणी समिति | हटाउने | आवश्यक नठानिएकाले |
| १) सांसद र प्रदेश प्रमुखको जिम्मेवारीमा रहेका बाहेकको केन्द्रीय समिति सदस्यहरू रहेको अधिकतम २१ जनाको केन्द्रीय कार्यकारिणी समिति पार्टी सभापतिको प्रस्तावमा केन्द्रीय समितिले केन्द्रीय कार्यकारिणी समिति गठन गर्नेछ । पार्टी सचिवालयका सदस्यहरू पनि २१ जनामा गनिनेछन् भने सांसदको जिम्मेवारीमा रहेका पार्टी सचिवालय सदस्यहरू २१ जनामा गनिने छैनन् तर आमन्त्रित सदस्य हुनेछन् । केन्द्रीय कार्यकारिणी समितिको काम, कर्तव्य र अधिकार केन्द्रीय परिषद्, केन्द्रीय समिति तथा पार्टी सचिवालयको बैठकले तोके बमोजिम हुनेछ । | हटाउने | |

| | | |
|---|---|---|
| २) सांसदको जिम्मेवारीमा रहेका केन्द्रीय समिति सदस्यहरूमध्ये २१ जनाको संसदीय कार्यकारिणी समिति संसदीय दलको नेताको प्रस्तावमा संसदीय दलले संसदीय कार्यकारिणी समिति गठन गर्नेछ । पार्टी सचिवालयका सदस्यहरू पनि २१ जनामा गणना हुने छ भने सांसदको जिम्मेवारीमा नरहेका पार्टी सचिवालय सदस्यहरू २१ जनामा गणना हुने छैन तर आमन्त्रित सदस्य हुनेछन् । संसदीय कार्यकारिणी समितिको काम, कर्तव्य र अधिकार केन्द्रीय परिषद्, केन्द्रीय समिति तथा पार्टी सचिवालयको बैठकले तोके बमोजिम हुनेछ । | हटाउने | |
| धारा २६ : पार्टी सचिवालय | धारा २५ : पार्टी सचिवालय | |
| | (१) पार्टी सचिवालयको गठन पार्टी सभापतिले आफू सहित बढिमा ११ पदाधिकारीहरू र बाँकी सदस्यहरु सभापतिले मनोनित गरि २१ जनाको पार्टी सचिवालय गठन गरी केन्द्रीय समितिमा जानकारी दिनु पर्नेछ । | थप प्रष्ट गर्नुपर्ने भएकाले |
| | (२) पार्टी सचिवालय गठन गर्दा पदाधिकारी बाहेकका सदस्यहरूको मनोनयन राष्ट्रिय महाधिवेशनबाट निर्वाचित केन्द्रीय समिति सदस्य मध्येबाट गरिनेछ । | थप प्रष्ट गर्नुपर्ने भएकाले |

| | | |
|---|---|---|
| | (३) पार्टी सचिवालयका मनोनित सदस्यहरूमा पदाधिकारी सदस्य बाहेकका सदस्यहरूको हेरफेर सभापतिले गर्न सक्नेछ । | थप प्रष्ट गर्नुपर्ने भएकाले |
| १) धारा २४(४) बमाजिम गठन हुने पार्टी सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ । | (४)पार्टी सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ । | उपधारा मिलाउनु पर्ने भएकाले |
| (क) केन्द्रीय समितिको बैठक नबसेको अवस्थामा आवश्यकता अनुसार राजनीतिक तथा संगठनात्मक विषयमा निर्णय गर्ने र समसामयिक विषयमा पार्टीको दृष्टिकोण सार्वजनिक गर्ने । | | |
| (ख) केन्द्रीय समितिको एउटा र अर्को बैठकका बीचमा केन्द्रीय समितिले गर्नुपर्ने काम पार्टी सचिवालयले गर्नेछ । | | |
| (ग) आफूले गरेको निर्णय तथा कार्य अनुमोदनका लागि केन्द्रीय समितिको बैठकमा प्रस्तुत गर्ने । | | |
| (घ) केन्द्रीय परिषद् तथा केन्द्रीय समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने । | (घ) महाधिवेशन, केन्द्रीय परिषद् तथा केन्द्रीय समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने । | महाधिवेशन थप भएकाले |
| (ङ)केन्द्रीय समितिबाट गरिनुपर्ने नीतिगत तथा संगठनात्मक कामको प्रस्ताव तयार गर्ने । | | |

| | | |
|---|---|---|
| (च) पार्टीका समिति, विभाग, आयोग तथा अन्य संयन्त्रबीच समन्वय गर्ने र तिनको कामको समीक्षा गर्ने । | | |
| (छ) केन्द्रीय परिषद् तथा केन्द्रीय समितिले तोकेका अन्य कार्यहरु गर्ने । | (छ) महाधिवेशन, केन्द्रीय परिषद् तथा केन्द्रीय समितिले तोकेका अन्य कार्यहरु गर्ने । | महाधिवेशन थप भएकाले |
| (ज) पार्टीको केन्द्रीय कार्यालयका लागि आवश्यक कर्मचारी नियुक्त तथा हेरफेर गर्ने । | (ज)पार्टीको केन्द्रीय कार्यालयका लागि प्रशासनिक नियमावली अनुसार आवश्यक कर्मचारी नियुक्त तथा हेरफेर गर्ने । | नियमावली अनुसार गर्नुपर्ने भएकाले |
| | (झ) सचिवालयको बैठक सभापतिको अनुमतिमा महामन्त्रीले बोलाउने तथा सञ्चालन गर्ने छ । | प्रष्ट गर्नु पर्ने भएकाले |
| | धारा २६ : उपत्यका विषेश समिति<br>(१) काठमाडौं उपत्यकाका सबै पार्टी संगठनलाई समन्वय गर्ने गरी उपत्यकाबाट केन्द्रीय समितिमा प्रतिनिधित्व गर्ने निर्वाचत केन्द्रीय सदस्यको संयोजकत्वमा केन्द्रीय समितिले उपत्यका विषेश समिति गठन गर्न सक्ने छ ।<br>(२) संयोजक १, उपसंयोजक १, सचिव १, सहसचिव १ हुने र सवै पालिकाको प्रतिनिधित्व हुने गरी ५१ जनासम्मको उपत्यका विषेश समिति हुनेछ । | थप गरिएको |

| | | |
|---|---|---|
| | | |
| | धारा २७ : वरिष्ठ नेता सम्वन्धि व्यवस्था<br>आवश्यकता र औचित्यको आधारमा केन्द्रीय समितिको निर्णयले उपयुक्त व्यक्तिलाई वरिष्ठ नेताको रुपमा मनोनयन गर्न सक्नेछ। वरिष्ठ नेताको मर्यादा, काम, कर्तव्य र अधिकार केन्द्रीय समितिले तोके बमोजिम हुनेछ। | थप गरिएको |
| भाग-८<br>प्रदेश परिषद्, प्रदेश कार्यसम्पादन समिति, जिल्ला परिषद् तथा जिल्ला कार्यसम्पादन समिति | भाग-८<br>प्रदेश तह | |
| धारा २७ : प्रदेश परिषद् | धारा २८ : प्रदेश परिषद् | |
| १) प्रदेश परिषद् प्रदेशभित्र पार्टीको सर्वोच्च निकाय हुनेछ र यसको गठन देहाय बमोजिम | (१) प्रदेश परिषद् प्रदेशभित्र पार्टीको प्रदेश अधिवेशन पछिको सर्वोच्च निकाय हुनेछ र यसको गठन देहाय बमोजिम हुनेछ। | अधिवेशन संरचनामा राखिएकाले |
| (क) प्रदेश कार्यसम्पादन समितिका सबै पदाधिकारी तथा सदस्यहरु, | (क)प्रदेश समितिका सबै पदाधिकारी तथा सदस्यहरु, | कार्यसम्पादन हटाएकाले |
| (ख) प्रदेश भित्रका जिल्ला सभापति, जिल्ला उपसभापति र जिल्ला सचिव सबै, | | |

| | | |
|---|---|---|
| (ग) प्रदेश तहमा पार्टीको तर्फबाट निर्वाचित जनप्रतिनिधिहरु, | | |
| (घ) प्रदेश अनुशासन आयोगका सबै, | | |
| (ङ)प्रदेश लेखा आयोगका सबै, | | |
| (च) प्रदेश विभागीय प्रमुख सहित प्रति विभाग ३ जना, | | |
| (छ) प्रदेशका सम्पर्क विभागका प्रमुख, उपप्रमुख र सचिव सबै, | | |
| (ज) प्रदेश सल्लाहकारहरु, | | |
| (झ)प्रदेशभित्रका महानगर, उपमहानगर र राजधानी रहेका पालिकाका पालिका सभापतिहरु र पालिका प्रमुख, उपप्रमुखका रुपमा पार्टीको तर्फबाट निर्वाचित जनप्रतिनिधि सबै, | (झ) प्रदेश भित्रका महानगर, उपमहानगर र राजधानी रहेका पालिकाका पालिका सभापतिहरु र प्रदेश सभा, पालिका प्रमुख, उपप्रमुखका रुपमा पार्टीको तर्फबाट निर्वाचित जनप्रतिनिधि सबै, | प्रदेश सभा छुटेकोले थप गरिएको |
| (ञ) सम्बन्धित प्रदेशको राष्ट्रिय जनगणनाको तथ्याङ्क अनुसार खस आर्य, आदिवासी जनजाति, मधेसी, दलित, थारु, मुस्लिम, पिछडिएको क्षेत्र र अल्पसंख्यक समुदायबाट समावेशीता सुनिश्चत गर्ने गरी सम्बन्धित समुदायबाट थप सदस्य प्रदेश परिषद्ले चयन गर्नेछ । | (ञ)सम्बन्धित प्रदेशको राष्ट्रिय जनगणनाको तथ्याङ्क अनुसार खस आर्य, आदिवासी जनजाति, मधेसी, दलित, थारु, मुस्लिम, पिछडिएको क्षेत्र र अल्पसंख्यक समुदायबाट समावेशीता सुनिश्चत गर्ने गरी सम्बन्धित समुदायबाट थप ३५ जना सदस्य प्रदेश परिषद्ले चयन गर्नेछ । | संख्या एकिन गरिएको |

| | | |
|---|---|---|
| (ट)परिषद्का सबै सदस्य अनिवार्य रुपमा पार्टीको केन्द्रीय पोर्टलबाट सदस्यता लिएको तथा सम्बन्धित प्रदेशको मतदाता ठेगाना रहेको हुनपर्नेछ । | | |
| (ठ)देहायको अवस्थामा प्रदेश परिषद् सदस्यको स्थान रिक्त हुनेछ : | हटाउने | छुट्टै धारामा व्यवस्था भएकाले |
| (अ) निजले राजीनामा दिएमा, | | |
| (आ) विधान बमोजिम पार्टी सदस्यता समाप्त हुन गएमा, | | |
| (इ)निजको मृत्यु भएमा, | | |
| (ई)अनुशासनात्मक कारवाही गरी बर्खास्त भएमा, | | |
| (उ) जुन आधारमा नियुक्ति वा चयन भएको हो सो आधार नरहेमा | | |
| (ड) प्रदेश सभापति, उपसभापति र सचिवले प्रदेश परिषद्को पनि सभापति, उपसभापति र सचिवको जिम्मेवारी निर्वाह गर्नेछन् । | | |
| (ढ) प्रदेश पषिदको कार्यकाल प्रदेश कार्यसम्पादन समिति सरह हुनेछ । | (ढ) प्रदेश परिषदको कार्यकाल प्रदेश समिति सरह हुनेछ । प्रदेश परिषद कार्यकाल अवधि भित्र कम्तिमा २ पटक बस्नेछ । | कार्यसम्पादन हटाएकाले साथै परिषद |

| | | |
|---|---|---|
| | | बस्ने संख्या तोकिएकाले |
| २) प्रदेश परिषद्को काम कर्तव्य र अधिकार | | |
| प्रदेश परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ । | | |
| (क) प्रदेश कार्यसम्पादन समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने । | (क) प्रदेश समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने । | कार्यसम्पादन हटाएकाले |
| (ख) विधान तथा उपल्लो तहले तोकेका कामकारवाही गर्ने, गराउने । | | |
| (ग) प्रदेश परिषद्का सदस्यहरुको कार्य विभाजन गर्ने । | | |
| (घ) प्रदेश कार्यसम्पादन समितिले पेश गरेका प्रस्तावहरु उपर छलफल तथा आवश्यक निर्णय गर्ने । | (घ) प्रदेश समितिले पेश गरेका प्रस्तावहरु उपर छलफल तथा आवश्यक निर्णय गर्ने । | कार्यसम्पादन हटाएकाले |
| | (ङ) प्रदेश अधिवेशन सम्पन्न भएको मितिदेखि अर्को प्रदेश अधिवेशनको बीचमा प्रदेश समितिको कुनै पनि पद रिक्त भएमा प्रदेश परिषद्ले पदपूर्ति गर्नेछ । यसरी पूर्ति गरिएको पदलाई निर्वाचित पद मानिनेछ । | थप गरिएकाले |
| धारा २८ : प्रदेश कार्यसम्पादन समिति | धारा २९ : प्रदेश समिति | कार्यसम्पादन हटाएकाले |

| | | |
|---|---|---|
| १) प्रदेश कार्यसम्पादन समिति पार्टीको प्रदेशभित्रको प्रदेश परिषद्पछिको सर्वोच्च कार्यकारी निकाय हुनेछ र यो प्रदेश परिषद्प्रति उत्तरदायी हुनेछ । यसको गठन देहाय बमोजिम हुनेछ : | १) प्रदेश समिति प्रदेश अधिवेशन र परिषद्प्रति उत्तरदायी हुनेछ । यसको गठन देहाय बमोजिम हुनेछ : | अधिवेशन संरचनामा थप र कार्यसम्पादन हटाएकाले |
| (क) प्रदेश कार्यसम्पादन समिति जिल्ला सभापतिहरुसहित थप ११ जनाको हुनेछ । | हटाउने | अर्को व्यवस्था गरिएकाले |
| (ख) प्रदेश कार्यसम्पादन समितिमा १ जना प्रदेश प्रमुख, १ जना प्रदेश उपप्रमुख, १ जना प्रदेश महासचिव, १ जना प्रदेश सचिव, १ जना प्रदेश कोषाध्यक्ष, १ जना प्रदेश प्रवक्ता र बाँकी प्रदेश कार्यसम्पादन समितिको सदस्य हुनेछन् । | (क)प्रदेश समितिमा १ जना प्रदेश सभापति, १ जना प्रदेश उपसभापति, १ जना प्रदेश महामन्त्री, १ जना प्रदेश सहमहामन्त्री, १ जना प्रदेश कोषाध्यक्ष, १ जना प्रदेश प्रवक्ता, सदस्यहरु (प्रदेश भित्रको प्रति निर्वाचन क्षेत्र बाट १ जना हुनेगरी र समावेसी सिद्धान्त अनुरुप हुने गरी १५ जना) र २ जना मनोनित हुनेछन् ।<br><br>जिल्ला सभापतिहरु प्रदेश समितिको स्थायी आमन्त्रीत सदस्य रहनेछ । | समितिलाई समावेसी बनाउदै क्षेत्रलाई पनि समेट्नु पर्ने भएको साथै पदेन हटाई नयाँ व्यवस्था गरिएकाले |
| (ग) प्रदेश अधिवेशनबाट प्रदेश प्रमुख र अधिकतम ८ जना प्रदेश कार्यसम्पादन समिति सदस्य निर्वाचित हुनेछन् । | (ग)प्रदेश अधिवेशनबाट प्रदेश सभापति र प्रदेश समिति सदस्य निर्वाचित हुनेछन् । | कार्यसम्पादन हटाएकाले |
| (घ) प्रदेश प्रमुखको निर्वाचनमा विजयी उम्मेदवारले कूल सदर मतको (५०%+१) प्रतिशतको | | |

| | | |
|---|---|---|
| संख्यामा मत ल्याउनुपर्नेछ । अन्यथा बढी मत ल्याउने बीच पुनः निर्वाचन हुनेछ । | | |
| (ङ)प्रदेश प्रमुखको निर्वाचनमा २५ प्रतिशत मत कटाउने निकटम प्रतिद्वन्द्वी १ जना स्वतः प्रदेश कार्यसम्पादन समिति सदस्य हुनेछ । उक्त पद कुनै कारणले पूर्ति नभएमा प्रदेश प्रमुखले प्रदेशका पार्टी सदस्यहरुमध्येबाट मनोनीत गरी पूर्ति गर्नेछन् । | | |
| (च) प्रदेश प्रमुखले प्रदेशका पार्टी सदस्यहरुमध्येबाट १ जना प्रदेश कार्यसम्पादन समिति सदस्यका रुपमा मनोनीत गर्नेछन् । | (च)प्रदेश प्रमुखले प्रदेशका पार्टी सदस्यहरुमध्येबाट १ जना प्रदेश समिति सदस्यका रुपमा मनोनीत गर्नेछन् । | कार्यसम्पादन हटाएकाले |
| (छ) जिल्ला सभापति बाहेकका ११ जनामा ६ जना युवा, ४ जना महिला, १ जना दलित अनिवार्य रूपमा हुनपर्नेछ । कुनै कारणवश यो अनुसार समावेशीता कायम हुन नसके, ती पद रिक्त रहनेछ र फरक समूहबाट पूर्ति गरिने छैन । | (छ)प्रदेश समितिमा एक तिहाई महिला, कम्तिमा १ जना दलित अनिवार्य सहित प्रदेशको जनगणना अनुसार समावेसी सिद्धान्त अनुरुप हुनपर्नेछ । कुनै कारणवश यो अनुसार समावेशीता कायम हुन नसके, ती पद रिक्त रहनेछ र फरक समूहबाट पूर्ति गरिने छैन । साथै युवालाई प्राथमिकतामा राखीने छ । | युवाको तोकिएको संख्या हटाई समावेसीता अनिवार्य हुने गरी राखिएकाले |
| (ज) प्रदेश कार्यसम्पादन समितिको कार्यकाल एउटा प्रदेश अधिवेशनबाट अर्को प्रदेश अधिवेशनसम्म हुनेछ र प्रदेश अधिवेशन प्रत्येक ५ वर्षमा हुनेछ । | (ज)प्रदेश समितिको कार्यकाल एउटा प्रदेश अधिवेशनबाट अर्को प्रदेश अधिवेशनसम्म हुनेछ र प्रदेश अधिवेशन प्रत्येक ५ वर्षमा हुनेछ । | कार्यसम्पादन हटाएकाले |

| | | |
|---|---|---|
| (झ) प्रदेश अधिवेशन सम्पन्न भएको मितिदेखि अर्को प्रदेश अधिवेशनको बीचमा प्रदेश कार्यसम्पादन समितिको कुनै पनि पद रिक्त भएमा प्रदेश परिषद्ले पदपूर्ति गर्नेछ। यसरी पूर्ति गरिएको पदलाई निर्वाचित पद मानिनेछ र प्रदेश पदाधिकारीका लागि योग्य मानिनेछ । मनोनीत प्रदेश कार्यसम्पादन समिति सदस्यको पद आवश्यकता बमोजिम प्रदेश प्रमुखले खोरज गर्न सक्नेछन् र उक्त रिक्त पद प्रदेशका पार्टी सदस्यहरुमध्येबाट प्रदेश प्रमुखले मनोनयन गरी पूर्ति गर्न सक्नेछन् । | (झ) प्रदेश अधिवेशन सम्पन्न भएको मितिदेखि अर्को प्रदेश अधिवेशनको बीचमा प्रदेश समितिको कुनै पनि पद रिक्त भएमा प्रदेश परिषद्ले पदपूर्ति गर्नेछ। यसरी पूर्ति गरिएको पदलाई निर्वाचित पद मानिनेछ र प्रदेश पदाधिकारीका लागि योग्य मानिनेछ। मनोनीत प्रदेश समिति सदस्यको पद आवश्यकता बमोजिम प्रदेश सभापतिले हटाउन सक्नेछन् र उक्त रिक्त पद प्रदेशका पार्टी सदस्यहरुमध्येबाट प्रदेश सचापतिले मनोनयन गरी पूर्ति गर्न सक्नेछन् । | कार्यसम्पादन र प्रमुख हटाएकाले |
| (ञ) प्रदेश उपप्रमुख र प्रदेश कोषाध्यक्ष जिल्ला सभापति बाहेकका निर्वाचित प्रदेश कार्यसम्पादन समिति सदस्यहरूमध्येबाट प्रदेश परिषद्ले चयन गर्नेछ। | (ञ)अधिवेशनबाट निर्वाचित प्रदेश समितिका सदस्यहरू मध्येबाट प्रदेश समितिले उपसभापति, महामन्त्री, सहमहामन्त्री निर्वाचित गर्ने छ । साथै निर्वाचित सभापतिले प्रदेश सदस्यहरुमध्येबाट कोषाध्यक्ष र प्रवक्ता मनोनित गर्न सक्ने छ । | निर्वाचित र मनोनित दुवै अनुसार गर्ने भएकाले |
| (ट)प्रदेश महासचिव, सचिव र प्रदेश प्रवक्ता जिल्ला सभापति बाहेकका निर्वाचित प्रदेश कार्यसम्पादन समिति सदस्यहरूमध्येबाट प्रदेश प्रमुखले मनोनीत गर्नेछन्। प्रदेश प्रमुखले यी पदाधिकारीको काम कारवाही चित्त नबुझेमा निजलाई जिम्मेवारीबाट हटाई अर्को निर्वाचित प्रदेश कार्यसम्पादन समिति सदस्यलाई प्रदेशका उल्लिखित पदाधिकारीमा मनोनीत गर्न सक्नेछन् । | हटाउने | उपधारा ञ मा नै समेटिएकाले |

| | | |
|---|---|---|
| २) प्रदेश कार्यसम्पादन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः | २) प्रदेश समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः | कार्यसम्पादन हटाएकाले |
| (क) प्रदेश परिषद्को निर्णय कार्यान्वयन गर्ने, गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने । | (क)प्रदेश अधिवेशन र परिषद्को निर्णय कार्यान्वयन गर्ने, गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने । | अधिवेशन संरचनामा थप गरिएकाले |
| (ख) दुई प्रदेश परिषद्का बैठकका बीच आवश्यक निर्णयहरु गर्ने र पछि हुने परिषद्को बैठकमा अनुमोदनका लागि पेश गर्ने । यस बीचमा प्रदेशभित्र समग्र पार्टीको नेतृत्व गर्ने । | (ख) दुई प्रदेश परिषद्का बीच आवश्यक निर्णयहरु गर्ने र पछि हुने परिषद्मा अनुमोदनका लागि पेश गर्ने । यस बीचमा प्रदेशभित्र समग्र पार्टीको नेतृत्व गर्ने । | परिषदको बैठक भनिने नभएकाले |
| (ग) प्रदेश भित्रको समसामयिक परिस्थितिमा पार्टीको दृष्टिकोण र नीति, कार्यक्रम तथा विचार तय गर्ने । राजनीतिक तथा संगठनात्मक विषयमा आवश्यकता अनुसार निर्णय गर्ने । नेपालको संविधान र प्रचलित कानुन बमोजिम पार्टीको प्रदेश कार्यसम्पादन समितिले गर्ने भनी उल्लेख भएको कार्य गर्ने । | (ग)प्रदेश भित्रको समसामयिक परिस्थितिमा पार्टीको दृष्टिकोण र नीति, कार्यक्रम तथा विचार तय गर्ने । राजनीतिक तथा संगठनात्मक विषयमा आवश्यकता अनुसार निर्णय गर्ने । नेपालको संविधान र प्रचलित कानुन बमोजिम पार्टीको प्रदेश समितिले गर्ने भनी उल्लेख भएको कार्य गर्ने । | कार्यसम्पादन हटाएकाले |
| (घ) प्रदेश तह र स्थानीय तहको निर्वाचनमा पार्टीको घोषणापत्र, नीति, कार्यक्रम तयार गर्न र निर्वाचनका लागि पार्टीका प्रदेशभित्रका सम्पूर्ण निकायलाई परिचालन गर्न आफूभन्दा उपल्लो समितिलाई सहयोग गर्ने । | | |

| | | |
|---|---|---|
| (ङ)आवश्यकता अनुसार प्रदेश कार्यसम्पादन समितिका सदस्यहरुको कार्य विभाजन गर्ने । | (ङ) आवश्यकता अनुसार प्रदेश समितिका सदस्यहरुको कार्य विभाजन गर्ने । | कार्यसम्पादन हटाएकाले |
| (च) प्रदेशका भौतिक तथा मानवीय विकास, उत्पादनमा वृद्धि, जनताको जीविकोपार्जनमा सहजता, जनचेतना अभिवृद्धि र सामाजिक न्यायको लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने । जनजीविका र जनहितको रक्षाका लागि जनपरिचालन गर्ने र आवश्यकता अनुसार आन्दोलन लगायत अन्य कार्य सञ्चालन गर्ने । पार्टीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यकता अनुसार अभियान घोषणा गर्ने र कार्यान्वयन गर्ने, गराउने । | | |
| (छ) पार्टीका प्रदेशभित्रका समिति, विभाग, आयोग, कार्यदल तथा अन्य संयन्त्रका निर्णयहरुलाई आवश्यक संसोधन र सुझाव सहित अनुमोदन गर्ने । | | |
| (ज) प्रदेशभित्र पार्टीको आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति स्रोत पहिचान, सङ्कलन र परिचालनका लागि आवश्यक काम गर्ने । | | |
| (झ) पार्टीको प्रदेश कार्यालयलाई पार्टीको प्रशासनिक एवम दैनिक काम कारवाही सञ्चालनका लागि आवश्यक निर्देशन दिने । | | |
| (ञ) यस विधानमा प्रदेश कार्यसम्पादन समितिले गर्ने भनी उल्लेख भएका कार्य गर्ने । | (ञ)यस विधानमा प्रदेश समितिले गर्ने भनी उल्लेख भएका कार्य गर्ने । | कार्यसम्पादन हटाएकाले |

| | | |
|---|---|---|
| (ट)उपल्लो समितिबाट बेलाबेलामा जारी हुने निर्णय तथा निर्देशनहरु पालना गर्ने, गराउने । | | |
| (ठ)विधान बमोजिम प्रदेश अधिवेशन र प्रदेश परिषद्को बैठक आयोजना गर्ने । | (ठ) विधान बमोजिम प्रदेश अधिवेशन र प्रदेश परिषद्को आयोजना गर्ने । | परिषद्को बैठक नभनिने भएकाले |
| | **धारा ३०: प्रदेश सचिवालय**<br>**१) प्रदेश सचिवालय गठन**<br>(क) दैनिक कार्य सम्पादनको लागि प्रदेशमा प्रदेश सचिवालय रहनेछ ।<br>(ख) सचिवालयमा प्रदेश सभापति-१, प्रदेश उपसभापति-१, प्रदेश महामन्त्री-१, प्रदेश सहमहामन्त्री १, प्रदेश कोषाध्यक्ष-१, प्रदेश प्रवक्ता-१ र प्रदेश समिति सदस्य मध्येबाट ५ सदस्य रहेको ११ जनाको सचिवालय गठन हुनेछ।<br>ग) प्रदेश सचिवालयमा प्रदेश सदरमुकाम भएको जिल्ला सभापति आमन्त्रीत सदस्य हुनेछन् ।<br><br>**२) प्रदेश सचिवालयका काम, कर्तव्य र अधिकार** | **थप व्यवस्था गरिएकाले** |

| | | |
|---|---|---|
| | **प्रदेश सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**<br>(क) प्रदेश समितिको बैठक नबसेको अवस्थामा आवश्यकता अनुसार प्रदेश स्तरीय राजनीतिक तथा संगठनात्मक विषयमा निर्णय गर्ने । समसामयिक घटनाहरुका आवश्यक विश्लेषण गरी अभिलेखीकरण गर्ने तथा प्रतिवेदनहरु आवश्यकता अनुरुप पार्टीको दृष्टिकोण सार्वजनिक गर्ने ।<br>(ख) प्रदेश समितिको एउटा र अर्को बैठकका बीचमा प्रदेश समितिले गर्नुपर्ने काम प्रदेश सचिवालयले गर्नेछ ।<br>(ग) प्रदेश सचिवालयले गरेको निर्णय तथा कार्य अनुमोदनका लागि प्रदेश समितिको बैठकमा प्रस्तुत गर्ने ।<br>(घ) प्रदेश समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने ।<br>(ङ) प्रदेश समितिबाट गरिनुपर्ने नीतिगत तथा संगठनात्मक कामको प्रस्ताव तयार गर्ने । | |

| | | |
|---|---|---|
| | (च) पार्टीका समिति, विभाग, आयोग तथा अन्य संयन्त्रबीच समन्वय गर्ने र तिनको कामको समीक्षा गर्ने ।<br>(छ) प्रदेश समितिले तोकेका अन्य कार्यहरु गर्ने ।<br>(ज) पार्टीको प्रदेश कार्यालयका लागि आवश्यक कर्मचारी नियुक्त तथा हेरफेर गर्ने ।<br>(झ) प्रदेश समितिमा पेश हुन आएका प्रतिवेदनहरुमाथि छलफल गरी कार्यान्वयनका लागि निर्देशन तथा सहजीकरण गर्ने । | |
| ३) प्रदेश पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार | | |
| (१) प्रदेश प्रमुखको काम, कर्तव्य र अधिकार | (१) प्रदेश सभापतिको काम, कर्तव्य र अधिकार | प्रमुखलाई सभापति बनाएकाले |
| (क) प्रदेश भित्र पार्टीको समग्र नेतृत्व गर्ने । प्रदेश भित्र पार्टीका प्रमुख नेता, प्रमुख प्रवक्ता र प्रमुख पदाधिकारीको रुपमा वैचारिक तथा राजनीतिक विषयमा पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्ने । | | |

| | | |
|---|---|---|
| (ख) प्रदेश कार्यसम्पादन समिति र प्रदेश परिषद्का सदस्यको कार्य विभाजन हेरफेर गर्ने । | (ख)प्रदेश समिति र प्रदेश परिषद्का सदस्यको कार्य विभाजन हेरफेर गर्ने । | कार्यसम्पादन हटाएकाले |
| (ग) प्रदेशभित्र पार्टीको आर्दश, सिद्धान्त र मर्यादालाई उच्च राख्ने र राख्न लगाउने तथा पार्टीलाई सबल र सक्षम संगठनको रुपमा सञ्चालन गर्न नेतृत्व प्रदान गर्ने । | | |
| (घ) प्रदेशभित्र पार्टीका अगाडि तत्काल परी आएका कार्यहरु गर्ने र त्यसको जानकारी प्रदेश समितिलाई दिने । | | |
| (ङ)पार्टीका प्रदेशभित्रका समिति, विभाग, आयोग, कार्यदल तथा अन्य संयन्त्रका निर्णयहरु कार्यान्वयन भए नभएको रेखदेख गर्ने, गराउने । | | |
| (च) प्रदेश प्रमुख बाहिर जानुपर्ने अवस्थामा वा आवश्यकता अनुसार प्रदेश उपप्रमुखलाई कार्यवाहक सभापति तोक्ने । | (च) सभापति अनुपस्थीत हुनुपर्ने अवस्थामा वा आवश्यकता अनुसार प्रदेश उपसभापतिलाई कार्यवाहक सभापति तोक्ने । | प्रमुखलाई सभापति बनाएकाले |
| (छ) प्रदेश कार्यसम्पादन समिति तथा प्रदेश परिषद्को बैठक बोलाउने । | (छ)प्रदेश समितिको बैठक बोलाउने । | कार्यसम्पादन हटाएकाले |
| (ज) प्रदेश परिषद् तथा प्रदेश कार्यसम्पादन समितिले तोके बमोजिम अन्य कार्यहरु गर्ने । | (ज)प्रदेश परिषद् तथा प्रदेश समितिले तोके बमोजिम अन्य कार्यहरु गर्ने । | कार्यसम्पादन हटाएकाले |
| (झ) पार्टीको निर्णय बमोजिम अन्य कार्यहरु गर्ने । | | |

| | | |
|---|---|---|
| (ञ) यस विधानले तोके बमोजिम अन्य कार्यहरु गर्ने । | | |
| (२) प्रदेश उपप्रमुखको काम, कर्तव्य र अधिकार | (२) प्रदेश उपसभापतिको काम, कर्तव्य र अधिकार | उपप्रमुखलाई उपसभापति बनाएकाले |
| (क) प्रदेश प्रमुखको काममा आवश्यक सहयोग गर्ने । | (क)प्रदेश सभापतिको काममा आवश्यक सहयोग गर्ने । | प्रमुखलाई सभापति बनाएकाले |
| (ख) प्रदेश प्रमुखले प्रत्यायोजन गरेको कार्य गर्ने । | (ख)प्रदेश सभापतिले प्रत्यायोजन गरेको कार्य गर्ने । | प्रमुखलाई सभापति बनाएकाले |
| (ग) प्रदेश परिषद् तथा प्रदेश कार्यसम्पादन समितिले तोके बमोजिम अन्य कार्यहरु गर्ने । | (ग)प्रदेश परिषद् तथा प्रदेश समितिले तोके बमोजिम अन्य कार्यहरु गर्ने । | कार्यसम्पादन हटाएकाले |
| (३) प्रदेश महासचिवको काम, कर्तव्य र अधिकार | (३) प्रदेश महामन्त्रीको काम, कर्तव्य र अधिकार | महासचिवलाई महामन्त्री बनाएकाले |
| (क) प्रदेश कार्यसम्पादन समिति, प्रदेश परिषद् र पार्टीका माथिल्ला निकायहरुकाट पारित नीति निर्णय कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने र प्रदेश कार्यसम्पादन समितिमा प्रस्तुत गर्ने । | (क)प्रदेश समिति, प्रदेश परिषद् र पार्टीका माथिल्ला निकायहरुकाट पारित नीति निर्णय कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने र प्रदेश समितिमा प्रस्तुत गर्ने । | कार्यसम्पादन हटाएकाले |

| | | |
|---|---|---|
| (ख) प्रदेश प्रमुखको परामर्शमा प्रदेश कार्यसम्पादन समिति तथा प्रदेश परिषद्को बैठक बोलाउने सूचना जारी गर्ने र कार्यसूची तयार गर्ने । | (ख)प्रदेश सभापतिको परामर्शमा प्रदेश समिति तथा प्रदेश परिषद्को बैठक बोलाउने सूचना जारी गर्ने र कार्यसूची तयार गर्ने । | कार्यसम्पादन हटाएकाले |
| (ग) प्रदेश कार्यसम्पादन समिति तथा प्रदेश परिषद्बाट पारित नीति निर्णय कार्यान्वयन गर्ने गराउने र तिनको सुपरीवेक्षण गर्ने गराउने । | (ग)प्रदेश समिति तथा प्रदेश परिषद्बाट पारित नीति निर्णय कार्यान्वयन गर्ने गराउने र तिनको सुपरीवेक्षण गर्ने गराउने । | कार्यसम्पादन हटाएकाले |
| (घ) पार्टीको प्रदेश कार्यालय प्रदेश महसचिवको मातहतमा रहनेछ । महासचिवले प्रदेश कार्यालयको रेखदेख गर्ने तथा प्रदेश कार्यालयको बैठक बोलाउने र कार्यालय सञ्चालन गर्ने । | (घ)पार्टीको प्रदेश कार्यालय प्रदेश महामन्त्रीको मातहतमा रहनेछ । महामन्त्रीले प्रदेश कार्यालयको रेखदेख गर्ने तथा प्रदेश कार्यालयको बैठक बोलाउने र कार्यालय सञ्चालन गर्ने । | महासचिवलाई महामन्त्री बनाएकाले |
| (ङ)प्रदेश कार्यसम्पादन समिति तथा प्रदेश परिषद्ले तोकेको अन्य काम गर्ने । | (ङ) प्रदेश समिति तथा प्रदेश परिषद्ले तोकेको अन्य काम गर्ने । | कार्यसम्पादन हटाएकाले |
| (च) प्रदेश प्रमुखको निर्देशन बमोजिम अन्य आवश्यक काम गर्ने । | (च)प्रदेश सभापतिको निर्देशन बमोजिम अन्य आवश्यक काम गर्ने । | प्रमुखलाई सभापति बनाएकाले |
| (छ) दैनिक कार्यसञ्चालनका लागि प्रदेश प्रमुखलाई सहयोग गर्न र आवश्यकता अनुसार प्रदेश प्रमुखलाई सल्लाह सुझाव दिने । | (छ)दैनिक कार्यसञ्चालनका लागि प्रदेश सभापतिलाई सहयोग गर्न र आवश्यकता अनुसार प्रदेश सभापतिलाई सल्लाह सुझाव दिने । | प्रमुखलाई सभापति बनाएकाले |
| (ज) प्रदेशमा पार्टी संगठनलाई चुस्त, क्रियाशील र प्रभावकारी बनाउने र पार्टी सदस्यहरुलाई पार्टी सम्बन्धी | | |

| | | |
|---|---|---|
| गतिविधि र अन्य आवश्यकता अनुसारका सूचना प्रवाहित गर्ने, निर्णयको जानकारी गराउने तथा निर्देशन जारी गर्ने । | | |
| (झ) प्रदेश भित्र पार्टीका सबै प्रकारका आधिकारिक अभिलेखको संरक्षण गर्ने/गराउने । | | |
| (ञ) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ । | | |
| ४) प्रदेश सचिवको काम, कर्तव्य र अधिकार | ४) प्रदेश सहमहामन्त्रीको काम, कर्तव्य र अधिकार | सचिवलाई सहमहामन्त्री बनाएकाले |
| (क) प्रदेश महासचिवको काममा आवश्यक सहयोग गर्ने । | (क) प्रदेश महामन्त्रीको काममा आवश्यक सहयोग गर्ने । | महासचिवलाई महामन्त्री बनाएकाले |
| (ख) प्रदेश महासचिवले प्रत्यायोजन गरेको कार्य गर्ने । | (ख) प्रदेश महामन्त्रीले प्रत्यायोजन गरेको कार्य गर्ने । | महासचिवलाई महामन्त्री बनाएकाले |
| (ग) प्रदेश परिषद् तथा प्रदेश कार्यसम्पादन समितिले तोके बमोजिम अन्य कार्यहरु गर्ने । | (ग) प्रदेश परिषद् तथा प्रदेश समितिले तोके बमोजिम अन्य कार्यहरु गर्ने । | कार्यसम्पादन हटाएकाले |
| (घ) प्रदेश संगठन विभागको प्रमुखको रुपमा काम गर्ने । | | |

| | | |
|---|---|---|
| ५) प्रदेश कोषाध्यक्षको काम, कर्तव्य र अधिकार | | |
| (क) प्रदेशभित्र पार्टीका निम्ति आवश्यक आर्थिक श्रोतसाधनको व्यवस्था गर्ने, त्यसको संरक्षण गर्ने तथा सम्पूर्ण आयव्ययको अद्यावधिक अभिलेख राख्ने । | | |
| (ख) प्रदेश कार्यसम्पादन समितिको निर्णय अनुसार बैंकमा खाता खोल्ने र प्रदेश कार्यसम्पादन समितिको निर्णय अनुसार सञ्चालन गर्ने । | (ख)प्रदेश समितिको निर्णय अनुसार बैंकमा खाता खोल्ने र प्रदेश समितिको निर्णय अनुसार सञ्चालन गर्ने । | कार्यसम्पादन हटाएकाले |
| (ग) प्रदेशभित्र पार्टीका निम्ति प्राप्त हुने सदस्यता शुल्क, तोकिए बमोजिमका अन्य शुल्क र अन्य सहयोग रकम सङ्कलन गर्ने तथा अभिलेख राख्ने। | | |
| (घ) पार्टीको कोषमा संकलित रकम पार्टीका विभिन्न काम र निकायका खर्चका लागि प्रदेश कार्यसम्पादन समितिको निर्णय अनुसार भुक्तानी गर्ने र त्यसको हिसाब राख्ने । | (घ)पार्टीको कोषमा संकलित रकम पार्टीका विभिन्न काम र निकायका खर्चका लागि प्रदेश समितिको निर्णय अनुसार भुक्तानी गर्ने र त्यसको हिसाब राख्ने । | कार्यसम्पादन हटाएकाले |
| (ङ)पार्टीको वार्षिक आर्थिक प्रतिवेदन प्रदेश कार्यसम्पादन समिति र प्रदेश कार्यसम्पादन समितिमार्फत प्रदेश परिषद्मा पेश गर्ने । | (ङ) पार्टीको वार्षिक आर्थिक प्रतिवेदन प्रदेश समिति र प्रदेश समितिमार्फत प्रदेश परिषद्मा पेश गर्ने । | कार्यसम्पादन हटाएकाले |
| (च) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ । | | |
| ६) प्रदेश प्रवक्ताको काम, कर्तव्य र अधिकार | | |

| | | |
|---|---|---|
| (क) प्रदेश परिषद् र प्रदेश कार्यसम्पादन समितिका निर्णयहरु आवश्यकता अनुसार आम जनमानसमा सूचना प्रवाहित गर्ने । | (क)प्रदेश परिषद् र प्रदेश समितिका निर्णयहरु आवश्यकता अनुसार आम जनमानसमा सूचना प्रवाहित गर्ने । | कार्यसम्पादन हटाएकाले |
| (ख) पार्टीको आधिकारिक सूचना प्रवाहित गर्ने । | | |
| (ग) प्रदेशभित्र पार्टीको नीति, विचार र समसामयिक विषयमा पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्ने । | | |
| (घ) विभिन्न समसामयिक विषयहरुमा पार्टीको दृष्टिकोणलाई आधिकारिक रुपमा आम जनमानसमा सूचना प्रवाहित गर्ने । | | |
| ७) प्रदेश कार्यसम्पादन समिति सदस्य र प्रदेश परिषद् सदस्यको काम, कर्तव्य र अधिकार | ७) प्रदेश समिति सदस्य र प्रदेश परिषद् सदस्यको काम, कर्तव्य र अधिकार | कार्यसम्पादन हटाएकाले |
| (क) प्रदेश कार्यसम्पादन समिति, प्रदेश परिषद् तथा प्रदेश प्रमुखले तोकेको काम गर्ने । | (क)प्रदेश समिति, प्रदेश परिषद् तथा प्रदेश सभापतिले तोकेको काम गर्ने । | कार्यसम्पादन हटाएकाले |
| (ख) पार्टी सदस्यहरुसँग आवश्यक समन्वय तथा सहयोग गर्ने । | | |
| (ग) पार्टीको निर्णय र यस विधान बमोजिम अन्य कार्यहरु गर्ने । | | |
| (घ) पार्टी, मुलुक र जनताका हितका लागि पार्टी नीति अनुरुप आवश्यक सिर्जनात्मक अन्य काम गर्ने । | | |

| | | |
|---|---|---|
| (ङ)मुलुक निर्माण हेतु विविध विषयमा स्वअध्ययन गरी पार्टीमा लिखित सुझाव पेश गर्ने । | | |
| | भाग-९<br>स्थानीय तह, उम्मेदवार क्लब, राष्ट्र सेवक समाज तथा ग्याट एवं सम्पर्क विभागहरु | जिल्ला स्थानीय तहमा राखिएकाले |
| धारा २९: जिल्ला परिषद् | धारा ३१: जिल्ला परिषद् | |
| १) जिल्ला परिषद् जिल्लाभित्र पार्टीको सर्वोच्च निकाय हुनेछ र यसको गठन देहाय बमोजिम हुनेछ । | १) जिल्ला अधिवेशन पछि जिल्ला परिषद् जिल्लाभित्र पार्टीको सर्वोच्च निकाय हुनेछ र यसको गठन देहाय बमोजिम हुनेछ । | अधिवेशन संरचनामा थप गरिएकाले |
| (क) जिल्ला कार्यसम्पादन समितिका सबै पदाधिकारी तथा सदस्यहरु, | (क)जिल्ला समितिका सबै, | कार्यसम्पादन हटाएकाले |
| | ख) निर्वाचन क्षेत्र समिति सबै | समिति थप गरिएकाले |
| (ख) जिल्लाभित्रका पालिका समितिका सबै पदाधिकारी तथा सदस्यहरु, | | |
| (ग) जिल्लाभित्रका पालिका प्रमुख, उपप्रमुख, अध्यक्ष वा उपाध्यक्षका रुपमा पार्टीको तर्फबाट निर्वाचित जनप्रतिनिधिहरु । | | |
| (घ) जिल्ला अनुशासन आयोगका सबै, | | |

| | | |
|---|---|---|
| (ङ)जिल्लाभित्रका निर्वाचन क्षेत्र परिषद्का सबै पदाधिकारी तथा सदस्यहरु, | (ङ) जिल्ला भित्रका वडा सभापति सवै | परिषद हटाएको तथा वडा समेट्नु पर्ने भएकाले |
| (च) जिल्लामा दर्ता भएका राष्ट्र सेवक समाजबाट १ महिला सहित २ जना प्रतिनिधिहरु, | हटाउने | राष्ट्र सेवक समाज नै हटाएकोले |
| (छ) जिल्लाका सम्पर्क विभागका प्रमुख, उपप्रमुख र सचिव सबै, | | |
| (ज) जिल्ला सल्लाहकारहरु, | | |
| (झ) जिल्ला ज्याट संयोजक, उपसंयोजक र सचिव, | | |
| (ञ) जिल्लाभित्रका पालिका परिषद्बाट सिफारिस १ महिला सहित २ जना प्रतिनिधिहरु, | | |
| (ट) परिषद्का सबै सदस्य अनिवार्य रुपमा पार्टीको केन्द्रीय पोर्टलबाट सदस्यता लिएको तथा सम्बन्धित जिल्लाको मतदाता ठेगाना रहेको हुनपर्नेछ । | | |
| (ठ)देहायको अवस्थामा जिल्ला परिषद् सदस्यको स्थान रिक्त हुनेछ : | हटाउने | छुट्टै धारामा राखिएकाले |
| (अ) निजले राजीनामा दिएमा, | | |

| | | |
|---|---|---|
| (आ) विधान बमोजिम पार्टी सदस्यता समाप्त हुन गएमा, | | |
| (इ)निजको मृत्यु भएमा, | | |
| (ई)अनुशासनात्मक कारवाही गरी बर्खास्त भएमा, | | |
| (उ) जुन आधारमा नियुक्ति वा चयन भएको हो सो आधार नरहेमा | | |
| (ड) जिल्ला सभापति, उपसभापति र सचिवले जिल्ला परिषद्को पनि सभापति, उपसभापति र सचिवको जिम्मेवारी निर्वाह गर्नेछन् । | | |
| (ढ)जिल्ला परिषदको कार्यकाल जिल्ला कार्यसम्पादन समिति सरह हुनेछ । | (ढ) जिल्ला परिषदको कार्यकाल जिल्ला समिति सरह हुनेछ । कार्यकाल अवधि भित्र जिल्ला परिषद कम्तिमा २ पटक बस्नेछ । | कार्यसम्पादन हटाएकाले साथै परिषदको संख्या तोकिएकाले |
| २) जिल्ला परिषद्को काम कर्तव्य र अधिकार | | |
| जिल्ला परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ । | | |

| | | |
|---|---|---|
| (क) जिल्ला कार्यसम्पादन समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने । | (क)जिल्ला समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने । | कार्यसम्पादन हटाएकाले |
| (ख) विधान तथा उपल्लो तहले तोकेका कामकारवाहि गर्ने, गराउने । | | |
| (ग) पालिका परिषद्का सदस्यहरुको कार्य विभाजन गर्ने । | हटाउने | आवश्यकता नभएकाले |
| (घ) जिल्ला कार्यसम्पादन समितिले पेश गरेका प्रस्तावहरु उपर छलफल तथा आवश्यक निर्णय गर्ने । | (घ)जिल्ला समितिले पेश गरेका प्रस्तावहरु उपर छलफल तथा आवश्यक निर्णय गर्ने । | कार्यसम्पादन हटाएकाले |
| | (ङ) जिल्ला अधिवेशन सम्पन्न भएको मितिदेखि अर्को जिल्ला अधिवेशनको बीचमा जिल्ला समितिको कुनै पनि पद रिक्त भएमा जिल्ला परिषद्ले पदपूर्ति गर्नेछ। यसरी पूर्ति गरिएको पदलाई निर्वाचित पद मानिनेछ । | जिम्मेवारी थप गर्नुपर्ने भएकाले |
| धारा ३० : जिल्ला कार्यसम्पादन समिति | धारा ३२ : जिल्ला समिति | कार्यसम्पादन हटाएकाले |
| १) जिल्ला कार्यसम्पादन समिति पार्टीको जिल्लाभित्रको जिल्ला परिषद्पछिको सर्वोच्च कार्यकारी निकाय हुनेछ र यो जिल्ला परिषद्प्रति उत्तरदायी हुनेछ । यसको गठन देहाय बमोजिम हुनेछः | १) जिल्ला समिति पार्टीको जिल्लाभित्रको जिल्ला परिषद्पछिको सर्वोच्च कार्यकारी निकाय हुनेछ र यो जिल्ला परिषद्प्रति उत्तरदायी हुनेछ । यसको गठन देहाय बमोजिम हुनेछः | कार्यसम्पादन हटाएकाले |

| | | |
|---|---|---|
| (क) जिल्ला कार्यसम्पादन समिति पालिका सभापतिहरुसहित थप ३ जनाको हुनेछ । | (क) जिल्ला सभापति १, उपसभापति १, सचिव १, कोषध्यक्ष १, समावेसी सदस्य ५ जना सदस्यहरु, प्रति निर्वाचन क्षेत्रबाट १ जना हुने गरी सदस्यहरु र कुल जिल्ला समिति संख्या विजोर हुने गरी जिल्ला सभापतिले २ देखि ३ जना सम्म मनोनित गरी जिल्ला समिति गठन हुनेछ । (२ जना मनोनीत गर्दा कुल जिल्ला समिति संख्या जोर हुने भए मात्र ३ जना मनोनित गर्ने ।)<br><br>*पालिका सभापतिहरु, पार्टीको तर्फबाट निर्वाचित प्रतिनिधि सभा र प्रदेश सभा सदस्य र पालिका प्रमुख, उपप्रमुखहरु स्थायी आमन्त्रीत सदस्य हुनेछ ।* | क्षेत्र तथा अन्य समावेसीतालाई समेटेर समिति बनाउन पर्ने भएकाले समिति संख्या तथा पदाधिकारी संख्या गरिएको साथै पदेन व्यवस्था परिवर्तन गरिएको |
| (ख) जिल्ला कार्यसम्पादन समितिमा १ जना जिल्ला सभापति, १ जना जिल्ला उपसभापति र १ जना जिल्ला सचिव हुनेछन् । | हटाउने | उपधारा १ को (क) मा आएकाले |
| (ग) जिल्ला अधिवेशनबाट जिल्ला सभापति निर्वाचित हुनेछन् । | (ग) जिल्ला अधिवेशनबाट जिल्ला सभापति र सदस्यहरु निर्वाचित हुनेछन् । | सदस्यहरु थप गरिएकाले |
| (घ) जिल्ला सभापतिको निर्वाचनमा विजयी उम्मेदवारले कूल सदर मतको (५०% + १) प्रतिशतको | | |

| | | |
|---|---|---|
| संख्यामा मत ल्याउनुपर्नेछ । अन्यथा बढी मत ल्याउने बीच पुनः निर्वाचन हुनेछ । | | |
| | (ङ) जिल्ला सभापतिको निर्वाचनमा २५ प्रतिशत मत कटाउने निकटम प्रतिद्वन्द्वी १ जना स्वतः जिल्ला समिति सदस्य हुनेछ । उक्त पद कुनै कारणले पूर्ति नभएमा जिल्ला सभापतिले जिल्लाका पार्टी सदस्यहरुमध्येबाट मनोनीत गरी पूर्ति गर्नेछन् । | थप गरिएकाले |
| (ङ)जिल्ला कार्यसम्पादन समितिको कार्यकाल एउटा जिल्ला अधिवेशनबाट अर्को जिल्ला अधिवेशनसम्म हुनेछ र जिल्ला अधिवेशन प्रत्येक ५ वर्षमा हुनेछ । | (च) जिल्ला समितिको कार्यकाल एउटा जिल्ला अधिवेशनबाट अर्को जिल्ला अधिवेशनसम्म हुनेछ र जिल्ला अधिवेशन प्रत्येक ५ वर्षमा हुनेछ । | कार्यसम्पादन हटाएकाले |
| (च) जिल्ला उपसभापति जिल्लाका पार्टी सदस्यहरुमध्येबाट जिल्ला परिषद्ले चयन गर्नेछ । | (छ)अधिवेशनबाट निर्वाचित जिल्ला समितिका सदस्यहरू मध्येबाट जिल्ला समितिले उपसभापति, र सचिव निर्वाचित गर्ने छ । | समिति संख्या थप गरी निर्वाचित प्रणालीमा गएकाले । |
| (छ) जिल्ला सचिव जिल्लाका पार्टी सदस्यहरुमध्येबाट जिल्ला सभापतिले मनोनीत गर्नेछन् । जिल्ला सभापतिले जिल्ला सचिवको काम कारवाही चित्त नबुझेमा निजलाई जिम्मेवारीबाट हटाई अर्को पार्टी सदस्यहरुमध्येबाट जिल्ला सचिव मनोनीत गर्न सक्नेछन् । | (छ) निर्वाचित सभापतिले प्रदेश सदस्यहरुमध्येबाट कोषाध्यक्ष मनोनित गर्न सक्ने छ । जिल्ला सभापतिले जिल्ला कोषध्यक्षको काम कारवाही चित्त नबुझेमा निजलाई जिम्मेवारीबाट हटाई अर्को निर्वाचित सदस्यहरुमध्येबाट जिल्ला कोषध्यक्ष मनोनीत गर्न सक्नेछन् । | कोषाध्यक्ष मनोनित गर्ने व्यवस्था राखेकोले |

| | | |
|---|---|---|
| २) जिल्ला कार्यसम्पादन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः | २) जिल्ला समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः | कार्यसम्पादन हटाएकाले |
| (क) जिल्ला परिषद्को निर्णय कार्यान्वयन गर्ने, गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने । | | |
| (ख) दुई जिल्ला परिषद्का बैठकका बीच आवश्यक निर्णयहरु गर्ने र पछि हुने परिषद्को बैठकमा अनुमोदनका लागि पेश गर्ने । यस बीचमा जिल्लाभित्र समग्र पार्टीको नेतृत्व गर्ने । | (ख)दुई जिल्ला परिषद्का बीच आवश्यक निर्णयहरु गर्ने र पछि हुने परिषद्मा अनुमोदनका लागि पेश गर्ने । यस बीचमा जिल्लाभित्र समग्र पार्टीको नेतृत्व गर्ने । | परिषदको बैठक नभनिने भएकाले |
| (ग) जिल्ला भित्रको समसामयिक परिस्थितिमा पार्टीको दृष्टिकोण र नीति, कार्यक्रम तथा विचार तय गर्ने । राजनीतिक तथा संगठनात्मक विषयमा आवश्यकता अनुसार निर्णय गर्ने । नेपालको संविधान र प्रचलित कानुन बमोजिम पार्टीको जिल्ला कार्यसम्पादन समितिले गर्ने भनी उल्लेख भएको कार्य गर्ने। | | |
| (घ) संघ, प्रदेश र स्थानीय तहको निर्वाचनमा पार्टीको घोषणापत्र, नीति, कार्यक्रम तयार गर्ने र निर्वाचनका लागि पार्टीका जिल्लाभित्रका सम्पूर्ण निकायलाई परिचालन गर्न आफूभन्दा उपल्लो समितिलाई सहयोग गर्ने । | | |
| (ङ)आवश्यकता अनुसार जिल्ला कार्यसम्पादन समितिका सदस्यहरुको कार्य विभाजन गर्ने । | (ङ) आवश्यकता अनुसार जिल्ला समितिका सदस्यहरुको कार्य विभाजन गर्ने । | कार्यसम्पादन हटाएकाले |

| | | |
|---|---|---|
| (च) जिल्लाका भौतिक तथा मानवीय विकास, उत्पादनमा वृद्धि, जनताको जीविकोपार्जनमा सहजता, जनचेतना अभिवृद्धि र सामाजिक न्यायको लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने । जनजीविका र जन हितको रक्षाका लागि जनपरिचालन गर्ने र आवश्यकता अनुसार आन्दोलन लगायत अन्य कार्य सञ्चालन गर्ने । पार्टीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यकता अनुसार अभियान घोषणा गर्ने र कार्यान्वयन गर्ने, गराउने । | | |
| (छ) पार्टीका जिल्लाभित्रका समिति, विभाग, आयोग, कार्यदल तथा अन्य संयन्त्रका निर्णयहरुलाई आवश्यक संसोधन र सुझाव सहित अनुमोदन गर्ने । | | |
| (ज) जिल्लाभित्र पार्टीको आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति स्रोत पहिचान, सङ्कलन र परिचालनका लागि आवश्यक काम गर्ने । | | |
| (झ) पार्टीको जिल्ला कार्यालयलाई पार्टीको प्रशासनिक एवम दैनिक काम कारवाही सञ्चालनका लागि आवश्यक निर्देशन दिने । | | |
| (ञ) यस विधानमा जिल्ला कार्यसम्पादन समितिले गर्ने भनी उल्लेख भएका कार्य गर्ने । | (ञ) यस विधानमा जिल्ला समितिले गर्ने भनी उल्लेख भएका कार्य गर्ने । | कार्यसम्पादन हटाएकाले |
| (ट)उपल्लो समितिबाट बेलाबेलामा जारी हुने निर्णय तथा निर्देशनहरु पालना गर्ने, गराउने । | | |

| | | |
|---|---|---|
| (ठ)विधान बमोजिम जिल्ला अधिवेशन र जिल्ला परिषद्को बैठक आयोजना गर्ने । | (ठ) विधान बमोजिम जिल्ला अधिवेशन र जिल्ला परिषद्को आयोजना गर्ने । | परिषदको बैठक नभनिने भएकाले |
| | **धारा ३३: जिल्ला सचिवालय**<br>१) जिल्ला सचिवालयको गठन<br>(क) जिल्ला समितिमा दैनिक कार्य सम्पादनको लागि जिल्ला सचिवालय रहनेछ ।<br>(ख) सचिवालयमा जिल्ला सभापति १, उपसभापति १, सचिव १, कोषाध्यक्ष १ र सदस्य ७ जना सहित ११ जनाको सचिवालय गठन हुनेछ ।<br>ग) जिल्ला सचिवालयमा सदरमुकाम भएको पालिका सभापति आमन्त्रीत सदस्य हुनेछन् ।<br>**२) जिल्ला सचिवालयका काम, कर्तव्य र अधिकार**<br>जिल्ला सचिवालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।<br>(क) जिल्ला समितिको बैठक नबसेको अवस्थामा आवश्यकता अनुसार जिल्ला स्तरीय राजनीतिक तथा संगठनात्मक | थप व्यवस्था गरिएकाले |

| | | |
|---|---|---|
| | विषयमा निर्णय गर्ने । समसामयिक घटनाहरुका आवश्यक विश्लेषण गरी अभिलेखीकरण गर्ने तथा प्रतिवेदनहरु आवश्यकता अनुरुप पार्टीको दृष्टिकोण सार्वजनिक गर्ने ।<br>(ख) जिल्ला समितिको एउटा र अर्को बैठकका बीचमा जिल्ला समितिले गर्नुपर्ने काम जिल्ला सचिवालयले गर्नेछ ।<br>(ग) जिल्ला सचिवालयले गरेको निर्णय तथा कार्य अनुमोदनका लागि जिल्ला समितिको बैठकमा प्रस्तुत गर्ने ।<br>(घ) जिल्ला समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने ।<br>(ङ)जिल्ला समितिबाट गरिनुपर्ने नीतिगत तथा संगठनात्मक कामको प्रस्ताव तयार गर्ने।<br>(च) पार्टीका समिति, विभाग, आयोग तथा अन्य संयन्त्रबीच समन्वय गर्ने र तिनको कामको समीक्षा गर्ने ।<br>(छ) जिल्ला समितिले तोकेका अन्य कार्यहरु गर्ने । | |

| | | |
|---|---|---|
| | (ज) पार्टीको जिल्ला कार्यालयका लागि आवश्यक कर्मचारी नियुक्त तथा हेरफेर गर्ने ।<br>(झ) जिल्ला समितिमा पेश हुन आएका प्रतिवेदनहरुमाथि छलफल गरी कार्यान्वयनका लागि निर्देशन तथा सहजीकरण गर्ने ।<br>(ञ) निर्वाचन क्षेत्रबाट समितिलाई अवश्यक निर्देशन दिने तथा कार्यसम्पादन मुल्याङ्कन गर्ने । | |
| ३) जिल्ला पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार | | |
| (१) जिल्ला सभापतिको काम, कर्तव्य र अधिकार | | |
| (क) जिल्ला भित्र पार्टीको समग्र नेतृत्व गर्ने । जिल्ला भित्र पार्टीका प्रमुख नेता, प्रमुख प्रवक्ता र प्रमुख पदाधिकारीको रुपमा वैचारिक तथा राजनीतिक विषयमा पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्ने । | | |
| (ख) जिल्ला कार्यसम्पादन समिति र जिल्ला परिषद्का सदस्यको कार्य विभाजन हेरफेर गर्ने । | | |
| (ग) जिल्ला भित्र पार्टीको आर्दश, सिद्धान्त र मर्यादालाई उच्च राख्ने र राख्न लगाउने तथा पार्टीलाई | | |

| | | |
|---|---|---|
| सबल र सक्षम संगठनको रुपमा सञ्चालन गर्न नेतृत्व प्रदान गर्ने । | | |
| (घ) जिल्लाभित्र पार्टीका अगाडि तत्काल परी आएका कार्यहरु गर्ने र त्यसको जानकारी जिल्ला समितिलाई दिने । | | |
| (ङ)पार्टीका जिल्लाभित्रका समिति, विभाग, आयोग, कार्यदल तथा अन्य संयन्त्रका निर्णयहरु कार्यान्वयन भए नभएको रेखदेख गर्ने, गराउने । | | |
| (च) जिल्ला सभापति बाहिर जानुपर्ने अवस्थामा वा आवश्यकता अनुसार जिल्ला उपसभापतिलाई कार्यवाहक सभापति तोक्ने । | | |
| (छ) जिल्ला कार्यसम्पादन समिति तथा जिल्ला परिषद्को बैठक बोलाउने । | (छ) जिल्ला समितिको बैठक बोलाउने । | कार्यसम्पादन हटाएकाले |
| (ज) जिल्ला परिषद् तथा जिल्ला कार्यसम्पादन समितिले तोके बमोजिम अन्य कार्यहरु गर्ने । | (ज) जिल्ला परिषद् तथा जिल्ला समितिले तोके बमोजिम अन्य कार्यहरु गर्ने । | कार्यसम्पादन हटाएकाले |
| (झ) पार्टीको निर्णय बमोजिम अन्य कार्यहरु गर्ने । | | |
| (ञ) यस विधानले तोके बमोजिम अन्य कार्यहरु गर्ने । | | |
| (२) जिल्ला उपसभापतिको काम, कर्तव्य र अधिकार | | |

| | | |
|---|---|---|
| (क) जिल्ला सभापतिको काममा आवश्यक सहयोग गर्ने । | | |
| (ख) जिल्ला सभापतिले प्रत्यायोजन गरेको कार्य गर्ने । | | |
| (ग) जिल्ला परिषद् तथा जिल्ला कार्यसम्पादन समितिले तोके बमोजिम अन्य कार्यहरु गर्ने । | (ग) जिल्ला परिषद् तथा जिल्ला समितिले तोके बमोजिम अन्य कार्यहरु गर्ने । | कार्यसम्पादन हटाएकाले |
| (३) जिल्ला सचिवको काम, कर्तव्य र अधिकार | | |
| (क) जिल्ला कार्यसम्पादन समिति, जिल्ला परिषद् र पार्टीका माथिल्ला निकायहरुकाट पारित नीति निर्णय कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने र जिल्ला कार्यसम्पादन समितिमा प्रस्तुत गर्ने । | (क) जिल्ला समिति, जिल्ला परिषद् र पार्टीका माथिल्ला निकायहरुकाट पारित नीति निर्णय कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने र जिल्ला समितिमा प्रस्तुत गर्ने । | कार्यसम्पादन हटाएकाले |
| (ख) जिल्ला सभापतिको परामर्शमा जिल्ला कार्यसम्पादन समिति तथा जिल्ला परिषद्को बैठक बोलाउने सूचना जारी गर्ने र कार्यसूची तयार गर्ने । | (ख) जिल्ला सभापतिको परामर्शमा जिल्ला समिति तथा जिल्ला परिषद्को बैठक बोलाउने सूचना जारी गर्ने र कार्यसूची तयार गर्ने । | कार्यसम्पादन हटाएकाले |
| (ग) जिल्ला कार्यसम्पादन समिति तथा जिल्ला परिषद्बाट पारित नीति निर्णय कार्यान्वयन गर्ने गराउने र तिनको सुपरीवेक्षण गर्ने गराउने । | (ग) जिल्ला समिति तथा जिल्ला परिषद्बाट पारित नीति निर्णय कार्यान्वयन गर्ने गराउने र तिनको सुपरीवेक्षण गर्ने गराउने । | कार्यसम्पादन हटाएकाले |
| (घ) पार्टीको जिल्ला कार्यालय जिल्ला सचिवको मातहतमा रहनेछ । सचिवले जिल्ला कार्यालयको रेखदेख | | |

| | | |
|---|---|---|
| गर्ने तथा जिल्ला कार्यालयको बैठक बोलाउने र कार्यालय सञ्चालन गर्ने । | | |
| (ङ)जिल्ला कार्यसम्पादन समिति तथा जिल्ला परिषद्ले तोकेको अन्य काम गर्ने । | (ङ) जिल्ला समिति तथा जिल्ला परिषद्ले तोकेको अन्य काम गर्ने । | कार्यसम्पादन हटाएकाले |
| (च) जिल्ला सभापतिको निर्देशन बमोजिम अन्य आवश्यक काम गर्ने । | | |
| (छ) दैनिक कार्यसञ्चालनका लागि जिल्ला सभापतिलाई सहयोग गर्न र आवश्यकता अनुसार जिल्ला सभापतिलाई सल्लाह सुझाव दिने । | | |
| (ज) जिल्लामा पार्टी संगठनलाई चुस्त, क्रियाशील र प्रभावकारी बनाउने र पार्टी सदस्यहरुलाई पार्टी सम्बन्धी गतिविधि र अन्य आवश्यकता अनुसारका सूचना प्रवाहित गर्ने, निर्णयको जानकारी गराउने तथा निर्देशन जारी गर्ने । | | |
| (झ) जिल्ला भित्र पार्टीका सबै प्रकारका आधिकारिक अभिलेखको संरक्षण गर्ने/गराउने । | | |
| (ञ) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ । | | |
| ४) जिल्ला परिषद् सदस्यको काम, कर्तव्य र अधिकार | | |

| | | |
|---|---|---|
| (क) जिल्ला कार्यसम्पादन समिति, जिल्ला परिषद् तथा जिल्ला सभापतिले तोकेको काम गर्ने । | (क) जिल्ला समिति, जिल्ला परिषद् तथा जिल्ला सभापतिले तोकेको काम गर्ने । | कार्यसम्पादन हटाएकाले |
| (ख) पार्टी सदस्यहरुसँग आवश्यक समन्वय तथा सहयोग गर्ने । | | |
| (ग) पार्टीको निर्णय र यस विधान बमोजिम अन्य कार्यहरु गर्ने । | | |
| (घ) पार्टी, मुलुक र जनताका हितका लागि पार्टी नीति अनुरुप आवश्यक सिर्जनात्मक अन्य काम गर्ने । | | |
| (ङ)मुलुक निर्माण हेतु विविध विषयमा स्वअध्ययन गरी पार्टीमा लिखित सुझाव पेश गर्ने । | | |
| | ५) निर्वाचन क्षेत्र समिति गठन | थप गरिएको |
| | क) एक भन्दा बढि निर्वाचन क्षेत्र भएको जिल्लामा जिल्ला समितिले निर्वाचन क्षेत्रबाट प्रतिनिधित्व गर्ने जिल्ला सदस्यको संयोजकत्वमा ७ सदस्यीय निर्वाचन क्षेत्र समिति गठन गर्नेछ । तर एक मात्र निर्वाचन क्षेत्र भएको जिल्लाको हकमा जिल्ला समितिले नै निर्वाचन क्षेत्र समितिको कार्य गर्नेछ । | थप गरिएको |

| | | |
|---|---|---|
| | ख) निर्वाचन क्षेत्र समितिमा उपसंयोजक २, सचिव १ र सदस्य ३ जना (प्रदेश सभा निर्वाचन क्षेत्रबाट उपसंयोजक १ सहित कम्तिमा २ जना हुने गरी) सहितको सम्वन्धित निर्वाचन क्षेत्रबाट जिल्ला अधिवेशनमा आएका प्रतिनिधिहरु मध्येबाट निर्वाचन क्षेत्र समिति निर्वाचित गरिनेछ । | थप गरिएको |
| | ग) निर्वाचन क्षेत्र समितिको कुनै पद रिक्त भएमा जिल्ला समितिले सम्वन्धित निर्वाचन क्षेत्र भित्रको पार्टी सदस्यहरुबाट मनोनित गर्ने छ । | थप गरिएको |
| | घ) पार्टीको तर्फबाट निर्वाचित प्रतिनिधि सभा र प्रदेश सभा सदस्यहरु स्थायी आमन्त्रीत सदस्य हुनेछन् । | थप गरिएको |
| | **६. निर्वाचन क्षेत्र समितिको काम कर्तब्य अधिकार** | थप गरिएको |
| | क) निर्वाचन क्षेत्र भित्रका वडा, पालिका, प्रदेश सभा तथा प्रतिनिधि सभा निर्वाचनको लागि आवश्यक तयारी गर्ने । | |
| | ख) निर्वाचन क्षेत्र भित्रका मतदाता तथा पार्टी सदस्यहरुलाई मतदाता शिक्षा सम्वन्धी कार्यक्रमहरु तय गरी कार्यान्वयन गर्ने । | |

| | | |
|---|---|---|
| | ग) निर्वाचनमा पार्टीको उमेदवारहरुलाई निर्वाचित गराउन आफ्नो निर्वाचन क्षेत्रको सवै संगठनहरुसंग समन्वय गरी आवश्यक कार्य गर्ने । | |
| | घ) वडा समितिसँगको समन्वयमा निर्वाचनको कार्य गर्न संयोजक १, उपसंयोजक १, सचिव १ र २ जना सदस्यहरु ५ जनाको मतदान स्थल समिति गठन गर्ने र मतदान केन्द्र(बुथ)को संख्या अनुसार बुथ प्रतिनिधिहरु परिचालन गर्ने । | |
| | ङ) मतदाताहरुको विवरण तयार गर्ने तथा विगतका निर्वाचनको विष्लेषण गरी प्रतिवेदन तयारी गरी जिल्ला सभापतिलाई बुझाउने । | |
| | च) पार्टीको निर्वाचन आयोगले तोकेको निर्वाचनसंग सम्वन्धित कार्य गर्ने । | |
| | छ) पार्टीको सम्वन्धित क्षेत्रभूगोलका उमेदवारसंगको समन्वय, सहकार्य र निर्देशनमा  निर्वाचन सम्बन्धि तोकिएका कार्यहरु गर्ने । | |
| | ज) निर्वाचन क्षेत्र समितिको कार्यलाई सहजीकरण, कार्य विभाजन र प्रभावकारीता बढाउन निर्वाचन | |

| | | |
|---|---|---|
| | मिति घोषणा भएको मितिले १५ दिन भित्र कम्तिमा १ पटक, उमेदवार घोषणा भएको मितिले १० दिन भित्र कम्तिमा १ पटक र अन्य आवश्यकता अनुसार निर्वाचन क्षेत्र समितिको विस्तारीत बैठक गर्ने ।<br><br>*उक्त बैठकमा निर्वाचन क्षेत्र समिति सवै, जिल्ला समितिका पदाधिकारी सदस्यहरु सवै, सम्बन्धित निर्वाचन क्षेत्रभित्रका वडा सभापति, उपसभापति, सचिव र सम्बन्धित निर्वाचन क्षेत्रमा मतदाता ठेगाना रहेका पालिका समिति सदस्यहरू, पार्टीको तर्फबाट निर्वाचित प्रतिनिधि सभा सदस्य, प्रदेश सभा सदस्य, सम्वन्धित निर्वाचन क्षेत्रमा स्थायी ठेगाना भएको निर्वाचित पिलका जनप्रतिनिधिहरु र पूर्व उमेदवारहरु सहभागी हुनेछन् ।* | |
| | झ) जिल्ला समितिले तोकेका कार्यहरु गर्ने । | |
| धारा ३५: निर्वाचन क्षेत्र परिषद् | धारा ३४: हटाउने | जिल्ला अन्तरगत |
| १) निर्वाचन क्षेत्र परिषद् गठन देहाय बमोजिम हुनेछ । | हटाउने | |

| | | |
|---|---|---|
| (क) जिल्ला सभापति, उपसभापति, सचिव सहित सम्बन्धित निर्वाचन क्षेत्रभित्रका वडा सभापति, उपसभापति, सचिव र सम्बन्धित निर्वाचन क्षेत्रमा मतदाता ठेगाना रहेका पालिका समिति सदस्यहरू । | हटाउने | निर्वाचन क्षेत्र समिति भएकाले आवश्यक नभएकाले |
| (ख) जननिर्वाचित सांसद (सम्बन्धित निर्वाचन क्षेत्रबाट प्रत्यक्षरूपमा निर्वाचित) ले सम्बन्धित भुगोलका पार्टी सदस्यहरुमध्येबाट निर्वाचन क्षेत्र परिषद्को सभापति र सचिव मनोनीत गर्नेछन् । अन्य निर्वाचन क्षेत्रको हकमा जिल्ला सभापति र जिल्ला सचिवले परिषद्को सभापति र सचिवको काम गर्नेछन् । | हटाउने | |
| (ग) सम्बन्धित निर्वाचन क्षेत्रको आगामी निर्वाचनका लागि उम्मेदवार चयन भइसकेको अवस्थामा सम्बन्धित परिषद्को सभापतित्व उम्मेदवारले गर्नेछन् र उम्मेदवारले मनोनीत गरेका पार्टी सदस्य सचिव हुनेछन् । निर्वाचनपछि पूनः निर्वाचित सांसदले मनोनीत गरेको पार्टी सदस्यले वा जिल्ला सभापतिले सभापतित्व गर्नेछन् र सोही बमोजिम सचिव पनि हुनेछन् । | हटाउने | |
| २) निर्वाचन क्षेत्रपरिषद्ले निर्वाचन क्षेत्र केन्द्रीत कार्यक्रमहरूका लागि कार्यदल, समिति, उपसमिति बनाउन सक्नेछ । | हटाउने | |

| | | |
|---|---|---|
| ३) निर्वाचन क्षेत्रपरिषद्ले केन्द्रीय परिषद्, केन्द्रीय समिति, केन्द्रीय कार्यकारिणी समिति र पार्टी सचिवालयको बैठकले तोकेको कार्य गर्नेछ । | हटाउने | |
| भाग-९<br>स्थानीय तह, उम्मेदवार क्लब, राष्ट्र सेवक समाज तथा च्याट एवं सम्पर्क विभागहरु | भाग-९<br>स्थानीय तह, उम्मेदवार क्लब तथा च्याट एवं सम्पर्क विभागहरु | |
| धारा ३१: पालिका परिषद् | धारा ३५: | |
| १) पालिका परिषद् पालिकाभित्र पार्टीको सर्वोच्च निकाय हुनेछ र यसको गठन देहाय बमोजिम हुनेछ । | | |
| (क) पालिका समितिका सबै पदाधिकारी तथा सदस्यहरु, | | |
| (ख) पालिका च्याट संयोजक, उपसंयोजक र सचिव, | | |
| (ग) पालिकामा दर्ता भएका राष्ट्र सेवक समाजबाट १ महिला सहित २ जना प्रतिनिधिहरु, | हटाउने | राष्ट्र सेवक समाज नै हटाएकोले |
| (घ) पालिका उम्मेदवार क्लबका सबै सदस्यहरु । | | |
| (ङ) पालिका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष वा वडाध्यक्षका रुपमा पार्टीको तर्फबाट निर्वाचित जनप्रतिनिधिहरु । | | |

| | | |
|---|---|---|
| (च) पालिका विभागीय प्रमुख सबै, | (च)पालिका विभागीय प्रमुख सहित ३ जना, | अन्य सदस्य थप गरिएको |
| (छ) पालिकाका सम्पर्क विभागका प्रमुख, उपप्रमुख र सचिव सबै, | | |
| (ज) पालिका सल्लाहकारहरु, | | |
| (झ) पालिकाभित्रका वडा परिषद्बाट सिफारिस १ महिला सहित २ जना प्रतिनिधिहरु, | | |
| (ञ) पालिकाभित्रका वडा समितिका सबै पदाधिकारी तथा सदस्यहरु, | (ञ)पालिकाभित्रका वडा समितिका पदाधिकारीहरु सबै | परिषद सदस्य संख्या कम गरिएकाले |
| (ट)परिषद्का सबै सदस्य अनिवार्य रुपमा पार्टीको केन्द्रीय पोर्टलबाट सदस्यता लिएको तथा सम्बन्धित पालिकाको मतदाता ठेगाना रहेको हुनपर्नेछ । | | |
| (ठ)देहायको अवस्थामा पालिका परिषद् सदस्यको स्थान रिक्त हुनेछ : | हटाउने | छुट्टै धारामा व्यवस्था गरिएकाले |
| (अ) निजले राजीनामा दिएमा, | | |
| (आ) विधान बमोजिम पार्टी सदस्यता समाप्त हुन गएमा, | | |

| | | |
|---|---|---|
| (इ)निजको मृत्यु भएमा, | | |
| (ई)अनुशासनात्मक कारवाही गरी बर्खास्त भएमा, | | |
| (उ) जुन आधारमा नियुक्ति वा चयन भएको हो सो आधार नरहेमा | | |
| (ड) पालिका सभापति, उपसभापति र सचिवले पालिका परिषद्को पनि सभापति, उपसभापति र सचिवको जिम्मेवारी निर्वाह गर्नेछन् । | | |
| (ढ)पालिका पषिदको कार्यकाल पालिका समिति सरह हुनेछ । | (ढ) पालिका परिषदको कार्यकाल पालिका समिति सरह हुनेछ । कार्यकाल अवधि भित्र कम्तिमा २ वटा परिषद बस्नेछ । | परिषदको संख्या तोक्न पर्ने भएकाले |
| २) पालिका परिषद्को काम कर्तव्य र अधिकार | | |
| पालिका परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ । | | |
| (क) पालिका समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने । | | |
| (ख) विधान तथा उपल्लो तहले तोकेका कामकारवाहि गर्ने, गराउने । | | |
| (ग) पालिका परिषद्का सदस्यहरुको कार्य विभाजन गर्ने । | | |

| | | |
|---|---|---|
| (घ) पालिका समितिले पेश गरेका प्रस्तावहरु उपर छलफल तथा आवश्यक निर्णय गर्ने । | | |
| | (ङ) पालिका अधिवेशन सम्पन्न भएको मितिदेखि अर्को जिल्ला अधिवेशनको बीचमा पालिका समितिको कुनै पनि पद रिक्त भएमा पालिका परिषद्ले पदपूर्ति गर्नेछ । यसरी पूर्ति गरिएको पदलाई निर्वाचित पद मानिनेछ । | थप जिम्मेवारी दिएकाले |
| धारा ३२ : पालिका समिति | धारा ३६ : पालिका समिति | |
| १) पालिका समिति पार्टीको पालिकाभित्रको पालिका परिषद्पछिको सर्वोच्च कार्यकारी निकाय हुनेछ र यो पालिका परिषद्प्रति उत्तरदायी हुनेछ । यसको गठन देहाय बमोजिम हुनेछ : | | |
| (क) पालिका समिति वडा सभापतिहरु सहित थप ११ जनाको हुनेछ । | (क) गाउँपालिका समिति ११, नगरपालिका समिति १५ र उपमहानगरपालिका समिति २१ र महानगरपालिका समिति २५ जनाको हुनेछ ।<br><br>वडा सभापतिहरु र पार्टीको तर्फबाट निर्वाचित पालिकाको जनप्रतिनिधि स्थायी आमन्त्रीत सदस्य हुनेछ । | पालिका अनुसार समिति सदस्य संख्या परिवर्तन गरिएकाले साथै पदेन व्यवस्था |

| | | |
|---|---|---|
| | | परिवर्तन गरिएकाले |
| (ख) पालिका समितिमा १ जना पालिका सभापति, १ जना पालिका उपसभापति, १ जना पालिका सचिव, १ जना पालिका कोषाध्यक्ष र बाँकी पालिका समितिको सदस्य हुनेछन् । | | |
| (ग) पालिका अधिवेशनबाट पालिका सभापति र अधिकतम ८ जना पालिका समिति सदस्य निर्वाचित हुनेछन् । | (ग)पालिका अधिवेशनबाट पालिका सभापति र पालिका समिति सदस्य निर्वाचित हुनेछन् । | सदस्य संख्या थप भएकाले |
| (घ) पालिका सभापतिको निर्वाचनमा विजयी उम्मेदवारले कूल सदर मतको (५०% + १) प्रतिशतको संख्यामा मत ल्याउनुपर्नेछ। अन्यथा बढी मत ल्याउने बीच पुनः निर्वाचन हुनेछ । | | |
| (ङ)पालिका सभापतिको निर्वाचनमा २५ प्रतिशत मत कटाउने निकटम प्रतिद्वन्द्वी १ जना स्वतः पालिका समिति सदस्य हुनेछ। उक्त पद कुनै कारणले पूर्ति नभएमा पालिका सभापतिले पालिकाका पार्टी सदस्यहरुमध्येबाट मनोनीत गरी पूर्ति गर्नेछन् । | | |
| (च) पालिका सभापतिले पालिकाका पार्टी सदस्यहरुमध्येबाट १ जना पालिका समिति सदस्यका रुपमा मनोनीत गर्नेछन् । | | |

| | | |
|---|---|---|
| (छ) वडा सभापति बाहेकका ११ जनामा ६ जना युवा, ४ जना महिला, १ जना दलित अनिवार्य रूपमा हुनपर्नेछ । कुनै कारणवश यो अनुसार समावेशिता कायम हुन नसके, ती पद रिक्त रहनेछ र फरक समूहबाट पूर्ति गरिने छैन। | (छ) वडा सभापति बाहेकका ११ जनामा १ जना दलित सहित ४ जना महिला अनिवार्यरूपमा हुनु पर्नेछ भने युवालाई प्राथमिकतामा राखीने छ । कुनै कारणवश यो अनुसार समावेशिता कायम हुन नसके, ती पद रिक्त रहनेछ र फरक समूहबाट पूर्ति गरिने छैन । | स्पष्ट पारिएको । |
| (ज) पालिका समितिको कार्यकाल एउटा पालिका अधिवेशनबाट अर्को पालिका अधिवेशनसम्म हुनेछ र पालिका अधिवेशन प्रत्येक ५ वर्षमा हुनेछ । | | |
| (झ) पालिका अधिवेशन सम्पन्न भएको मितिदेखि अर्को पालिका अधिवेशनको बीचमा पालिका समितिको कुनै पनि पद रिक्त भएमा पालिका परिषद्ले पदपूर्ति गर्नेछ । यसरी पूर्ति गरिएको पदलाई निर्वाचित पद मानिनेछ र पालिका उपसभापति, सचिव र कोषाध्यक्षका लागि योग्य मानिनेछ । मनोनीत पालिका समिति सदस्यको पद आवश्यकता बमोजिम पालिका सभापतिले खोरज गर्न सक्नेछन् र उक्त रिक्त पद पालिकाका पार्टी सदस्यहरुमध्येबाट पालिका सभापतिले मनोनयन गरी पूर्ति गर्न सक्नेछन्। | | |
| (ञ) पालिका उपसभापति र पालिका कोषाध्यक्ष वडा सभापति बाहेकक निर्वाचित पालिका समिति सदस्यहरूमध्येबाट पालिका परिषद्ले चयन गर्नेछ । | (च) अधिवेशनबाट निर्वाचित जिल्ला समितिका सदस्यहरू मध्येबाट उमेदवारी मनोनयन गरी जिल्ला समितिले उपसभापति, र सचिव निर्वाचित गर्ने छ । | निर्वाचित व्यवस्था गरिएकाले |

| | | |
|---|---|---|
| | साथै निर्वाचित सभापतिले प्रदेश सदस्यहरुमध्येबाट कोषाध्यक्ष मनोनित गर्न सक्ने छ । | |
| (ट)पालिका सचिव वडा सभापति बाहेकका निर्वाचित पालिका समिति सदस्यहरूमध्येबाट पालिका सभापतिले मनोनीत गर्नेछन् । पालिका सभापतिले पालिका सचिवको काम कारवाही चित्त नबुझेमा निजलाई जिम्मेवारीबाट हटाई अर्को निर्वाचित पालिका समिति सदस्यलाई पालिका सचिवमा मनोनीत गर्न सक्नेछन् । | हटाउने | उपधारा (त्र) मा आईसकेकाले |
| २) पालिका समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ : | | |
| (क) पालिका परिषद्को निर्णय कार्यान्वयन गर्ने, गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने । | | |
| (ख) दुई पालिका परिषद्का बैठकका बीच आवश्यक निर्णयहरु गर्ने र पछि हुने परिषद्को बैठकमा अनुमोदनका लागि पेश गर्ने । यस बीचमा पालिकाभित्र समग्र पार्टीको नेतृत्व गर्ने । | (ख) दुई पालिका परिषद्का बीच आवश्यक निर्णयहरु गर्ने र पछि हुने परिषद्मा अनुमोदनका लागि पेश गर्ने । यस बीचमा पालिकाभित्र समग्र पार्टीको नेतृत्व गर्ने । | परिषदको बैठक नभनिने भएकाले |
| (ग) पालिका भित्रको समसामयिक परिस्थितिमा पार्टीको दृष्टिकोण र नीति, कार्यक्रम तथा विचार तय गर्ने । राजनीतिक तथा संगठनात्मक विषयमा आवश्यकता अनुसार निर्णय गर्ने । नेपालको संविधान र प्रचलित कानुन | | |

| | | |
|---|---|---|
| बमोजिम पार्टीको पालिका समितिले गर्ने भनी उल्लेख भएको कार्य गर्ने । | | |
| (घ) पालिका तहको निर्वाचनमा पार्टीको घोषणापत्र, नीति, कार्यक्रम तयार गर्न र निर्वाचनका लागि पार्टीका पालिकाभित्रका सम्पूर्ण निकायलाई परिचालन गर्न आफूभन्दा उपल्लो समितिलाई सहयोग गर्ने । | | |
| (ङ)आवश्यकता अनुसार पालिका समितिका सदस्यहरुको कार्य विभाजन गर्ने । | | |
| (च) पालिकाका भौतिक तथा मानवीय विकास, उत्पादनमा वृद्धि, जनताको जीविकोपार्जनमा सहजता, जनचेतना अभिवृद्धि र सामाजिक न्यायको लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने । जनजीविका र जनहितको रक्षाका लागि जनपरिचालन गर्ने र आवश्यकता अनुसार आन्दोलन लगायत अन्य कार्य सञ्चालन गर्ने । पार्टीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यकता अनुसार अभियान घोषणा गर्ने र कार्यान्वयन गर्ने, गराउने । | | |
| (छ) पार्टीका पालिकाभित्रका समिति, विभाग, आयोग, कार्यदल तथा अन्य संयन्त्रका निर्णयहरुलाई आवश्यक संशोधन र सुझावसहित अनुमोदन गर्ने । | | |

| | | |
|---|---|---|
| (ज) पालिकाभित्र पार्टीको आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति स्रोत पहिचान, सङ्कलन र परिचालनका लागि आवश्यक काम गर्ने । | | |
| (झ) पार्टीको पालिका कार्यालयलाई पार्टीको प्रशासनिक एवम दैनिक काम कारवाही सञ्चालनका लागि आवश्यक निर्देशन दिने । | | |
| (ञ) यस विधानमा पालिका समितिले गर्ने भनी उल्लेख भएका कार्य गर्ने । | | |
| (ट)उपल्लो समितिबाट बेलाबेलामा जारी हुने निर्णय तथा निर्देशनहरु पालना गर्ने, गराउने । | | |
| (ठ)विधान बमोजिम पालिका अधिवेशन र पालिका परिषद्को बैठक आयोजना गर्ने । | (ठ) विधान बमोजिम पालिका अधिवेशन र पालिका परिषद् आयोजना गर्ने । | परिषदको बैठक नभनिने भएकाले । |
| ३) पालिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार | | |
| (१) पालिका सभापतिको काम, कर्तव्य र अधिकार | | |
| (क) पालिका भित्र पार्टीको समग्र नेतृत्व गर्ने । पालिकाभित्र पार्टीका प्रमुख नेता, प्रमुख प्रवक्ता र प्रमुख पदाधिकारीको रुपमा वैचारिक तथा राजनीतिक विषयमा पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्ने । | | |

| | | |
|---|---|---|
| (ख) पालिका समिति र पालिका परिषद्का सदस्यको कार्य विभाजन हेरफेर गर्ने। | | |
| (ग) पालिका भित्र पार्टीको आर्दश, सिद्धान्त र मर्यादालाई उच्च राख्ने र राख्न लगाउने तथा पार्टीलाई सबल र सक्षम संगठनको रुपमा सञ्चालन गर्न नेतृत्व प्रदान गर्ने । | | |
| (घ) पालिकाभित्र पार्टीका अगाडि तत्काल परी आएका कार्यहरु गर्ने र त्यसको जानकारी पालिका समितिलाई दिने । | | |
| (ङ)पार्टीका पालिकाभित्रका समिति, विभाग, आयोग, कार्यदल तथा अन्य संयन्त्रका निर्णयहरु कार्यान्वयन भए नभएको रेखदेख गर्ने, गराउने । | | |
| (च) पालिका सभापति बाहिर जानुपर्ने अवस्थामा वा आवश्यकता अनुसार पालिका उपसभापतिलाई कार्यवाहक सभापति तोक्ने । | | |
| (छ) पालिका समिति तथा पालिका परिषद्को बैठक बोलाउने । | (छ)पालिका समितिको बैठक बोलाउने । | पषिदको बैठक नभनिने भएकाले । |
| (ज) पालिका परिषद् तथा पालिका समितिले तोके बमोजिम अन्य कार्यहरु गर्ने । | | |

| | | |
|---|---|---|
| (झ) पार्टीको निर्णय बमोजिम अन्य कार्यहरु गर्ने । | | |
| (ञ) यस विधानले तोके बमोजिम अन्य कार्यहरु गर्ने । | | |
| (२) पालिका उपसभापतिको काम, कर्तव्य र अधिकार | | |
| (क) पालिका सभापतिको काममा आवश्यक सहयोग गर्ने । | | |
| (ख) पालिका सभापतिले प्रत्यायोजन गरेको कार्य गर्ने । | | |
| (ग) पालिका परिषद् तथा पालिका समितिले तोके बमोजिम अन्य कार्यहरु गर्ने । | | |
| (३) पालिका सचिवको काम, कर्तव्य र अधिकार | | |
| (क) पालिका समिति, पालिका परिषद् र पार्टीका माथिल्ला निकायहरुकाट पारित नीति निर्णय कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने र पालिका समितिमा प्रस्तुत गर्ने । | | |
| (ख) पालिका सभापतिको परामर्शमा पालिका समिति तथा पालिका परिषद्को बैठक बोलाउने सूचना जारी गर्ने र कार्यसूची तयार गर्ने । | | |

| | | |
|---|---|---|
| (ग) पालिका समिति तथा पालिका परिषद्बाट पारित नीति निर्णय कार्यान्वयन गर्ने गराउने र तिनको सुपरीवेक्षण गर्ने गराउने । | | |
| (घ) पार्टीको पालिका कार्यालय पालिका सचिवको मातहतमा रहनेछ । सचिवले पालिका कार्यालयको रेखदेख गर्ने तथा पालिका कार्यालयको बैठक बोलाउने र कार्यालय सञ्चालन गर्ने । | | |
| (ङ)पालिका समिति तथा पालिका परिषद्ले तोकेको अन्य काम गर्ने । | | |
| (च) पालिका सभापतिको निर्देशन बमोजिम अन्य आवश्यक काम गर्ने । | | |
| (छ) दैनिक कार्यसञ्चालनका लागि पालिका सभापतिलाई सहयोग गर्न र आवश्यकता अनुसार पालिका सभापतिलाई सल्लाह सुझाव दिने । | | |
| (ज) पालिकामा पार्टी संगठनलाई चुस्त, क्रियाशील र प्रभावकारी बनाउने र पार्टी सदस्यहरुलाई पार्टी सम्बन्धी गतिविधि र अन्य आवश्यकता अनुसारका सूचना प्रवाहित गर्ने, निर्णयको जानकारी गराउने तथा निर्देशन जारी गर्ने । | | |
| (झ) पालिका भित्र पार्टीका सबै प्रकारका आधिकारिक अभिलेखको संरक्षण गर्ने/गराउने । | | |

| | | |
|---|---|---|
| (ञ) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ । | | |
| ४) पालिका कोषाध्यक्षको काम, कर्तव्य र अधिकार | | |
| (क) पालिकाभित्र पार्टीका निम्ति आवश्यक आर्थिक श्रोतसाधनको व्यवस्था गर्ने, त्यसको संरक्षण गर्ने तथा सम्पूर्ण आयव्ययको अद्यावधिक अभिलेख राख्ने । | | |
| (ख) पालिका समितिको निर्णय अनुसार बैंकमा खाता खोल्ने र सञ्चालन गर्ने । | | |
| (ग) पालिकाभित्र पार्टीका निम्ति प्राप्त हुने सदस्यता शुल्क, तोकिए बमोजिमका अन्य शुल्क र अन्य सहयोग रकम सङ्कलन गर्ने तथा अभिलेख राख्ने । | | |
| (घ) पार्टीको कोषमा संकलित रकम पार्टीका विभिन्न काम र निकायका खर्चका लागि पालिका समितिको निर्णय अनुसार भुक्तानी गर्ने र त्यसको हिसाब राख्ने । | | |
| (ङ)पार्टीको वार्षिक आर्थिक प्रतिवेदन पालिका समितिमार्फत् पालिका परिषद्मा पेश गर्ने । | | |
| (च) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ । | | |
| ५) पालिका समिति सदस्य र पालिका परिषद् सदस्यको काम, कर्तव्य र अधिकार | | |

| | | |
|---|---|---|
| (क) पालिका समिति, पालिका परिषद् तथा पालिका सभापतिले तोकेको काम गर्ने । | | |
| (ख) पार्टी सदस्यहरुसँग आवश्यक समन्वय तथा सहयोग गर्ने । | | |
| (ग) पार्टीको निर्णय र यस विधान बमोजिम अन्य कार्यहरु गर्ने । | | |
| (घ) पार्टी, मुलुक र जनताका हितका लागि पार्टी नीति अनुरुप आवश्यक सिर्जनात्मक अन्य काम गर्ने । | | |
| (ङ)मुलुक निर्माण हेतु विविध विषयमा स्वअध्ययन गरी पार्टीमा लिखित सुझाव पेश गर्ने । | | |
| धारा ३३: वडा परिषद् | धारा ३७: | |
| १) वडा परिषद् वडाभित्र पार्टीको सर्वोच्च निकाय हुनेछ र यसको गठन देहाय बमोजिम हुनेछ । | | |
| (क) वडा समितिका सबै पदाधिकारी तथा सदस्यहरु, | | |
| (ख) सम्बन्धित वडाका केन्द्रीय पोर्टलमा दर्ता भएका प्रति १०० जना सम्म पार्टी सदस्यहरु बराबर वडा समितिले मनोनीत गर्ने १ महिला सहित २ जना प्रतिनिधिहरु (० देखि १०० सम्म २ जना, १०१ देखि २०० सम्म ४ जना, २०१ देखि ३०० सम्म ६ जना एवं रितले बढ्दै जाने)। | (ख) सम्बन्धित वडाका केन्द्रीय पोर्टलमा दर्ता भएका प्रति ५० जना सम्म पार्टी सदस्यहरु बराबर वडा समितिले मनोनीत गर्ने १ महिला सहित २ जना प्रतिनिधिहरु (० देखि १०० सम्म २ जना, १०१ देखि २०० सम्म ४ जना, २०१ देखि ३०० सम्म ६ जना | |

| | | |
|---|---|---|
| यसरी मनोनीत हुने संख्या मनोनयनको बखतको पार्टी सदस्य संख्याका आधारमा निर्धारण गरिनेछ, र पार्टी सदस्य संख्या वृद्धिसँगै मनोनीत हुने संख्या एवं रितअनुसार बढ्दै जानेछ। | एवं रितले बढ्दै जाने)। यसरी मनोनीत हुने संख्या मनोनयनको बखतको पार्टी सदस्य संख्याका आधारमा निर्धारण गरिनेछ, र पार्टी सदस्य संख्या वृद्धिसँगै मनोनीत हुने संख्या एवं रितअनुसार बढ्दै जानेछ। | |
| (ग) वडामा दर्ता भएका राष्ट्र सेवक समाजबाट १ महिला सहित २ जना प्रतिनिधिहरु, | हटाउने | राष्ट्र सेवक समाज नै हटाएकोले |
| (घ) वडा उम्मेदवार क्लबका सबै सदस्यहरु । | | |
| (ङ) वडा तहमा पार्टीको तर्फबाट निर्वाचित जनप्रतिनिधिहरु । | | |
| (च) परिषद्का सबै सदस्य अनिवार्य रुपमा पार्टीको केन्द्रीय पोर्टलबाट सदस्यता लिएको तथा सम्बन्धित वडाको मतदाता ठेगाना रहेको हुनपर्नेछ । | | |
| (छ) देहायको अवस्थामा वडा परिषद् सदस्यको स्थान रिक्त हुनेछ : | हटाउने | छुट्टै धारामा व्यवस्था गरिएकाले |
| (अ) निजले राजीनामा दिएमा, | | |
| (आ) विधान बमोजिम पार्टी सदस्यता समाप्त हुन गएमा, | | |

| | | |
|---|---|---|
| (इ)निजको मृत्यु भएमा, | | |
| (ई)अनुशासनात्मक कारवाही गरी बर्खास्त भएमा, | | |
| (उ) जुन आधारमा नियुक्ति वा चयन भएको हो सो आधार नरहेमा | | |
| (ज) वडा सभापति, उपसभापति र सचिवले वडा परिषद्को पनि सभापति, उपसभापति र सचिवको जिम्मेवारी निर्वाह गर्नेछन् । | | |
| (झ) वडा पषिदको कार्यकाल वडा समिति सरह हुनेछ । | (झ)वडा पषिदको कार्यकाल वडा समिति सरह हुनेछ । वडा परिषद कम्तिमा बर्षमा एक पटक बस्नेछ । | परिषदको संख्या तोकिएकाले |
| २) वडा परिषद्को काम कर्तव्य र अधिकार | | |
| वडा परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ । | | |
| (क) वडा समितिले गरेका निर्णयहरु अनुमोदन गर्ने । | | |
| (ख) विधान तथा उपल्लो तहले तोकेका कामकारवाही गर्ने, गराउने । | | |
| (ग) वडा परिषद्का सदस्यहरुको कार्य विभाजन गर्ने । | | |

| | | |
|---|---|---|
| (घ) वडा समितिले पेश गरेका प्रस्तावहरु उपर छलफल तथा आवश्यक निर्णय गर्ने । | | |
| | (ङ) वडा अधिवेशन सम्पन्न भएको मितिदेखि अर्को वडा अधिवेशनको बीचमा वडा समितिको कुनै पनि पद रिक्त भएमा वडा परिषद्ले पदपूर्ति गर्नेछ । यसरी पूर्ति गरिएको पदलाई निर्वाचित पद मानिनेछ । | थप गरिएकाले |
| धारा ३४ : वडा समिति | धारा ३८: | |
| १) वडा समिति पार्टीको वडाभित्रको वडा परिषद्पछिको सर्वोच्च कार्यकारी निकाय हुनेछ र यो वडा परिषद्प्रति उत्तरदायी हुनेछ । यसको गठन देहाय बमोजिम हुनेछ : | | |
| (क) वडा समिति न्यूनतम ३ जना देखि अधिकतम ११ जनाको हुनेछ । | | |
| (ख) वडा समितिमा १ जना वडा सभापति, १ जना वडा उपसभापति, १ जना वडा सचिव र बाँकी वडा समितिको सदस्य हुनेछन् । | (ख)वडा समितिमा १ जना वडा सभापति, १ जना वडा उपसभापति, १ जना वडा सचिव र बाँकी वडा समितिको सदस्य हुनेछन् । पार्टीको तर्फबाट निर्वाचित वडाको जनप्रतिनिधि स्थायी आमन्त्रीत सदस्य हुनेछ । | जनप्रतिनिधि स्थायी आमन्त्रीत राखिएकाले |
| (ग) वडा अधिवेशनबाट वडा सभापति र अधिकतम ८ जना वडा समिति सदस्य निर्वाचित हुनेछन् । | | |

| | | |
|---|---|---|
| (घ) वडा सभापतिको निर्वाचनमा विजयी उम्मेदवारले कूल सदर मतको (५०% ˙ १) प्रतिशतको संख्यामा मत ल्याउनुपर्नेछ । अन्यथा बढी मत ल्याउने बीच पुनः निर्वाचन हुनेछ । | | |
| (ङ)वडा सभापतिको निर्वाचनमा २५ प्रतिशत मत कटाउने निकटम प्रतिद्वन्द्वी १ जना स्वतः वडा समिति सदस्य हुनेछ । उक्त पद कुनै कारणले पूर्ति नभएमा वडा सभापतिले वडाका पार्टी सदस्यहरुमध्येबाट मनोनीत गरी पूर्ति गर्नेछन् । | | |
| (च) वडा सभापतिले वडाका पार्टी सदस्यहरुमध्येबाट १ जना वडा समिति सदस्यका रुपमा मनोनीत गर्नेछन्। | | |
| (छ) ११ जनाको पूर्ण समितिमा ६ जना युवा, ४ जना महिला (१ जना दलित महिला सहित) अनिवार्य रूपमा हुनपर्नेछ । कुनै कारणवश यो अनुसार समावेशिता कायम हुन नसके, ती पद रिक्त रहनेछ र फरक समूहबाट पूर्ति गरिने छैन । | (छ) ११ जनाको पूर्ण समितिमा ४ जना महिला (१ जना दलित महिला सहित) अनिवार्य रूपमा हुनपर्नेछ भने युवालाई प्राथमिकतामा राखिनेछ। कुनै कारणवश यो अनुसार समावेशिता कायम हुन नसके, ती पद रिक्त रहनेछ र फरक समूहबाट पूर्ति गरिने छैन । | युवाको संख्या हटाई समावेसीतालाई प्राथमिकतामा राखिएकाले |
| (ज) वडा समितिको कार्यकाल एउटा वडा अधिवेशनबाट अर्को वडा अधिवेशनसम्म हुनेछ र वडा अधिवेशन प्रत्येक ५ वर्षमा हुनेछ । | | |

| | | |
|---|---|---|
| (झ) वडा अधिवेशन सम्पन्न भएको मितिदेखि अर्को वडा अधिवेशनको बीचमा वडा समितिको कुनै पनि पद रिक्त भएमा वडा परिषद्ले पदपूर्ति गर्नेछ । यसरी पूर्ति गरिएको पदलाई निर्वाचित पद मानिनेछ र वडा उपसभापति र सचिवका लागि योग्य मानिनेछ । मनोनीत वडा समिति सदस्यको पद आवश्यकता बमोजिम वडा सभापतिले खोरज गर्न सक्नेछन् र उक्त रिक्त पद वडाका पार्टी सदस्यहरुमध्येबाट वडा सभापतिले मनोनयन गरी पूर्ति गर्न सक्नेछन् । | | |
| (ञ) वडा उपसभापति निर्वाचित वडा समिति सदस्यहरूमध्येबाट वडा परिषद्ले चयन गर्नेछ । | (ञ)अधिवेशनबाट निर्वाचित जिल्ला समितिका सदस्यहरू मध्येबाट वडा समितिले उपसभापति, र सचिव निर्वाचित गर्ने छ । | सवै निर्वाचित गर्ने गरिएकाले |
| (ट)वडा सचिव निर्वाचित वडा समिति सदस्यहरूमध्येबाट वडा सभापतिले मनोनीत गर्नेछन् । वडा सभापतिले वडा सचिवको काम कारवाही चित्त नबुझेमा निजलाई जिम्मेवारीबाट हटाई अर्को निर्वाचित वडा समिति सदस्यलाई वडा सचिवमा मनोनीत गर्न सक्नेछन् । | हटाउने | उपधारा (ञ) मा आईसकेकाले |
| २) वडा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ : | | |
| (क) वडा परिषद्को निर्णय कार्यान्वयन गर्ने, गराउने र कार्यान्वयन भए नभएको अनुगमन गर्ने । | | |

| | | |
|---|---|---|
| (ख) दुई वडा परिषद्का बैठकका बीच आवश्यक निर्णयहरु गर्ने र पछि हुने परिषद्को बैठकमा अनुमोदनका लागि पेश गर्ने । यस बीचमा वडाभित्र समग्र पार्टीको नेतृत्व गर्ने । | (ख) दुई वडा परिषद्का बीच आवश्यक निर्णयहरु गर्ने र पछि हुने परिषद्मा अनुमोदनका लागि पेश गर्ने । यस बीचमा वडाभित्र समग्र पार्टीको नेतृत्व गर्ने । | परिषदको बैठक नभनिने भएकाले |
| (ग) वडा भित्रको समसामयिक परिस्थितिमा पार्टीको दृष्टिकोण र नीति, कार्यक्रम तथा विचार तय गर्ने । राजनीतिक तथा संगठनात्मक विषयमा आवश्यकता अनुसार निर्णय गर्ने । नेपालको संविधान र प्रचलित कानुन बमोजिम पार्टीको वडा समितिले गर्ने भनी उल्लेख भएको कार्य गर्ने । | | |
| (घ) वडा तहको निर्वाचनमा पार्टीको घोषणापत्र, नीति, कार्यक्रम तयार गर्न र निर्वाचनका लागि पार्टीका वडाभित्रका सम्पूर्ण निकायलाई परिचालन गर्न आफूभन्दा उपल्लो समितिलाई सहयोग गर्ने । | | |
| (ङ)आवश्यकता अनुसार वडा समितिका सदस्यहरुको कार्य विभाजन गर्ने । | | |
| (च) वडाका भौतिक तथा मानवीय विकास, उत्पादनमा वृद्धि, जनताको जीविकोपार्जनमा सहजता, जनचेतना अभिवृद्धि र सामाजिक न्यायको लागि आवश्यक सम्पूर्ण कार्यमा अगुवाइ गर्ने । जनजीविका र जन हितको रक्षाका लागि जनपरिचालन गर्ने र आवश्यकता अनुसार | | |

| | | |
|---|---|---|
| आन्दोलन लगायत अन्य कार्य सञ्चालन गर्ने । पार्टीलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यकता अनुसार अभियान घोषणा गर्ने र कार्यान्वयन गर्ने, गराउने । | | |
| (छ) विधान बमोजिम वडा अधिवेशन र वडा परिषद्को बैठक आयोजना गर्ने । | (छ) विधान बमोजिम वडा अधिवेशन र वडा परिषद्को आयोजना गर्ने । | परिषदको बैठक नभनिने भएकाले |
| (ज) वडाभित्र पार्टीको आर्थिक व्यवस्था सुदृढीकरणका निम्ति स्रोत पहिचान, सङ्कलन र परिचालनका लागि आवश्यक काम गर्ने । | | |
| (झ) पार्टीको वडा कार्यालयलाई पार्टीको प्रशासनिक एवम दैनिक काम कारवाही सञ्चालनका लागि आवश्यक निर्देशन दिने । | | |
| (ञ) यस विधानमा वडा समितिले गर्ने भनी उल्लेख भएका कार्य गर्ने । | | |
| (ट)उपल्लो समितिबाट बेलाबेलामा जारी हुने निर्णय तथा निर्देशनहरु पालना गर्ने, गराउने । | | |
| ३) वडा पदाधिकारीहरुको काम, कर्तव्य र अधिकार | | |
| (१) वडा सभापतिको काम, कर्तव्य र अधिकार | | |

| | | |
|---|---|---|
| (क) वडा भित्र पार्टीको समग्र नेतृत्व गर्ने । वडा भित्र पार्टीका प्रमुख नेता, प्रमुख प्रवक्ता र प्रमुख पदाधिकारीको रुपमा वैचारिक तथा राजनीतिक विषयमा पार्टीको आधिकारिक धारणा सार्वजनिक गर्ने । | | |
| (ख) वडा समिति र वडा परिषद्का सदस्यको कार्य विभाजन हेरफेर गर्ने । | | |
| (ग) वडा भित्र पार्टीको आर्दश, सिद्धान्त र मर्यादालाई उच्च राख्ने र राख्न लगाउने तथा पार्टीलाई सबल र सक्षम संगठनको रुपमा सञ्चालन गर्न नेतृत्व प्रदान गर्ने । | | |
| (घ) वडाभित्र पार्टीका अगाडि तत्काल परी आएका कार्यहरु गर्ने र त्यसको जानकारी वडा समितिलाई दिने । | | |
| (ङ)वडाका पार्टी सदस्यहरुलाई दिइएको जिम्मेवारीको कार्यान्वयन भए नभएको रेखदेख गर्ने, गराउने । | | |
| (च) वडा सभापति बाहिर जानुपर्ने अवस्थामा वा आवश्यकता अनुसार वडा उपसभापतिलाई कार्यवाहक सभापति तोक्ने । | | |
| (छ) वडा समिति तथा वडा परिषद्को बैठक बोलाउने । | (छ)वडा समितिको बैठक बोलाउने । | परिषदको बैठक नभनिने भएकाले |

| | | |
|---|---|---|
| (ज) वडा परिषद् तथा वडा समितिले तोके बमोजिम अन्य कार्यहरु गर्ने । | | |
| (झ) पार्टीको निर्णय बमोजिम अन्य कार्यहरु गर्ने । | | |
| (ञ) यस विधानले तोके बमोजिम अन्य कार्यहरु गर्ने । | | |
| (२) वडा उपसभापतिको काम, कर्तव्य र अधिकार | | |
| (क) वडा सभापतिको काममा आवश्यक सहयोग गर्ने । | | |
| (ख) वडा सभापतिले प्रत्यायोजन गरेको कार्य गर्ने । | | |
| (ग) वडा परिषद् तथा वडा समितिले तोके बमोजिम अन्य कार्यहरु गर्ने । | | |
| (३) वडा सचिवको काम, कर्तव्य र अधिकार | | |
| (क) वडा समिति, वडा परिषद् र पार्टीका माथिल्ला निकायहरुकाट पारित नीति निर्णय कार्यान्वयनका लागि कार्ययोजना तयार गर्ने र वडा समितिमा प्रस्तुत गर्ने । | | |
| (ख) वडा सभापतिको परामर्शमा वडा समिति तथा वडा परिषद्को बैठक बोलाउने सूचना जारी गर्ने र कार्यसूची तयार गर्ने । | | |

| | | |
|---|---|---|
| (ग) वडा समिति तथा वडा परिषद्बाट पारित नीति निर्णय कार्यान्वयन गर्ने गराउने र तिनको सुपरीवेक्षण गर्ने गराउने । | | |
| (घ) पार्टीको वडा कार्यालय वडा सचिवको मातहतमा रहनेछ । सचिवले वडा कार्यालयको रेखदेख गर्ने तथा वडा कार्यालयको बैठक बोलाउने र कार्यालय सञ्चालन गर्ने । | | |
| (ङ)वडा समिति तथा वडा परिषद्ले तोकेको अन्य काम गर्ने । | | |
| (च) वडा सभापतिको निर्देशन बमोजिम अन्य आवश्यक काम गर्ने । | | |
| (छ) दैनिक कार्यसञ्चालनका लागि वडा सभापतिलाई सहयोग गर्न र आवश्यकता अनुसार वडा सभापतिलाई सल्लाह सुझाव दिने । | | |
| (ज) वडामा पार्टी संगठनलाई चुस्त, क्रियाशील र प्रभावकारी बनाउने र पार्टी सदस्यहरुलाई पार्टी सम्बन्धी गतिविधि र अन्य आवश्यकता अनुसारका सूचना प्रवाहित गर्ने, निर्णयको जानकारी गराउने तथा निर्देशन जारी गर्ने । | | |
| (झ) वडा भित्र पार्टीका सबै प्रकारका आधिकारिक अभिलेखको संरक्षण गर्ने/गराउने । | | |

| | | |
|---|---|---|
| (ञ) अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ । | | |
| ४) वडा समिति सदस्य र वडा परिषद् सदस्यको काम, कर्तव्य र अधिकार | | |
| (क) वडा समिति, वडा परिषद् तथा वडा सभापतिले तोकेको काम गर्ने । | | |
| (ख) पार्टी सदस्यहरुसँग आवश्यक समन्वय तथा सहयोग गर्ने । | | |
| (ग) पार्टीको निर्णय र यस विधान बमोजिम अन्य कार्यहरु गर्ने । | | |
| (घ) पार्टी, मुलुक र जनताका हितका लागि पार्टी नीति अनुरुप आवश्यक सिर्जनात्मक अन्य काम गर्ने । | | |
| (ङ)मुलुक निर्माण हेतु विविध विषयमा स्वअध्ययन गरी पार्टीमा लिखित सुझाव पेश गर्ने । | | |
| धारा ३६ : राष्ट्र सेवक समाज, ज्याट एवं सम्पर्क विभागहरु | धारा ३९: | |
| १) राष्ट्र सेवक समाज | हटाउने | राष्ट्र सेवक समाज संरचना नै हटाउने भएकोले |

| | | |
|---|---|---|
| (क) केन्द्रीय पोर्टलमा दर्ता भएका पार्टी सदस्यले केन्द्रीय पोर्टलमा दर्ता गरी ७ देखि ३३ जनाको एउटा राष्ट्र सेवक समाज गठन गर्न सक्नेछ । | | |
| (ख) प्रत्येक राष्ट्र सेवक समाजमा १ जना संयोजक, १ जना उपसंयोजक, १ जना सचिव र बाँकी सदस्यहरु हुनेछन् र संयोजक, उपसंयोजक र सचिवको कार्यकाल १ वर्षको हुनेछ । प्रत्येक वर्ष संयोजक, उपसंयोजक र सचिवको निर्वाचन हुनपर्नेछ तर एउटै व्यक्ति दोहोरिन सक्नेछन् । | | |
| (ग) केन्द्रीय पोर्टलमा दर्ता भएको राष्ट्र सेवक समाज वडा, पालिका, जिल्ला (जिल्ला सम्पर्क विभाग समेत) वा प्रवास नेपाली सम्पर्क विभाग अन्तर्गत पनि आवश्यकता अनुसार मापदण्ड पुरा गरी दर्ता हुनसक्नेछ । | | |
| (घ) वडामा दर्ताभएका राष्ट्र सेवक समाजको १ जना महिलासहित २ जना प्रतिनिधि वडा परिषद्मा सदस्य हुनेछन् । त्यस्तै, पालिकामा दर्ता भएका राष्ट्र सेवक समाजको १ जना महिलासहित २ जना प्रतिनिधि प्रतिनिधि पालिका परिषद्का सदस्य हुनेछन् । जिल्लामा दर्ता भएका राष्ट्र सेवक समाजको १ जना महिलासहित २ जना प्रतिनिधि जिल्ला परिषद्मा सदस्य हुनेछन् । कुनै राष्ट्र सेवक समाजबाट एक भन्दा बढी परिषद्मा सदस्य भएमा ती परिषद्मा राष्ट्र सेवक समाजले नदोहोरिने गरी प्रतिनिधि | | |

| | | |
|---|---|---|
| पठाउनु पर्नेछ । जिल्ला सम्पर्क विभाग वा प्रवास नेपाली सम्पर्क विभागमा दर्ता भएका राष्ट्र सेवक समाजको १ जना महिलासहित २ जना प्रतिनिधि सम्बन्धित विभागको कार्यविधि अनुसार विभागको वा विभाग अन्तर्गतका शाखाका सदस्य हुनेछन् । | | |
| (ङ)राष्ट्र सेवक समाजको संयोजक र परिषद्मा समाजबाटका प्रतिनिधिहरुले पार्टीको केन्द्रीय पोर्टलबाट पार्टी सदस्यता लिएको हुनपर्नेछ । | | |
| (च) प्रत्येक राष्ट्र सेवक समाजको नाम हुनेछ । यो नाम राष्ट्र सेवक समाजको पुच्छरमा दुइवटा शब्दहरू जोडेर हुनेछ । | | |
| (छ) राष्ट्र सेवक समाजसम्बन्धी अन्य व्यवस्था तथा काम, कर्तव्य र अधिकार केन्द्रीय समितिले बनाएको नियमावली बमोजिम हुनेछ । | | |
| २) सरोकारवाला निकायसँग समन्वय गरेर दैवी प्रकोप, विपत् व्यवस्थापन तथा मानवीय उद्धारका लागि तत्काल पहल गर्न, तथा विकृति र विसङ्गति विरूद्ध तत्काल खबरदारीका लागि काम गर्न र समाजसेवाका अन्य कार्य | २) सरोकारवाला निकायसँग समन्वय गरेर दैवी प्रकोप, विपत् व्यवस्थापन तथा मानवीय उद्धारका लागि तत्काल पहल गर्न, तथा विकृति र विसङ्गति विरूद्ध तत्काल खबरदारीका लागि काम गर्न र समाजसेवाका अन्य कार्य गर्न ऱ्याट संयोजन | थप व्यवस्थीत गरिएको |

| | | |
|---|---|---|
| गर्न पाटी सदस्यहरु भएका र्‍याट (Rapid Action Team - RAT) देहाय बमोजिम गठन हुनेछ : | विभागको मातहतमा पार्टी सदस्यहरु मध्येबाट देहाय बमोजिम र्‍याट (Rapid Action Team - RAT) गठन हुनेछ : | |
| (क) केन्द्रीय समितिले केन्द्रीय र्‍याट (Rapid Action Team - RAT) संयोजन विभाग अन्तर्गत केन्द्रीय र्‍याट, जिल्ला कार्यसम्पादन समितिले जिल्ला र्‍याट र पालिका समितिले पालिका र्‍याट गठन गर्नेछ । | (क) र्‍याट (Rapid Action Team - RAT) संयोजन विभाग अन्तर्गत केन्द्रीय र्‍याट, जिल्ला समितिले जिल्ला र्‍याट र पालिका समितिले पालिका र्‍याट गठन गर्नेछ । | विभागलाई नै गठनको अधिकार दिएको |
| (ख) प्रदेशभित्रका जिल्ला र्‍याट र पालिका र्‍याटहरुको संयोजन प्रदेश र्‍याट संयोजन विभागले गर्नेछ । मुलुकभरका र्‍याटहरुको संयोजन केन्द्रीय र्‍याट संयोजन विभागले गर्नेछ । | | |
| (ग) प्रत्येक र्‍याटमा १ जना संयोजक, १ जना उपसंयोजक र १ जना सचिव हुनेछन् । | | |
| (घ) र्‍याटसम्बन्धी अन्य व्यवस्था केन्द्रीय समितिले बनाएको नियमावली बमोजिम हुनेछ । | | |
| ३) स्थायी ठेगाना भन्दा बाहिर (विदेशमा वा स्वदेशमा) रहेका पार्टी सदस्य एवं नेपालीहरुका लागि आवश्यक समन्वय गर्न देहाय बमोजिम सम्पर्क विभागहरु गठन हुनेछ : | | |

| | | |
|---|---|---|
| (क) केन्द्रीय समितिले प्रवासमा रहेका पार्टी सदस्य एवं नेपालीहरुका लागि प्रवास नेपाली सम्पर्क विभाग गठन गर्नेछ । प्रवास नेपाली सम्पर्क विभाग सम्बन्धी अन्य व्यवस्था केन्द्रीय समितिले बनाएको कार्यविधि बमोजिम हुनेछ । | | |
| (ख) प्रदेश कार्यसम्पादन समितिले देशभित्रै रहेका तर अर्को प्रदेशमा बस्ने पार्टी सदस्य एवं नेपालीहरुका लागि प्रदेश सम्पर्क विभाग गठन गर्नेछ। प्रदेश सम्पर्क विभाग सम्बन्धी अन्य व्यवस्था केन्द्रीय समितिले बनाएको कार्यविधि बमोजिम हुनेछ। | (ख)प्रदेश समितिले देशभित्रै रहेका तर अर्को प्रदेशमा बस्ने पार्टी सदस्य एवं नेपालीहरुका लागि प्रदेश सम्पर्क विभाग गठन गर्नेछ। प्रदेश सम्पर्क विभाग सम्बन्धी अन्य व्यवस्था केन्द्रीय समितिले बनाएको कार्यविधि बमोजिम हुनेछ। | कार्यसम्पादन हटाएको |
| (ग) जिल्ला कार्यसम्पादन समितिले देशभित्रै रहेका तर अर्को जिल्लामा बस्ने पार्टी सदस्य एवं नेपालीहरुका लागि जिल्ला सम्पर्क विभाग गठन गर्नेछ। जिल्ला सम्पर्क विभाग सम्बन्धी अन्य व्यवस्था केन्द्रीय समितिले बनाएको कार्यविधि बमोजिम हुनेछ। | (ग) जिल्ला समितिले देशभित्रै रहेका तर अर्को जिल्लामा बस्ने पार्टी सदस्य एवं नेपालीहरुका लागि जिल्ला सम्पर्क विभाग गठन गर्नेछ। जिल्ला सम्पर्क विभाग सम्बन्धी अन्य व्यवस्था केन्द्रीय समितिले बनाएको कार्यविधि बमोजिम हुनेछ। | कार्यसम्पादन हटाएको |
| (घ) पालिका समितिले देशभित्रै रहेका तर अर्को पालिकामा बस्ने पार्टी सदस्य एवं नेपालीहरुका लागि पालिका सम्पर्क विभाग गठन गर्नेछ । पालिका सम्पर्क विभाग सम्बन्धी अन्य व्यवस्था केन्द्रीय समितिले बनाएको कार्यविधि बमोजिम हुनेछ। | | |
| धारा ३७ : उम्मेदवार क्लब | धारा ४० : | |

| | | |
|---|---|---|
| १) प्रत्येक वडामा पार्टीको तर्फबाट राज्यको वडातहको निर्वाचनमा वडाध्यक्षका लागि उम्मेदवारी दिन इच्छुकहरु रहेको वडा उम्मेदवार क्लब हुनेछ। | १)पार्टीको तर्फबाट राज्यको सवै तहको निर्वाचनमा उम्मेदवारी दिन इच्छुक व्यक्तिहरुको तोकिए बमोजिम सम्वन्धित तहमा उम्मेदवार क्लब हुनेछ। | सवै तहको उमेदवार क्लव हुने भएको |
| २) प्रत्येक पालिकामा पार्टीको तर्फबाट राज्यको पालिकातहको निर्वाचनमा पालिका प्रमुख, उपप्रमुख, अध्यक्ष वा उपाध्यक्षका लागि उम्मेदवारी दिन इच्छुकहरु रहेको पालिका उम्मेदवार क्लब हुनेछ। | हटाउने | उपधारा १ मा आईसकेकाले |
| | २) उम्मेदवार क्लब गठन, अभिलेखिकरण, सञ्चालन, प्रशिक्षण र परिक्षण सम्वन्धि अन्य व्यवस्था नियमावली वा केन्द्रीय समितिले तोकेबमोजिम हुनेछ। | नियमावलीमा विस्तृतमा आउने भएकाले |
| ३) केन्द्रीय समितिले वडा उम्मेदवार क्लब र पालिका उम्मेदवार क्लबका लागि आवेदन माग्नेछ। | हटाउने | उपधारा २ मा आउने भएकाले |
| ४) उपधारा ३ बमोजिमका आवेदकलाई पार्टीको लिडरसीप एकेडेमीले प्रारम्भिक परीक्षण गरी स्वीकृत गरेपछि वडा उम्मेदवार क्लबमा सदस्यता र पालिका उम्मेदवार क्लबमा सदस्यता प्रदान | हटाउने | उपधारा २ मा आउने भएकाले |

| | | |
|---|---|---|
| ५) उम्मेदवारहरुले प्रशिक्षण र परीक्षणका ५ चरण पार गर्न पर्नेछ । वडा सभापति वा पालिका समिति सदस्य वा सोभन्दा माथीको निकायको सदस्यले वडाध्यक्ष उम्मेदवारीका लागि चौंथो चरण प्रवेश गर्न सक्नेछन् । पालिका सभापति वा जिल्ला सभापति वा सोभन्दा माथिको निकायको सदस्यले पालिका प्रमुख, उपप्रमुख, अध्यक्ष वा उपाध्यक्षका लागि उम्मेदवारीका लागि चौथो चरण प्रवेश गर्न सक्नेछन् । | हटाउने | उपधारा २ मा आउने भएकाले |
| ६) तोकिएको समयमा प्रशिक्षण र परीक्षणका चरण पार नगरेमा उम्मेदवार क्लबको सदस्य रहनेछैन | ३)तोकिएको समयमा प्रशिक्षण र परीक्षणका चरण पार नगरेमा उम्मेदवार क्लबको सदस्य रहनेछैन | उपधारा क्रम परिवर्तन भएकाले |
| भाग-१०<br>निर्वाचन, मनोनयन र सल्लाहकार परिषद् र कार्यालय | भाग-१० | |
| धारा ३८ : केन्द्रीय निर्वाचन आयोग | धारा ४१: | |
| १) केन्द्रीय परिषद्ले प्रमुख १, उपप्रमुख १, सचिव १ र बाँकी सदस्यहरु रहने गरी कुल ११ सदस्यीय केन्द्रीय निर्वाचन आयोग गठन गर्नेछ । | | |
| २) आयोगका प्रमुख, उपप्रमुख र सचिवको मर्यादा पार्टी सचिवालय समितिका सदस्यहरु सरह हुनेछ र अन्य सदस्यहरुको मर्यादा केन्द्रीय सदस्य सरह हुनेछ। | | |

| | | |
|---|---|---|
| ३) आयोग केन्द्रीय परिषद्प्रति उत्तरदायी हुनेछ । | | |
| ४) आयोगका पदाधिकारी र सदस्यहरु पार्टीका अन्य कुनै समिति, आयोग, विभाग वा संयन्त्रको सदस्य हुने छैनन् । | | |
| ५) आयोगका पदाधिकारी र सदस्यहरुको कार्यकाल ५ वर्षको हुनेछ । आयोगका पदाधिकारी र सदस्यहरुको पदावधि ४ वर्ष कटेपछि केन्द्रीय परिषद्को बैठक बसेमा केन्द्रीय परिषद्को निर्णय बमोजिम त्यस्ता सदस्यहरुको कार्यकाल समाप्त भएको मानिनेछ । | | |
| ६) आयोगका अन्य सदस्यले आयोगको प्रमुखलाई र प्रमुखले केन्द्रीय समितिलाई राजीनामा दिने । | | |
| ७) केन्द्रीय समितिको दुई तिहाइ बहुमतले आयोगका पदाधिकारी एवं सदस्यहरुलाई महाअभियोग लगाई समितिबाट निष्कासन गर्न सक्नेछ । | | |
| ८) आयोगका पदाधिकारी वा सदस्यको पद रिक्त भएमा केन्द्रीय समितिले केन्द्रीय परिषद्को बैठक नबस्दासम्मका लागि रिक्त पद पूर्ति गर्नेछ । | | |
| ९) केन्द्रीय निर्वाचन आयोग सम्बन्धी अन्य व्यवस्था केन्द्रीय समितिले बनाएको नियमावली बमोजिम हुनेछ । | | |
| धारा ३९ : केन्द्रीय निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार | धारा ४२: | |

| | | |
|---|---|---|
| केन्द्रीय निर्वाचन आयोगको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्: | | |
| (क) राष्ट्रिय महाधिवेशनमा विधानले तोके बमोजिम निर्वाचन गर्ने, गराउने । | | |
| (ख) प्रदेश अधिवेशनमा विधानले तोके बमोजिम निर्वाचन गर्ने । | | |
| (ग) जिल्ला अधिवेशनमा विधानले तोके बमोजिम निर्वाचन गर्ने । | | |
| (घ) पालिका अधिवेशनमा विधानले तोके बमोजिम निर्वाचन गर्ने । | (घ) पालिका र वडा अधिवेशनमा विधानले तोके बमोजिम निर्वाचन गर्ने । | वडा अधिवेशन थप गरिएकाले |
| (ङ)पार्टीको सबै तहको प्रारम्भिक निर्वाचन गर्ने । | | |
| (च) विधानमा तोकिए बमोजिम कार्यहरु गर्ने । | | |
| धारा ४० : समितिका सदस्य वा पदाधिकारको योग्यता | धारा ४३: | |
| पार्टीको कुनै पनि तहको सदस्य वा पदाधिकारी बन्न पार्टीको सदस्य भएको मितिले कम्तीमा १ वर्ष पूरा गरेको हुनुपर्नेछ तर यो व्यवस्था पार्टीको प्रथम राष्ट्रिय महाधिवेशनको दोश्रो चरणसम्म लागू हुने छैन । साधारण सदस्यले मात्र सदस्य वा पदाधिकारी बन्न पाउने छन् । | पार्टीको कुनै पनि तहको सदस्य वा पदाधिकारी बन्न पार्टीको सकृय सदस्य भएको हुनुपर्नेछ तर यो व्यवस्था पार्टीको प्रथम राष्ट्रिय महाधिवेशन पश्चात लागू हुने छ । | सदस्यताको प्रकारमा परिवर्तन गरिएकाले |

| धारा ४१ : पद रिक्त हुने अवस्था | धारा ४४: | |
|---|---|---|
| पार्टीको कुनै पनि तहको मनोनीत सदस्यलाई मनोनीत गर्ने व्यक्ति वा निकायले हटाउन सक्नेछन् । पार्टीको सम्पूर्ण निकायको कुनै पनि तह, समिति वा विभागको सदस्य वा पदाधिकारीको पार्टी सदस्यता धारा १४ बमोजिम समाप्त भएको अवस्थामा सो पद रिक्त हुनेछ । | १. पार्टीको कुनै पनि तहको मनोनीत पदाधिकारी/सदस्यलाई मनोनीत गर्ने व्यक्ति वा निकायले हटाए वा जिम्मेवारी हेरफेर गरे पद रिक्त हुनेछ ।<br>२. पार्टीको सम्पूर्ण निकायको कुनै पनि तह, समिति वा विभागको सदस्य वा पदाधिकारीको पार्टी सदस्यता धारा १४ बमोजिम समाप्त भएको अवस्थामा सो पद रिक्त हुनेछ ।<br>३. पार्टीको कुनै पनि तहको निर्वाचित सदस्यलाई निर्वाचित गर्ने निकायको मनासिव कारण सहित दुई तिहाई बहुमतले पदमुक्त गरेमा सो पद रिक्त हुनेछ ।<br>४. पार्टीको सम्वन्धित समिति/विभाग/संयन्त्रमा रहेका पदाधिकारी/सदस्यहरु सम्वन्धित समितिको बैठकमा विना सूचना वा सूचना दिने तर दिएको सूचना मसासिव नदेखिएमा वा सम्वन्धित तहको सम्वन्धित समिति/विभाग/संयन्त्रलाई अवहेलना गर्दै नियमित ३ पटक वा ३ पटक बैठक बस्ने अवधिभित्रका बैठकहरुमा अनुपस्थीत रहेमा सम्वन्धित समिति/विभाग/संयन्त्रले मनासिव ठानेमा स्पष्टिकरण मार्फत सफाईको मौका दिई उपल्लो समितिको | प्रष्ट गरिएकाले |

| | | |
|---|---|---|
| | सहमतिमा पदमुक्त गर्न सक्ने छ। केन्द्रीय समितिको सदस्यको हकमा केन्द्रीय समितिले पदमुक्त गर्न सक्ने छ। यसरी पद मुक्त गरेमा सो पद रिक्त हुनेछ।<br>५. पार्टीको विधान, नियमावली, कार्यविधि र सम्वन्धित समिति/विभाग/संयन्त्रले तोकेर दिएको जिम्मेवारी पुरा नगर्ने, कार्यसम्पादन मुल्याङ्कन कमजोर हुने र परिणाममुखी नहुने सदस्यहरुको हकमा सम्वन्धित समितिले स्पष्टिकरण मार्फत सफाईको मौका दिई उपल्लो समितिको सहमतिमा पदमुक्त गर्न सक्ने छ। केन्द्रीय समितिको सदस्यको हकमा केन्द्रीय समितिले पदमुक्त गर्न सक्ने छ। यसरी पद मुक्त गरेमा सो पद रिक्त हुनेछ। | |
| धारा ४२ : पदावधि | हटाउने | सम्वन्धित समितिको सम्वन्धित धाराहरुमा नै आईसकेकाले |
| १) पार्टीको केन्द्रीय निकायका पदावधि राष्ट्रिय महाधिवेशनको पहिलो चरणबाट निर्वाचित भएको मितिले ५ वर्षको हुनेछ तर अर्को राष्ट्रिय महाधिवेशनको पहिलो चरण कुनै कारणवश ५ वर्ष अगावै भए पदावधि पनि समाप्त हुनेछ। त्यस्तै पार्टीको केन्द्रीय निकायका पदावधि | हटाउने | |

| | | |
|---|---|---|
| राष्ट्रिय महाधिवेशनको दोश्रो चरणबाट निर्वाचित भएको मितिले ५ वर्षको हुनेछ तर अर्को राष्ट्रिय महाधिवेशनको दोश्रो चरण कुनै कारणवश ५ वर्ष अगावै भए पदावधि पनि समाप्त हुनेछ । | | |
| २) पार्टीको प्रदेश निकायका पदावधि प्रदेश अधिवेशनबाट निर्वाचित भएको मितिले ५ वर्षको हुनेछ तर प्रदेश अधिवेशन कुनै कारणवश ५ वर्ष अगावै भए पदावधि पनि समाप्त हुनेछ । | हटाउने | |
| ३) पार्टीको जिल्ला निकायका पदावधि जिल्ला अधिवेशनबाट निर्वाचित भएको मितिले ५ वर्षको हुनेछ तर जिल्ला अधिवेशन कुनै कारणवश ५ वर्ष अगावै भए पदावधि पनि समाप्त हुनेछ । | हटाउने | |
| ४) पार्टीको पालिका निकायका पदावधि पालिका अधिवेशनबाट निर्वाचित भएको मितिले ५ वर्षको हुनेछ तर पालिका अधिवेशन कुनै कारणवश ५ वर्ष अगावै भए पदावधि पनि समाप्त हुनेछ । | हटाउने | |
| ५) पार्टीको वडा निकायको पदावधि वडा अधिवेशनबाट निर्वाचित भएको मितिले ५ वर्षको हुनेछ तर वडा अधिवेशन कुनै कारणवश ५ वर्ष अगावै भए पदावधि पनि समाप्त हुनेछ । | हटाउने | |
| धारा ४३ : पदपूर्ति सम्बन्धी व्यवस्था | धारा ४५: | |

| | | |
|---|---|---|
| पार्टीको कुनै पनि तहको पद कुनै पनि कारणले रिक्त हुन गएमा देहाय बमोजिम पदपूर्ति गरिनेछ : | | |
| १) मनोनीत सदस्यहरुको हकमा सोही प्रक्रियाबाट मनोनयन गरिनेछ । | | |
| २) महाधिवेशन वा अधिवेशन सम्पन्न भएको मितिदेखि अर्को महाधिवेशन वा अधिवेशनको बीचमा केन्द्रीय समिति, प्रदेश कार्यसम्पादन समिति, जिल्ला कार्यसम्पादन समिति, पालिका समिति तथा वडा समितिको कुनै पनि पद रिक्त भएमा सम्बन्धित तहको परिषद्‌ले आफूहरुमध्येबाट वा योग्यता पुगेको पार्टी सदस्यहरुमध्येबाट पदपूर्ति गर्नेछ । यसरी पूर्ति गरिएको पदलाई निर्वाचित पद मानिनेछ। यसरी निर्वाचित भएका पदाधिकारीको कार्यकाल बाँकी अवधिको लागि मात्र हुनेछ । | २) महाधिवेशन वा अधिवेशन सम्पन्न भएको मितिदेखि अर्को महाधिवेशन वा अधिवेशनको बीचमा केन्द्रीय समिति, प्रदेश समिति, जिल्ला समिति, पालिका समिति तथा वडा समितिको कुनै पनि पद रिक्त भएमा सम्बन्धित तहको परिषद्‌ले आफूहरुमध्येबाट वा योग्यता पुगेको पार्टी सदस्यहरुमध्येबाट पदपूर्ति गर्नेछ । यसरी पूर्ति गरिएको पदलाई निर्वाचित पद मानिनेछ । यसरी निर्वाचित भएका पदाधिकारीको कार्यकाल बाँकी अवधिको लागि मात्र हुनेछ । | कार्यसम्पादन हटाएकाले |
| ३) पार्टी सभापति, प्रदेश प्रमुख, जिल्ला सभापति, पालिका सभापति वा वडा सभापतिको पद कुनै पनि कारणले रिक्त हुन गएमा ६ महिनाभित्र सम्बन्धित तहको परिषद्‌ले पार्टी सभापति, प्रदेश प्रमुख, जिल्ला सभापति, पालिका सभापति वा वडा सभापतिको निर्वाचन गर्नेछ। पार्टी सभापति, प्रदेश प्रमुख, जिल्ला सभापति, पालिका सभापति वा वडा सभापतिका लागि योग्यता एवं निर्वाचन प्रक्रिया सम्बन्धित तहको महाधिवेशन वा अधिवेशन बमोजिम नै हुनेछ तर | ३)पार्टी सभापति, प्रदेश सभपति, जिल्ला सभापति, पालिका सभापति वा वडा सभापतिको पद कुनै पनि कारणले रिक्त हुन गएमा ६ महिनाभित्र सम्बन्धित तहको परिषद्‌ले पार्टी सभापति, प्रदेश सभापति, जिल्ला सभापति, पालिका सभापति वा वडा सभापतिको निर्वाचन गर्नेछ । पार्टी सभापति, प्रदेश सभापति, जिल्ला सभापति, पालिका सभापति वा वडा सभापतिका लागि योग्यता एवं निर्वाचन प्रक्रिया | थप प्रष्ट गरिएकाले |

| | | |
|---|---|---|
| मतदाता भने सम्बन्धित तहका परिषद् सदस्यहरु मात्र हुनेछ । यसरी निर्वाचित भएका पार्टी सभापति, प्रदेश प्रमुख, जिल्ला सभापति, पालिका सभापति वा वडा सभापतिको कार्यकाल बाँकी अवधिको लागि मात्र हुनेछ । | सम्बन्धित तहको महाधिवेशन वा अधिवेशन बमोजिम नै हुनेछ तर मतदाता भने सम्बन्धित तहका परिषद् सदस्यहरु मात्र हुनेछ । यसरी निर्वाचित भएका पार्टी सभापति, प्रदेश सभापति, जिल्ला सभापति, पालिका सभापति वा वडा सभापतिको कार्यकाल बाँकी अवधिको लागि मात्र हुनेछ । महाधिवेशन हुन १ बर्ष र अन्य तहको अधिवेशन हुन ६ महिना बाँकी रहेको अवस्थामा नयाँ नेतृत्व छनौट गरिरहन पर्नेछैन । | |
| ४) उपधारा ३ बमोजिम पार्टी सभापति, प्रदेश प्रमुख, जिल्ला सभापति, पालिका सभापति वा वडा सभापतिको पद रिक्त भइ निर्वाचन सम्पन्न नहुन्जेल पार्टी उपसभापति, प्रदेश उपप्रमुख, जिल्ला उपसभापति, पालिका उपसभापति वा वडा उपसभापतिले कार्यवाहक सभापति वा प्रमुखको जिम्मेवारीमा कार्यसम्पादन गर्नेछन् । उपसभापति वा उपप्रमुख पदमा एकभन्दा बढी सदस्य जिम्मेवारीमा रहे उमेरले ज्येष्ठ उपसभापति वा उपप्रमुखले कार्यवाहक सभापति वा प्रमुखको जिम्मेवारीमा कार्यसम्पादन गर्नेछन् । यदि कुनै कारणवश उपसभापति वा उपप्रमुख पनि अनुपस्थित रहेमा सम्बन्धित तहको उमेरले ज्येष्ठ सदस्यले कार्यवाहक सभापति वा प्रमुखको जिम्मेवारीमा कार्यसम्पादन गर्नेछन् । | ४) उपधारा ३ बमोजिम पार्टी सभापति, प्रदेश सभापति, जिल्ला सभापति, पालिका सभापति वा वडा सभापतिको पद रिक्त भइ निर्वाचन सम्पन्न नहुन्जेल पार्टी उपसभापति, प्रदेश उपसभापति, जिल्ला उपसभापति, पालिका उपसभापति वा वडा उपसभापतिले कार्यवाहक सभापतिको जिम्मेवारीमा कार्यसम्पादन गर्नेछन् । उपसभापति पदमा एकभन्दा बढी सदस्य जिम्मेवारीमा रहे महाधिवेशन वा अधिवेशनमा बढि मत ल्यउने उपसभापतिले कार्यवाहक सभापतिको जिम्मेवारीमा कार्यसम्पादन गर्नेछन् । यदि कुनै कारणवश उपसभापति पनि अनुपस्थित रहेमा सम्बन्धित तहको उमेरले ज्येष्ठ सदस्यले कार्यवाहक सभापतिको जिम्मेवारीमा कार्यसम्पादन गर्नेछन् । | प्रमुख हटाई सभापति राखिएकाले |

| | | |
|---|---|---|
| धारा ४४ : केन्द्रीय सल्लाहकार परिषद् | धारा ४६ : सल्लाहकार परिषद् | |
| १) केन्द्रीय समितिले आवश्यकता अनुसार १२१ जना सदस्य नबढ्ने गरी सल्लाहकार परिषद् गठन गर्न सक्नेछ । | | |
| २) सल्लाहकार परिषद्को मर्यादा केन्द्रीय समितिका सदस्य सरह हुनेछ । | | |
| ३) सल्लाहकार परिषद्को बैठक आवश्यकता अनुसार पार्टी सभापतिले बोलाउने छन् र आवश्यकता अनुसार केन्द्रीय सदस्यहरुलाई बैठकमा उपस्थिति र छलफलका लागि बोलाउन सक्नेछन् । | | |
| ४) सल्लाहकार परिषद्का सदस्यहरुमध्ये केन्द्रीय समितिले आवश्यकता अनुसार सल्लाहकार समिति बनाई विभिन्न विषयमा सल्लाह दिन सक्नेछ । | हटाउने | आवश्यक नठानिएकाले |
| | ५) पार्टीको केन्द्र बाहेकका अन्य सबै तहको समितिले सल्लाहकार समिति गठन गर्न सक्नेछ । सल्लाहकार समिति सदस्यहरुको मर्यादा सम्वन्धित तहको समितिका पदाधिकारी सरह हुनेछ । | सबै तहमा सल्लाकार समिति आवश्यक हुने भएकाले |
| | ६) सबै तहको सल्लाहकार सम्वन्धि थप ब्यवस्था कार्यविधिमा तोकेबमोजिम हुनेछ । | प्रष्ट गरिएकाले |
| धारा ४५ : केन्द्रीय कार्यालय | धारा ४७: | |

| | | |
|---|---|---|
| १) कार्यालय सचिव | | |
| पार्टीको केन्द्रीय कार्यालय सञ्चालन गर्न केन्द्रीय समितिले तोकिएको योग्यता पुगेका नेपाली नागरिक मध्येबाट खुल्ला प्रतियोगिताबाट कार्यालय सचिवको नियुक्ति गर्नेछ। केन्द्रीय कार्यालयका अन्य सबै कर्मचारी कार्यालय सचिव मातहत रहनेछन् कार्यालय सचिवले तोके बमोजिम कार्य गनेछन्। कार्यालय सचिव र मातहतका कर्मचारीको सेवा, सर्त तथा सुविधाहरु केन्द्रीय समितिले निर्धारण गरे बमोजिम हुनेछ। | | |
| २) केन्द्रीय कार्यालयको अधिकार र कर्तव्य | २) केन्द्रीय कार्यालय सचिवको अधिकार र कर्तव्य | सचिव छुटेकोले |
| (क) पार्टीका समिति, विभाग, आयोग र अन्य संयन्त्रबीच सम्पर्क तथा समन्वय गर्ने। | | |
| (ख) केन्द्रीय तहमा आयोजना हुने बैठक तथा कार्यक्रमहरुको व्यवस्थापन गर्ने। | | |
| (ग) पार्टीको दैनिक कार्यसञ्चालन तथा अन्य अभिलेखीकरण लगायत सम्पूर्ण समन्वयात्मक कार्यहरु गर्ने र पार्टी पदाधिकारीलाई जिम्मेवारी पूरा गर्न निर्देशन अनुसार कार्य गर्ने। | | |
| (घ) केन्द्रीय कार्यसम्पादन समिति र केन्द्रीय समितिले तोकेको अन्य कार्यहरु गर्ने। | (घ) केन्द्रीय समिति र केन्द्रीय समितिले तोकेको अन्य कार्यहरु गर्ने। | कार्यसम्पादन हटाइएकाले। |

| | | |
|---|---|---|
| ३) पार्टीको कार्यालय सञ्चालन र व्यवस्थापन पार्टीको प्रशासनिक नियमावली अनुसार हुनेछ । | | |
| धारा ४६ : प्रदेश, जिल्ला र पालिका कार्यालय | धारा ४८: | |
| १) पार्टीको केन्द्रीय कार्यालय मातहत रहने गरी विधानले तोके बमोजिम तहको दैनिक कार्यसञ्चालन तथा अन्य अभिलेखीकरण लगायत सम्पूर्ण समन्वयात्मक कार्यहरु गर्न सम्बन्धित तहको रेखदेखमा प्रदेश, जिल्ला र पालिका कार्यालयहरु रहनेछन् । | | |
| २) पार्टीको प्रदेश, जिल्ला र पालिका कार्यालयहरु सञ्चालन र व्यवस्थापन पार्टीको प्रशासनिक नियमावली अनुसार हुनेछ । | | |
| भाग-११<br>महाधिवेशन र अधिवेशन | भाग-११<br>महाधिवेशन र अधिवेशन | |
| धारा ४७ : राष्ट्रिय महाधिवेशन | धारा ४९: | |
| १) राष्ट्रिय महाधिवेशनको आयोजना केन्द्रीय समितिले गर्नेछ । | | |
| २) पार्टीको केन्द्रीय पोर्टलमा दर्ता भएका निम्न पार्टी सदस्यहरू मतदाता हुनेछन्: | | |
| (क) पालिका समितिका सबै, | (क) पालिका सभापति सबै, | सभापति मात्रै राखिएकाले |

| | | |
|---|---|---|
| (ख) निर्वाचन क्षेत्र परिषद्का सबै, | (ख) निर्वाचन क्षेत्र संयोजक सबै, | परिषद हटाएर समिति राखिएकाले |
| (ग) जिल्ला परिषद्का सबै, | (ग) जिल्ला पदाधिकारी सबै, | जिल्ला पदाधिकारी मात्रै राखिएकाले |
| (घ) प्रदेश परिषद्का सबै, | (घ) प्रदेश समिति सबै, | समिति मात्रै राखिएकाले |
| (ङ)केन्द्रीय लेखा आयोगका सबै, | | |
| (च) केन्द्रीय अनुशासन आयोगका सबै, | | |
| (छ) केन्द्रीय विभाग र प्रदेश विभागका सदस्यहरु सबै, | (च) केन्द्रीय विभाग सवै र प्रदेश विभागका पदाधिकारी सबै, | प्रदेश विभागको पदाधिकारी मात्रै राखिएकाले |
| (ज) प्रवास नेपाली सम्पर्क विभाग अन्तर्गत विभिन्न देशमा रहेका प्रवास नेपाली सम्पर्क विभाग र त्यसका शाखाका सदस्यहरु, | (ज) प्रवास नेपाली सम्पर्क विभाग अन्तर्गत विभिन्न देशमा रहेका प्रवास नेपाली सम्पर्क विभाग र त्यसका शाखाका संयोजक वा प्रतिनिधि | संयोजक वा प्रतिनिधि मात्रै राखिएकाले |

| | | |
|---|---|---|
| (झ) राष्ट्रिय महाधिवेशन आयोजक समितिका सदस्यहरु । | | |
| | (ञ) सम्वन्धित पालिकामा मतदाता ठेगाना भएको कुनै पनि समितिमा नरहेको गाँउपालिका अधिवेशनले २ जना, नगरपालिका अधिवेशनले ३ जना उपमहानगरपालिकाले ४ जना र महानगरपालिकाले ५ जनाको दरले महाधिवेशन प्रतिनिधि छनौट गरी पठाएको प्रतिनिधि | पदेन भन्दा बाहिरको प्रतिनिधि समावेश गर्नुपर्ने भएकाले |
| ३) केन्द्रीय निर्वाचन आयोगले राष्ट्रिय महाधिवेशन सम्बन्धी सम्पूर्ण निर्वाचन प्रक्रिया पूरा गर्नेछ । | | |
| ४) राष्ट्रिय महाधिवेशन दुई चरणमा गरिनेछ । केन्द्रीय समितिको सिफारिसमा केन्द्रीय निर्वाचन आयोगले राष्ट्रिय महाधिवेशनको पहिलो र दाश्रो चरण आयोजना गर्ने उपयुक्त मिति, स्थान र समय तोक्नेछ । केन्द्रीय निर्वाचन आयोगले राष्ट्रिय महाधिवेशनको पहिलो चरण सम्पन्न गर्नका लागि १ भन्दा धेरै स्थानमा एकै पटक वा फरक फरक मिति र समय पनि तोक्न सक्नेछ । त्यस्तै दाश्रो चरणका लागि पनि लागि १ भन्दा धेरै स्थानमा एकैपटक वा फरक फरक मिति र समय पनि तोक्न सक्नेछ । | ४) केन्द्रीय समितिको सिफारिसमा केन्द्रीय निर्वाचन आयोगले राष्ट्रिय महाधिवेशनको निर्वाचन गर्ने उपयुक्त मिति, स्थान र समय तोक्नेछ । | महाअधिवेशन एकै चरणमा गर्ने भएकाले |

| | | |
|---|---|---|
| ५) राष्ट्रिय महाधिवेशनबाट केन्द्रीय समिति गठन हुनेछ। राष्ट्रिय महाधिवेशनको पहिलो चरणबाट ५० जना र दोश्रो चरणबाट ५० जना गरी १०० जना केन्द्रीय समिति सदस्यहरुको निर्वाचन हुनेछ। राष्ट्रिय महाधिवेशनको पहिलो चरणमा १ जना पार्टी सभापतिको निर्वाचन हुनेछ। | ५) राष्ट्रिय महाधिवेशनबाट केन्द्रीय समिति गठन हुनेछ। | महाअधिवेशन एकै चरणमा गर्ने भएकाले |
| ६) प्रत्येक ५ वर्षमा राष्ट्रिय महाधिवेशन हुनेछ। राष्ट्रिय महाधिवेशनको पहिलो चरण र दोश्रो चरणबीच १८ महिना देखि ३६ महिनाको फरक हुनपर्नेछ। | ६)प्रत्येक ५ वर्षमा राष्ट्रिय महाधिवेशन हुनेछ। | महाअधिवेशन एकै चरणमा गर्ने भएकाले |
| ७) विधान बमोजिम निर्वाचित केन्द्रीय समिति सदस्यको कार्यकाल सकिनु ६ महिनाअघि केन्द्रीय निर्वाचन आयोगले केन्द्रीय समितिलाई राष्ट्रिय महाधिवेशन (पहिलो वा दोश्रो चरण) आयोजना गर्न सिफारिस गर्नेछ। | ७) विधान बमोजिम निर्वाचित केन्द्रीय समिति सदस्यको कार्यकाल सकिनु ६ महिनाअघि केन्द्रीय निर्वाचन आयोगले केन्द्रीय समितिलाई राष्ट्रिय महाधिवेशन आयोजना गर्न सिफारिस गर्नेछ। | महाअधिवेशन एकै चरणमा गर्ने भएकाले |
| धारा ४८ : प्रदेश अधिवेशन | धारा ५०: | |
| १) पालिका अधिवेशनको आयोजना प्रदेश कार्यसम्पादन समितिले गर्नेछ। | १) पालिका अधिवेशनको आयोजना प्रदेश समितिले गर्नेछ। | कार्यसम्पादन हटाएकाले |
| २) पार्टीको केन्द्रीय पोर्टलमा दर्ता भएका सम्बन्धित प्रदेशका निम्न पार्टी सदस्यहरू मतदाता हुनेछन्: | | |
| (क) पालिका परिषद्का सदस्यहरु, | (क) पालिका पदाधिकारी, | पदाधिकारी मात्रै राखिएको |

| | | |
|---|---|---|
| (ख) जिल्ला परिषद्का सदस्यहरु र | (ख) जिल्ला समिति सवै | समिति मात्रै राखिएको |
| (ग) जिल्ला अधिवेशन आयोजक समितिका सदस्यहरु । | ग) निर्वाचन क्षेत्र समिति सवै | समिति मात्रै राखिएको |
| | घ) प्रदेश विभागको सवै | विभाग राखिएको |
| | ङ) प्रदेश परिषद | परिषद राखिएको |
| | च) सम्वन्धित पालिकामा मतदाता ठेगाना भएको कुनै पनि समितिमा नरहेको गाँउपालिका अधिवेशले २ जना, नगरपालिका अधिवेशनले ३ जना उपमहानगरपालिकाले ४ जना र महानगरपालिकाले ५ जनाको दरले प्रदेश अधिवेशनको लागी प्रतिनिधि छनौट गरी पठाएको प्रतिनिधि | पदेन भन्दा बाहिरको प्रतिनिधि समावेश गर्नुपर्ने भएकाले |
| ३) केन्द्रीय निर्वाचन आयोगले सम्बन्धित प्रदेशको अधिवेशनका लागि निर्वाचन प्रतिनिधि तोक्नेछ जसले प्रदेश अधिवेशन सम्बन्धी सम्पूर्ण निर्वाचन प्रक्रिया पूरा गर्नेछ । | | |
| ४) केन्द्रीय निर्वाचन आयोगले प्रदेश अधिवेशन आयोजना गर्ने उपयुक्त मिति, स्थान र समय तोक्नेछ । केन्द्रीय निर्वाचन आयोगले प्रदेश अधिवेशन सम्पन्न गर्नका लागि १ | | |

| | | |
|---|---|---|
| भन्दा धेरै स्थानमा एकै पटक वा फरक फरक मिति र समय पनि तोक्न सक्नेछ । | | |
| ५) प्रदेश अधिवेशनबाट प्रदेश कार्यसम्पादन समिति गठन हुनेछ । १ जना प्रदेश प्रमुख र ८ जना प्रदेश कार्यसम्पादन समिति सदस्यहरुको निर्वाचन हुनेछ । | ५) प्रदेश अधिवेशनबाट प्रदेश कार्यसम्पादन समिति गठन हुनेछ । | समिति संख्या बढाएकाले |
| ६) प्रत्येक ५ वर्षमा प्रदेश अधिवेशन हुनेछ । | | |
| धारा ४९ : जिल्ला अधिवेशन | धारा ५१: | |
| १) जिल्ला अधिवेशनको आयोजना जिल्ला कार्यसम्पादन समितिले गर्नेछ । | १)जिल्ला अधिवेशनको आयोजना जिल्ला समितिले गर्नेछ । | कार्यसम्पादन हटाएकाले |
| २) पार्टीको केन्द्रीय पोर्टलमा दर्ता भएका सम्बन्धित जिल्लाका निम्न पार्टी सदस्यहरू मतदाता हुनेछन् : | | |
| (क) वडा परिषद्का सदस्यहरु, | (क) वडा पदाधिकारी, | पदाधिारी मात्रै राखिएकाले |
| (ख) पालिका परिषद् सदस्यहरु, | (ख) पालिका समिति र पालिका विभाग प्रमुख | समिति र विभाग प्रमुख मात्रै राखिएकाले |
| (ग) जिल्ला परिषद् सदस्यहरु र | | |

| | | |
|---|---|---|
| (घ) जिल्ला अधिवेशन आयोजक समितिका सदस्यहरु । | घ) निर्वाचन क्षेत्र समिति सवै | निर्वाचन क्षेत्र थप भएकाले |
| | ङ) जिल्ला भित्रका सम्वन्धित पालिकामा मतदाता ठेगाना भएको कुनै पनि समितिमा नरहेको २०० जना सम्म सदस्य भएको पालिकाबाट पालिका अधिवेशले कम्तिमा १ महिला हुनेगरी समावेसीताको आधारमा छनौट गरी पठाएको ३ जना प्रतिनिधि | पदेन भन्दा बाहिरको पनि प्रतिनिधि समावेश गर्नुपर्ने भएकाले |
| | छ) जिल्ला भित्रका सम्वन्धित पालिकामा मतदाता ठेगाना भएको कुनै पनि समितिमा नरहेको २०० जना भन्दा बढि सदस्य भएको पालिकाबाट पालिका अधिवेशनले छनौट गरी पठाएका १ जना प्रतिनिधि | पदेन भन्दा बाहिरको पनि प्रतिनिधि समावेश गर्नुपर्ने भएकाले |
| ३) केन्द्रीय निर्वाचन आयोगले सम्बन्धित जिल्लाको अधिवेशनका लागि निर्वाचन प्रतिनिधि तोक्नेछ जसले जिल्ला अधिवेशन सम्बन्धी सम्पूर्ण निर्वाचन प्रक्रिया पूरा गर्नेछ । | | |
| ४) केन्द्रीय निर्वाचन आयोगले जिल्ला अधिवेशन आयोजना गर्ने उपयुक्त मिति, स्थान र समय तोक्नेछ । केन्द्रीय निर्वाचन आयोगले जिल्ला अधिवेशन सम्पन्न गर्नका लागि | | |

| | | |
|---|---|---|
| १ भन्दा धेरै स्थानमा एकै पटक वा फरक फरक मिति र समय पनि तोक्न सक्नेछ । | | |
| ५) जिल्ला अधिवेशनबाट जिल्ला कार्यसम्पादन समिति गठन हुनेछ । १ जना जिल्ला सभापतिको निर्वाचन हुनेछ । | ५) जिल्ला अधिवेशनबाट जिल्ला समिति गठन हुनेछ । जिल्ला अधिवेशनमा निर्वाचन क्षेत्र समिति समेत गठन गर्ने छ । | समिति संख्या र निर्वाचन समितिको व्यवस्था थप भएकाले |
| ६) प्रत्येक ५ वर्षमा जिल्ला अधिवेशन हुनेछ । | | |
| धारा ५० : पालिका अधिवेशन | धारा ५२: | |
| १) पालिका अधिवेशनको आयोजना पालिका समितिले गर्नेछ । | | |
| २) पार्टीको केन्द्रीय पोर्टलमा दर्ता भएका सम्बन्धित पालिकाका निम्न पार्टी सदस्यहरू मतदाता हुनेछन् : | | |
| (क) वडा परिषद्का सदस्यहरु, | (क) वडा समिति सबै | समिति मात्रै राखिएकाले |
| (ख) पालिका परिषद् सदस्यहरु र | | |
| (ग) पालिका अधिवेशन आयोजक समितिका सदस्यहरु । | (ग) पालिका भित्रको समिति भन्दा बाहिरको सम्वन्धित वडामा मतदाता ठेगाना भएको १०० | पदेन भन्दा बाहिरको पनि प्रतिनिधि |

| | | |
|---|---|---|
| | जनासम्म सदस्य भएको वडाबाट न्यूनतम १ महिला सहित समावेसी हुनेगरी ३ जना प्रतिनिधि | समावेश गर्नुपर्ने भएकाले |
| | घ) पालिका भित्रको समिति भन्दा बाहिरको सम्वन्धित वडामा मतदाता ठेगाना भएका १०० जना भन्दा बढि सदस्य भएको वडाबाट प्रति ५० जना सदस्य बराबर १ जना प्रतिनिधि | पदेन भन्दा बाहिरको पनि प्रतिनिधि समावेश गर्नुपर्ने भएकाले |
| ३) केन्द्रीय निर्वाचन आयोगले सम्बन्धित पालिकाको अधिवेशनका लागि निर्वाचन प्रतिनिधि तोक्नेछ जसले पालिका अधिवेशन सम्बन्धी सम्पूर्ण निर्वाचन प्रक्रिया पूरा गर्नेछ । | | |
| ४) केन्द्रीय निर्वाचन आयोगले पालिका अधिवेशन आयोजना गर्ने उपयुक्त मिति, स्थान र समय तोक्नेछ । | | |
| ५) पालिका अधिवेशनबाट पालिका समिति गठन हुनेछ । १ जना पालिका सभापति र ८ जना पालिका समिति सदस्यहरुको निर्वाचन हुनेछ । | ५) पालिका अधिवेशनबाट पालिका समिति गठन हुनेछ । | समिति संख्या थप भएकाले |
| ६) प्रत्येक ५ वर्षमा पालिका अधिवेशन हुनेछ । | | |

| | | |
|---|---|---|
| | ७. पालिका अधिवेशनले जिल्ला अधिवेशन प्रतिनिधि, प्रदेश अधिवेशन प्रतिनिधि र केन्द्रीय महाधिवेशन प्रतिनिधि छनौट गर्ने छ । | माथिल्लो अधिवेशनमा प्रतिनिधि पठाउनु पर्ने भएकाले |
| धारा ५१ : वडा अधिवेशन | धारा ५३: | |
| १) वडा अधिवेशनको आयोजना वडा समितिले गर्नेछ । | | |
| २) पार्टीको केन्द्रीय पोर्टलमा दर्ता भएका सम्बन्धित वडाका पार्टी सदस्यहरू मतदाता हुनेछन् । | | |
| ३) केन्द्रीय निर्वाचन आयोगले सम्बन्धित वडाको अधिवेशनका लागि निर्वाचन प्रतिनिधि तोक्नेछ जसले वडा अधिवेशन सम्बन्धी सम्पूर्ण निर्वाचन प्रक्रिया पूरा गर्नेछ । | | |
| ४) केन्द्रीय निर्वाचन आयोगले वडा अधिवेशन आयोजना गर्ने उपयुक्त मिति, स्थान र समय तोक्नेछ । | | |
| ५) वडा अधिवेशनबाट वडा समिति गठन हुनेछ । १ जना वडा सभापति र ८ जना वडा समिति सदस्यहरुको निर्वाचन हुनेछ । | | |
| ६) प्रत्येक ५ वर्षमा वडा अधिवेशन हुनेछ । | | |
| धारा ५२ : अधिवेशन र महाधिवेशन सम्बन्धी थप व्यवस्था | धारा ५४: | |

| | | |
|---|---|---|
| १) राष्ट्रिय महाधिवेशनको पहिलो चरण वडा अधिवेशनको प्रक्रियाबाट शुरु गर्नुपर्नेछ भने दोश्रो चरण सिधै राष्ट्रिय महाधिवेशन हुनेछ । | १)राष्ट्रिय महाधिवेशन वडा अधिवेशनको प्रक्रियाबाट शुरु हुनेछ । | महाधिवेशन एकै चरणमा हुने भएकाले |
| २) पालिका अधिवेशन गर्नका लागि पालिकाभित्रका सबै वडाका अधिवेशन भइसकेको हुनपर्नेछ । कुनै कारणवश पालिकाभित्रका कुनै वडाको अधिवेशन गर्न सम्भव नभए केन्द्रीय संगठन विभागले निर्णय गरी सो वडाको अधिवेशन थाँती राखी पालिका अधिवेशन गर्न सकिनेछ । | | |
| ३) जिल्ला अधिवेशन गर्नका लागि जिल्लाभित्रका सबै पालिकाका अधिवेशन भइसकेको हुनपर्नेछ । कुनै कारणवश जिल्लाभित्रका कुनै पालिकाको अधिवेशन गर्न सम्भव नभए केन्द्रीय समितिले निर्णय गरी सो पालिकाको अधिवेशन थाँती राखी जिल्ला अधिवेशन गर्न सकिनेछ । | | |
| ४) प्रदेश अधिवेशन गर्नका लागि प्रदेशभित्रका सबै जिल्लाका अधिवेशन भइसकेको हुनपर्नेछ । | ४) प्रदेश अधिवेशन गर्नका लागि प्रदेशभित्रका सबै जिल्लाका अधिवेशन भइसकेको हुनपर्नेछ । कुनै कारणवश कुनै जिल्लाको अधिवेशन गर्न सम्भव नभए केन्द्रीय समितिले निर्णय गरी सो जिल्लाको अधिवेशन थाँती राखी प्रदेशको अधिवेशन गर्न सकिनेछ । | सबै जिल्ला अधिवेशन गर्न नसकिने अवस्था हुन सक्ने भएकाले |
| ५) राष्ट्रिय महाधिवेशनको पहिलो चरण गर्नका लागि सबै प्रदेशका अधिवेशन भइसकेको हुनपर्नेछ । | | |

| | | |
|---|---|---|
| ६) वडा, पालिका, जिल्ला र प्रदेश अधिवेशन आयोजक समितिमा तोकिएको बाहेक थप सदस्यहरु केन्द्रीय समितिले मनोनीत गर्न सक्नेछ । | | |
| ७) सम्बन्धित तहको अधिवेशनमा सभापति र सदस्यको निर्वाचनमा उम्मेदवार हुनका लागि तत् तहकै पार्टीको साधारण सदस्य हुनुपर्नेछ । उम्मेदवार सम्बन्धी योग्यता नियमावलीमा तोके बमोजिम हुनेछ । | ७) सम्बन्धित तहको अधिवेशनमा सभापति र सदस्यको निर्वाचनमा उम्मेदवार हुनका लागि सम्वन्धित भूगोलको पार्टीको सकृय सदस्य हुनुपर्नेछ । उम्मेदवार सम्बन्धी योग्यता नियमावलीमा तोके बमोजिम हुनेछ । | सदस्यता प्रकार परिवर्तन गरिएकाले |
| ८) अधिवेशन र महाधिवेशन सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोके बमोजिम हुनेछ । | | |
| धारा ५३ : प्रथम राष्ट्रिय महाधिवेशन र अधिवेशनहरु | धारा ५५: | |
| १) केन्द्रीय संगठन विभागले प्रमाणित गरेका वडा, पालिका, जिल्ला र प्रदेशका तदर्थ समितिहरु सम्बन्धित तहका अधिवेशन आयोजक समिति हुनेछ । | | |
| २) तत्काल बहाल रहेको केन्द्रीय समिति राष्ट्रिय महाधिवेशन आयोजक समिति हुनेछ । | | |
| ३) सांसदहरु बाहेकका तत्काल बहाल रहेका केन्द्रीय समिति सदस्यहरुको कार्यकाल प्रथम राष्ट्रिय महाधिवेशनको पहिलो चरणसम्म हुनेछ । | हटाउने | पदेन हटाएकाले |
| भाग-१२ | भाग-१२ | |

| बैठक र निर्णय | | |
| --- | --- | --- |
| **धारा ५४ : बैठक बोलाउने तथा निर्णय गर्ने सम्बन्धी व्यवस्था** | **धारा ५६:** | |
| १) हरेक तहगत परिषद्, समिति, विभाग, आयोग लगायत अन्य संयन्त्रको बैठक बोलाउने तथा त्यसको नेतृत्व गर्ने अधिकार उक्त निकायको प्रमुख (सभापति, प्रमुख, संयोजक, आदि) लाई हुनेछ। प्रमुखको अनुपस्थितिमा प्रमुखले तोकेको उपप्रमुख (उपसभापति, उपप्रमुख, उपसंयोजक, आदि) लाई हुनेछ वा उमेरले ज्येष्ठ उपप्रमुखलाई हुनेछ। | १)हरेक तहगत समिति, विभाग, आयोग लगायत अन्य संयन्त्रको बैठक बोलाउने तथा त्यसको नेतृत्व गर्ने अधिकार उक्त निकायको प्रमुखलाई हुनेछ । प्रमुखको अनुपस्थितिमा प्रमुखले तोकेको उपप्रमुखलाई हुनेछ। | भाषा मिलाएकाले |
| २) हरेक तहगत परिषद्, समिति, विभाग, आयोग लगायत अन्य संयन्त्रले निर्णय गर्दा बहुमतको आधारमा वा यस विधानमा उल्लेख गरिए बमोजिम हुनेछ। | २) हरेक तहगत परिषद्, समिति, विभाग, आयोग लगायत अन्य संयन्त्रले निर्णय गर्दा बहुमतको आधारमा वा यस विधानमा उल्लेख गरिए बमोजिम हुनेछ। | परिषद हटाएकाले |
| ३) विधानमा उल्लिखित परिषद् र समितिको बैठक देहाय बमोजिम बस्नेछ : | ३)विधानमा उल्लिखित समितिको बैठक देहाय बमोजिम बस्नेछ : | परिषद हटाएकाले |
| (क) वडा परिषद्को बैठक : ४ महिनामा न्यूनतम १ पटक | हटाउने | समितिको काम कर्तव्य अधिकारमा आएकाले |

| | | |
|---|---|---|
| (ख) वडा समितिको बैठकः २ महिनामा न्यूनतम १ पटक | | |
| (ग) पालिका परिषद्को बैठकः ६ महिनामा न्यूनतम १ पटक | हटाउने | समितिको काम कर्तव्य अधिकारमा आएकाले |
| (घ) पालिका समितिको बैठकः ३ महिनामा न्यूनतम १ पटक | | |
| (ङ)निर्वाचन क्षेत्र परिषद्को बैठकः ६ महिनामा न्यूनतम १ पटक | (ङ) निर्वाचन क्षेत्र समिति बैठकः ६ महिनामा न्यूनतम १ पटक | |
| (च) जिल्ला परिषद्को बैठकः ६ महिनामा न्यूनतम १ पटक | हटाउने | समितिको काम कर्तव्य अधिकारमा आएकाले |
| (छ) जिल्ला कार्यसम्पादन समितिको बैठकः २ महिनामा न्यूनतम १ पटक | (छ) जिल्ला समितिको बैठकः २ महिनामा न्यूनतम १ पटक | |
| (ज) प्रदेश परिषद्को बैठकः ६ महिनामा न्यूनतम १ पटक | हटाउने | समितिको काम कर्तव्य अधिकारमा आएकाले |

| | | |
|---|---|---|
| (झ) प्रदेश कार्यसम्पादन समितिको बैठकः ३ महिनामा न्यूनतम १ पटक | (झ)प्रदेश समितिको बैठकः ६ महिनामा न्यूनतम १ पटक | |
| (ञ) केन्द्रीय परिषद्को बैठकः ५ वर्षमा न्यूनतम २ पटक | हटाउने | समतिको काम कर्तव्य अधिकारमा आएकाले |
| (ट)केन्द्रीय समितिको बैठकः ४ महिनामा न्यूनतम १ पटक | | |
| ४) उपधारा १ बमोजिम निकायका प्रमुखले उपधारा ३ बमोजिम तोकिएको समयमा बैठक नबोलाएमा उक्त निकायका एक चौथाइ सदस्यले लिखित निवेदन दिइ बैठकको माग गर्न सक्नेछ। लिखित निवेदन सहित बैठकको माग भई आएको १५ दिनभित्र निकायका प्रमुखले अनिवार्य बैठक बोलाउनु पर्ने हुन्छ । यदि बैठक नबोलाइएमा निकायको दुई तिहाई सदस्यहरुको बैठक बस्न सक्नेछ । यसरी विशेष परिस्थितिमा बसेको बैठकको अध्यक्षता निकायका उपप्रमुख तथा उपप्रमुख पनि नभएमा उपस्थितहरुमध्ये सबैभन्दा कान्छो सदस्यको अध्यक्षतामा बैठक बस्नेछ । बैठकमा कम्तीमा दुई तिहाई सदस्य उपस्थित नभएमा बैठकले मान्यता पाउने छैन । | | |
| भाग-१३<br>अनुशासनात्मक कारवाही | भाग-१३ | |

| धारा ५५ : केन्द्रीय अनुशासन आयोग | धारा ५७ | |
|---|---|---|
| १) केन्द्रीय परिषद्ले प्रमुख १, उपप्रमुख १, सचिव १ र बाँकी सदस्यहरु रहने गरी कुल ११ सदस्यीय केन्द्रीय अनुशासन आयोग गठन गर्नेछ । | | |
| २) आयोगका प्रमुख, उपप्रमुख र सचिवको मर्यादा पार्टी सचिवालय समितिका सदस्यहरु सरह हुनेछ र अन्य सदस्यहरुको मर्यादा केन्द्रीय सदस्य सरह हुनेछ । | | |
| ३) आयोग केन्द्रीय परिषद्प्रति उत्तरदायी हुनेछ । | | |
| ४) आयोगका पदाधिकारी र सदस्यहरु पार्टीका अन्य कुनै समिति, आयोग, विभाग वा संयन्त्रको सदस्य हुने छैनन् । | | |
| ५) आयोगका पदाधिकारी एवं सदस्यहरुले पदमा बहाल रहेको ६ महिनासम्म पार्टीको अन्य आन्तरिक निर्वाचनमा वा प्रारम्भिक निर्वाचनमा उम्मेदवार बन्न पाउने छैनन् तथापि केन्द्रीय समितिले निर्णय गरे आयोगका कुनै पनि पदाधिकारी एवं सदस्यहरुलाई पार्टीको अन्य आन्तरिक निर्वाचनमा वा प्रारम्भिक निर्वाचनमा उम्मेदवार बन्न बाधा पर्ने छैन । | | |
| ६) केन्द्रीय अनुशासन आयोगले नियमावली बमोजिम प्रदेश अनुशासन आयोग र जिल्ला अनुशासन आयोग गठन गर्न सक्नेछ । | | |

| | | |
|---|---|---|
| ७) आयोगको काम, कर्तव्य र अधिकार | | |
| (क) पार्टीको केन्द्रीय निकायका पदाधिकारी वा सदस्य लगायत सबै तहका पार्टीका समिति, विभाग, आयोग वा संयन्त्रका पदाधिकारी एवम् सदस्यले पार्टी निर्णय, निर्देशन र अनुशासनको पालना गरे नगरेको अनुगमन गर्ने र अनुशासनको पालना गर्न गराउन सम्बन्धित निकाय वा सदस्यलाई निर्देशन दिने । | | |
| (ख) पार्टीको कुनै पनि तहका समिति, विभाग, आयोग वा संयन्त्रका सदस्य उपर पार्टी निर्णय विपरीतका क्रियाकलाप, आर्थिक अनियमितता र नैतिक चरित्रसँग सम्बन्धित विषयमा प्रश्न उठी उजुरी परेमा छानबिन गर्ने र नियमावली बमोजिम कारवाही गर्ने । | | |
| (ग) पार्टीको केन्द्रीय समिति वा सो सरहको समिति, प्रदेश कार्यसम्पादन समिति वा सो सरहको समितिका पदाधिकारी एवं सदस्यहरु, पार्टीको तर्फबाट नियुक्ति भएका पदाधिकारीहरु, केन्द्रीय अनुशासन आयोगका पदाधिकारी एवं सदस्यहरु, पार्टीको तर्फबाट निर्वाचित जनप्रतितिधिहरुको सम्पत्ति विवरण लिने, अभिलेख राख्ने र वार्षिक रुपमा अद्यावधिक गर्ने र आवश्यकता अनुसार छानबिन गर्ने । | (ग)पार्टीको केन्द्रीय समिति वा सो सरहको समिति, प्रदेश समिति वा सो सरहको समितिका पदाधिकारी एवं सदस्यहरु, पार्टीको तर्फबाट नियुक्ति भएका पदाधिकारीहरु, केन्द्रीय अनुशासन आयोगका पदाधिकारी एवं सदस्यहरु, पार्टीको तर्फबाट निर्वाचित जनप्रतितिधिहरुको सम्पत्ति विवरण लिने, अभिलेख राख्ने र वार्षिक रुपमा अद्यावधिक गर्ने र आवश्यकता अनुसार छानबिन गर्ने । | कार्यसम्पादन हटाएकाले |

| | | |
|---|---|---|
| (घ) आफ्नो कामको प्रतिवेदन केन्द्रीय समिति तथा केन्द्रीय परिषद्मा प्रस्तुत गर्ने । | | |
| (ङ)आयोगले आफ्नो कार्यसम्पादन कार्यविधि आफैँ बनाउनेछ । | | |
| ८) आयोगका अन्य सदस्यले आयोगको प्रमुखलाई र प्रमुखले केन्द्रीय समितिलाई राजीनामा दिने । | | |
| ९) केन्द्रीय समितिको दुईतिहाइ बहुमतले आयोगका पदाधिकारी एवं सदस्यहरुलाई महाअभियोग लगाई समितिबाट निष्कासन गर्न सक्नेछ । | | |
| १०) आयोगका पदाधिकारी वा सदस्यको पद रिक्त भएमा केन्दीय समितिले केन्द्रीय परिषद्को बैठक नबस्दासम्मका लागि रिक्त पद पूर्ति गर्नेछ । | १०)केन्द्रीय अनुशासन आयोगका पदाधिकारी वा सदस्यको पद रिक्त भएमा केन्दीय समितिले केन्द्रीय परिषद्को बैठक नबस्दासम्मका लागि रिक्त पद पूर्ति गर्नेछ । | भाषा मिलाएको |
| ११) केन्द्रीय अनुशासन आयोग एवं अनुशासनात्मक कारवाही सम्बन्धी अन्य व्यवस्था केन्द्रीय समितिले बनाएको नियमावली बमोजिम हुनेछ । | | |
| १२) आयोगका पदाधिकारी र सदस्यहरुको कार्यकाल ५ वर्षको हुनेछ । आयोगका पदाधिकारी र सदस्यहरुको पदावधि ४ वर्ष कटेपछि केन्द्रीय परिषद्को बैठक बसेमा केन्द्रीय परिषद्को निर्णय बमोजिम त्यस्ता सदस्यहरुको कार्यकाल समाप्त भएको मानिनेछ । | | |

| धारा ५६ : अनुशासनात्मक कारवाहीको प्रक्रिया | धारा ५८ | |
|---|---|---|
| १) पार्टीको कुनै पनि तहका समिति, विभाग, आयोग वा संयन्त्रका सदस्य उपर पार्टी निर्णय विपरीतका क्रियाकलाप, आर्थिक अनियमितता र नैतिक चरित्रसँग सम्बन्धित विषयमा प्रश्न उठी उजुरी परेमा केन्द्रीय अनुशासन आयोगले छानबिन गर्नेछ । | | |
| २) छानबिनको क्रममा केन्द्रीय अनुशासन आयोगले गुनासो सुनुवाइ गर्नेछ । | | |
| ३) पार्टीको केन्द्रीय समिति वा सो सरहको समितिका पदाधिकारी एवं सदस्य र प्रदेश पदाधिकारीको हकमा केन्द्रीय समितिलाई छानबिन प्रतिवेदनसहित आवश्यक भए सदस्यता निलम्बन वा खारेजीसम्मको कारवाहीको सिफारिससहित केन्द्रीय अनुशासन आयोगलले सिफारिस पठाउनेछ र त्यस्तो सिफारिस उपर केन्द्रीय समितिले निर्णय गर्नेछ । अन्य तहका समिति, विभाग, आयोग वा संयन्त्रका पदाधिकारी एवं सदस्यको हकमा केन्द्रीय अनुशासन आयोगलले सदस्यता निलम्बनसम्म गर्न सक्नेछ र केन्द्रीय समितिलाई छानबिन प्रतिवेदनसहित आवश्यक भए सदस्यता खारेजीसम्मको कारवाहीको सिफारिससहित केन्द्रीय अनुशासन आयोगले सिफारिस पठाउनेछ र त्यस्तो सिफारिस उपर केन्द्रीय समितिले अन्तिम निर्णय गर्नेछ । | | |

| | | |
|---|---|---|
| ४) केन्द्रीय समितिले सदस्यता खारेजी गर्नुपूर्व स्पष्टीकरणसहित सफाई पेश गर्ने मौका दिनेछ । | | |
| ५) केन्द्रीय समिति वा केन्द्रीय अनुशासन आयोगलले सदस्यता निलम्बन गर्नुपूर्व स्पष्टीकरणसहित सफाई पेश गर्ने मौका दिनेछ तथापि तत्काल कारवाही गर्ने परिस्थिति आए अल्पकालीन रुपमा सदस्यता निलम्बन गरी छानबिन गर्नेछ । | | |
| ६) केन्द्रीय समितिले कुनै पनि बेला कारवाही बदर वा संशोधन गर्न सक्नेछ । | | |
| भाग-१४<br>पुनरावेदन सम्बन्धी व्यवस्था | भाग-१४ | |
| धारा ५७ : पुनरावेदन सम्बन्धी प्रक्रिया | धारा ५९ | |
| १) पार्टी सदस्यलाई आफूलाई गरिएको कारवाही चित्त नबुझेमा पुनरावेदन समितिमा पुनरावेदनका लागि निवेदन दिनुपर्नेछ । | १)केन्द्रीय अनुशासन आयोगले पार्टी सदस्यलाई आफूलाई गरिएको कारवाही चित्त नबुझेमा पुनरावेदन समितिमा पुनरावेदनका लागि निवेदन दिनुपर्नेछ । | अनुशासन आयोग प्रदेश र जिल्लामा पनि रहने भएकाले त्यहाँबाट सोझै पुनरावेदन समितिमा |

| | | |
|---|---|---|
| | | पुनरावेदन नदिइ नियमावलीमा र्फत केन्द्रीय अनुशासन आयोगमा पुनरावेदन दिन सक्ने व्यवस्था गरिएको । |
| २) प्राप्त निवेदन उपर पुनरावेदन समितिले छानबिन गरी आफ्नो राय तथा सिफारिस सहितको प्रतिवेदन पार्टी सभापतिलाई पठाउनेछ र त्यस्तो सिफारिसका आधारमा पार्टी सभापतिद्वारा अन्तिम निर्णयका लागि केन्द्रीय समितिमा प्रस्ताव पेश गरिनेछ । | | |
| धारा ५८ : पुनरावेदन समितिको गठन | धारा ६० | |
| १) केन्द्रीय समितिले पार्टी सभापतिको प्रस्तावमा १ जना प्रमुख, १ जना उपप्रमुख र १ जना सचिव सहितको कूल ११ जनाको पुनरावेदन समिति गठन गर्नेछ । | | |

| | | |
|---|---|---|
| धारा ५९ : पुनरावेदन समितिको काम, कर्तव्य र अधिकार | धारा ६०१ | |
| १) पुनरावेदन समितिमा पुनरावेदनका लागि परेको निवेदन उपर छानबिन गरी राय तथा सिफारिस सहितको प्रतिवेदन पार्टी सभापतिलाई पठाउने । | | |
| २) समितिले प्राप्त निवेदन उपर छानबिनको क्रममा गुनासोको पुन: सुनुवाइ गर्न सक्नेछ । | | |
| | ३)पुनरावेदन समितिको पुनरावेदन सम्बन्धी अन्य व्यवस्था केन्द्रीय समितिले बनाएको नियमावली बमोजिम हुनेछ । | नियमावलीको व्यवस्था गरिएको । |
| भाग - १५<br>सदस्यताको विवाद, निरुपण तथा खारेजी | हटाउने | यो संरचनाको आवश्यकता नरहेको । काम कर्तव्य र अधिकार खुलाउन नसकेको । यसले गर्ने कार्य गर्ने अरु संरचनाहरु |
| धारा ६० : विवाद समाधान समिति | हटाउने | |
| १) केन्द्रीय समितिले पार्टी सभापतिको प्रस्तावमा १ जना प्रमुख ,१ जना उपप्रमुख र १ जना सचिव सहितको कूल ११ जनाको विवाद समाधान समिति गठन गर्नेछ । | हटाउने | |
| धारा ६१ : विवाद समाधान समितिको काम, कर्तव्य र अधिकार | हटाउने | |
| १) विवाद समाधान समितिले सदस्यता सम्बन्धी समस्या, विवादको सुनुवाइ, प्रदेश समिति वा केन्द्रीय समितिको | हटाउने | |

| | | |
|---|---|---|
| सिफारिस उपर आवश्यक छलफल तथा निर्णय गर्नुका साथै सदस्यता समेत खारेज गर्न सक्नेछ । | | कायम रहेको । |
| २) निवेदन उपर छानबिनको क्रममा समितिले विवादको पुनः सुनुवाइ गर्न सक्नेछ । | हटाउने | |
| (क) केन्द्रीय समिति, केन्द्रीय परिषद् तथा केन्द्रीय सभापतिले तोकेको काम गर्ने । | हटाउने | |
| (ख) पार्टी सदस्यहरुसँग आवश्यक समन्वय तथा सहयोग गर्ने । | हटाउने | |
| (ग) पार्टीको निर्णय र यस विधान बमोजिम अन्य कार्यहरु गर्ने । | हटाउने | |
| (घ) पार्टी, मुलुक र जनताका हितका लागि पार्टी नीति अनुरुप आवश्यक सिर्जनात्मक अन्य काम गर्ने । | हटाउने | |
| (ङ)मुलुक निर्माण हेतु विविध विषयमा स्वअध्ययन गरी पार्टीमा लिखित सुझाव पेश गर्ने । | हटाउने | |
| भाग - १६<br>पार्टीको कोष तथा लेखा परीक्षण | भाग - १६ | |
| धारा ६२ : पार्टी कोष | धारा ६२ | |
| १) पार्टीको कोष देहाय बमोजिम हुनेछ । | | |
| (क) सदस्यता शुल्कबाट संकलित रकम । | | |

| | | |
|---|---|---|
| (ख) सदस्य र गैर सदस्य नेपाली नागरिकबाट स्वेच्छिक प्राप्त नगद वा जिन्सीको दान । | (ख) पार्टी सदस्य वा सदस्य नभएकाहरुबाट प्राप्त स्वेच्छिक नगद वा जिन्सीको दान ।<br>(नियमित दान वा सहयोग गर्नेलाई पार्टी पिलरकोरुपमा पहिचान गरिनेछ । पार्टी पिलरको योगदानको बारेमा अर्थ व्यवस्थान विभागको कार्यविधि अनुसार हुनेछ ।) | पार्टी पिलरको व्यवस्था गरिएको । |
| (ग) प्रकाशन बिक्री वितरणबाट प्राप्त आय । | | |
| (घ) पार्टीको सम्पत्ति परिचालनबाट प्राप्त आय । | | |
| (ङ)विशेष अभियान वा कार्यक्रमबाट संकलित आय । | | |
| (च) पार्टीको आन्तरिक र प्रारम्भिक निर्वाचनका क्रममा उम्मेदवारले बुझाउने तोकिए बमोजिमको उम्मेदवारी शुल्क । | | |
| २) उपधारा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि नेपालको कानुनले राजनीतिक दललाई अर्थ सङकलन र व्यवस्थापनमा निर्दिष्ट गरेको कानुनको अधीनमा रही मात्र कार्य गरिनेछ । | | |
| धारा ६३ : पार्टीको कोषको सञ्चालन तथा व्यवस्थापन | धारा ६३ | |
| १) केन्द्रीय, प्रदेश र पालिका स्तरमा तोकिए बमोजिम विभागहरु रहनेछन् । | १)आर्थिक कोष सञ्कलनको प्रयोजनका लागी केन्द्रीय, प्रदेश, जिल्ला र पालिका स्तरमा तोकिए बमोजिम विभागहरु रहनेछन् । | जिल्ला थप गरिएको । |

| | | |
|---|---|---|
| २) पार्टीको प्रत्येक तहमा हुने नगद, आय-व्ययको व्यवस्थापन र पारदर्शिताका निम्ति बैंक खाता सञ्चालन गरिनेछ र जो सम्बन्धित तहको समितिको निर्णयबाट मुख्य पदाधिकारीको दस्तखतबाट सञ्चालन हुनेछ । | | |
| ३) पार्टीको कोषको व्यवस्थापन र सञ्चालन पार्टीको आर्थिक नियमावली अनुसार हुनेछ । | | |
| राख्नेछन् र वार्षिक रुपमा लेखापरीक्षण गराई आफ्नोतहको अधिवेशन तथा भेलामा पेश गर्नेछन् । | | |
| ५) पार्टीको नाममा भएका चल अचल र जिन्सी लगायत सम्पूर्ण सम्पत्तिमा केन्द्रीय समितिको स्वामित्व हुनेछ । | | |
| ६) केन्द्रीय  समितिको लिखित अनुमतिबिना लिएको ऋण तथा दायित्वप्रति पार्टी जवाफदेही हुनेछैन । | | |
| धारा ६४ : लेखा परीक्षण | धारा ६४ | |
| १) पार्टीका सबै निकायको आय र व्ययको वार्षिक विवरणको लेखापरीक्षण गरिनेछ । | | |
| २) पार्टीको आय र व्ययको वार्षिक विवरणको राजनीतिक दल सम्बन्धी ऐन बमोजिमको ढाँचामा राखिनेछ र जिम्मेवार पदाधिकारीमार्फत् राष्ट्रिय निर्वाचन आयोगमा पेश गरिनेछ । | | |

| | | |
|---|---|---|
| ३) केन्द्रीय लेखा आयोगले लेखा परीक्षक नियुक्त गरी पारिश्रमिक समेत तोक्नेछ । | | |
| ४) राजनीतिक दल सम्बन्धी ऐनबमोजिम तोकिएको अवधिभित्र लेखापरीक्षण गराइनेछ। | | |
| ५) लेखापरीक्षणको प्रतिवेदन राष्ट्रिय निर्वाचन आयोगलाई बुझाइनेछ । | | |
| ६) लेखापरीक्षणको प्रतिवेदन सार्वजनिक गरिनेछ । | | |
| धारा ६५ : केन्द्रीय लेखा आयोग | धारा ६५ | |
| १) केन्द्रीय परिषद्ले प्रमुख १, उपप्रमुख १, सचिव १ र बाँकी सदस्यहरु रहने गरी कुल ११ सदस्यीय केन्द्रीय लेखा आयोग गठन गर्नेछ । | | |
| २) आयोगका प्रमुख, उपप्रमुख र सचिवको मर्यादा पार्टी सचिवालय समितिका सदस्यहरु सरह हुनेछ र अन्य सदस्यहरुको मर्यादा केन्द्रीय सदस्य सरह हुनेछ । | | |
| ३) आयोग केन्द्रीय परिषद्प्रति उत्तरदायी हुनेछ । | | |
| ४) आयोगका पदाधिकारी र सदस्यहरु पार्टीका अन्य कुनै समिति, आयोग, विभाग वा संयन्त्रको सदस्य हुने छैनन् । | | |
| ५) आयोगका पदाधिकारी र सदस्यहरुको कार्यकाल ५ वर्षको हुनेछ । आयोगका पदाधिकारी र सदस्यहरुको | | |

| | | |
|---|---|---|
| पदावधि ४ वर्ष कटेपछि केन्द्रीय परिषद्को बैठक बसेमा केन्द्रीय परिषद्को निर्णय बमोजिम त्यस्ता सदस्यहरुको कार्यकाल समाप्त भएको मानिनेछ । | | |
| ६) आयोगका अन्य सदस्यले आयोगको प्रमुखलाई र प्रमुखले केन्द्रीय समितिलाई राजीनामा दिने । | | |
| ७) केन्द्रीय समितिको दुईतिहाइ बहुमतले आयोगका पदाधिकारी एवं सदस्यहरुलाई महाअभियोग लगाई समितिबाट निष्कासन गर्न सक्नेछ । | | |
| ८) आयोगका पदाधिकारी वा सदस्यको पद रिक्त भएमा केन्दीय समितिले केन्द्रीय परिषद्को बैठक नबस्दासम्मका लागि रिक्त पद पूर्ति गर्नेछ । | | |
| ९) केन्द्रीय लेखा आयोगले नियमावली बमोजिम प्रदेश अनुशासन आयोग र जिल्ला अनुशासन आयोग गठन गर्न सक्नेछ । | | |
| १०) केन्द्रीय लेखा आयोगसम्बन्धी अन्य व्यवस्था केन्द्रीय समितिले बनाएको नियमावली बमोजिम हुनेछ । | | |
| धारा ६६ : केन्द्रीय लेखा आयोगका काम, कर्तव्य र अधिकार | धारा ६६ | |
| केन्द्रीय आयोगका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् : | | |

| | | |
|---|---|---|
| (क) कोषाध्यक्षले राखेको आय र व्ययको वार्षिक विवरणको लेखापरीक्षण गराउने। | | |
| (ख) केन्द्रीय समितिको आयव्ययको नियमित अनुगमन र वार्षिक रुपमा लेखापरीक्षण गराउने । | | |
| (ग) आवश्यकता अनुसार लेखापरीक्षण विज्ञहरु नियुक्त गरी छलफल गरी लेखापरीक्षण प्रतिवेदन तयार पारी कार्यान्वयनका लागि केन्द्रीय समितिमा प्रस्तुत गर्नेछ । | | |
| (घ) पार्टीका समिति, विभाग, आयोग तथा अन्य संयन्त्रको आवश्यकता अनुसार लेखापरीक्षण गराउने । | | |
| (ङ)केन्द्रीय समितिलाई आवश्यकता अनुसार लेखा, कोष तथा अर्थसम्बन्धी सल्लाहसुझाव दिने र केन्द्रीय समितिको निर्देशन अनुसार कार्यान्वयन गर्ने र गराउने । | | |
| (च) लेखा, कोष तथा अर्थसम्बन्धी नियमावली बनाई कार्यान्वयनका लागि प्रस्तुत गर्ने । | | |
| (छ) आफ्नो कामको प्रतिवेदन केन्द्रीय समिति र केन्द्रीय परिषद्मा प्रस्तुत गर्ने । | | |
| (ज) लेखा सम्बन्धी तोकिएको अन्य काम गर्ने । | | |
| भाग - १७<br>लिडरसीप एकेडेमी | भाग - १७ | |

| धारा ६७ : लिडरसीप एकेडेमी | धारा ६७ : | |
|---|---|---|
| १) राज्यका कुनै पनि तहको निर्वाचनमा पार्टीको तर्फबाट उम्मेदवार हुने पार्टी सदस्यहरुलाई प्रशिक्षण तथा परीक्षण गरी नेतृत्व क्षमता विकास गर्ने उद्देश्यले केन्द्रीय समितिले एक लिडरसीप एकेडेमी गठन गर्नेछ । | | |
| २) लिडरसीप एकेडेमी केन्द्रीय परिषद् तथा केन्द्रीय समितिप्रति उत्तरदायी हुनेछ। | | |
| ३) यसको गठन तथा सञ्चालन नियमावली अनुसार हुनेछ । | ३)लिडरसीप एकेडेमी गठन तथा सञ्चालन नियमावली अनुसार हुनेछ । | सच्याइएको । |
| ४) यस एकेडेमीले राज्यका कुनै पनि तहको निर्वाचनमा पार्टीको तर्फबाट उम्मेदवार हुने पार्टी सदस्यहरुलाई प्रशिक्षण तथा परीक्षण गर्नेछ । | हटाउने | नियमावलीबाट थप स्पष्ट र लचक पार्न सकिने । |
| ५) कुनै पनि पार्टी सदस्य यस एकेडेमीबाट प्रमाणित नभई पार्टीका तर्फबाट राज्यका कुनै पनि तहको निर्वाचनमा पार्टीको तर्फबाट उम्मेदवार हुन योग्य मानिने छैन। | हटाउने | नियमावलीबाट थप स्पष्ट र लचक पार्न सकिने । |
| ६) अन्य व्यवस्था नियमावली बमोजिम हुनेछ । | हटाउने | माथि व्यवस्था भइसकेकाले । |

| | | |
|---|---|---|
| भाग - १८<br>पार्टी विघटन र सम्पति तथा दायित्वको व्यवस्थापन | भाग - १८ | |
| धारा ६८ : पार्टी विघटन हुने अवस्था | धारा ६८ : | |
| क) पार्टी विघटन प्रचलित कानुन बमोजिम हुनेछ । | | |
| ख) पार्टी विघटन भएमा पार्टीको सम्पत्ति सम्बन्धी दायित्व पार्टी विघटन भएमा पार्टीको सम्पत्ति सम्बन्धी दायित्व प्रचलित कानुन बमोजिम हुनेछ । | | एउटै धारामा हुनु पर्ने कुरा मिलान गरेको । |
| भाग - १९<br>प्रारम्भिक निर्वाचन (उम्मेदवार छनोट) र निर्वाचित जनप्रतिनिधि | भाग - १९ | |
| धारा ७० : उम्मेदवारको योग्यता : | धारा ६९ | |
| देहाय बमोजिम योग्यता पुगेका नेपाली नागरिकले पार्टीको तर्फबाट राज्यको कुनै पनि तहको पदमा उम्मेदवार हुन योग्य मानिनेछ : | देहाय बमोजिम योग्यता पुगेका पार्टीका सदस्यहरु पार्टीको तर्फबाट राज्यको कुनै पनि तहको पदमा उम्मेदवार हुन योग्य मानिनेछ : | पार्टीको विधान भएकाले सच्याइएको । |
| (क) प्रचलित कानुन बमोजिम उम्मेदवार हुने योग्यता भएको । | | |

| | | |
|---|---|---|
| (ख) पार्टीको केन्द्रीय अनुशासन तथा आचरण समितिलाई सम्पत्ति विवरण बुझाएको र उम्मेदवार छनोट अघि सार्वजनिक गरेको । | (ख)पार्टीको केन्द्रीय अनुशासन तथा आचरण समितिलाई सम्पत्ति विवरण बुझाएको । | आवश्यक परेमा देखाउन सक्ने गरी लिएर गोपनीयताका लागि सच्याइएको । |
| (ग) प्रहरी रिर्पोट सार्वजनिक गरेको । | (ग) प्रहरी रिर्पोट पेश गरेको । | आवश्यक परेमा देखाउन सक्ने गरी लिएर गोपनीयताका लागि सच्याइएको । |
| (घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसार प्रसार, लागु औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, अपहरण सम्बन्धी कसूर, हत्या सम्बन्धी कसूर वा नैतिक पतन देखिने अभियोगमा सजाय पाएकोमा बाहेक अन्य फौजदारी कसूरमा सजाय भुक्तान गरेको १ वर्षभन्दा बढी अवधि पूरा गरेको । | | |
| (घ) पार्टीको केन्द्रीय समितिले जारी गरेको प्रतिबद्धता पत्रप्रति प्रतिबद्ध रहेको । | | |

| | | |
|---|---|---|
| (ङ)अन्य राजनीतिक पार्टी त्याग गरेको । | | |
| **धारा ७१ : प्रारम्भिक निर्वाचन** | **धारा ७१** | |
| १) राज्यको कुनै पनि तहको पदमा उम्मेदवार छनोट गर्न देहाय बमोजिम निर्वाचन मण्डल गठन गरिनेछः | | |
| (क) वडा सदस्य र सभापति निर्वाचन : सम्बन्धित वडामा मतदाता ठेगाना भएका पार्टीका साधारण सदस्यहरु । | (क) वडा सदस्य र वडा अध्यक्ष निर्वाचन : सम्बन्धित वडामा मतदाता ठेगाना भएका पार्टीका सदस्यहरु । | साधारण शब्द हटाइएको । |
| (ख) पालिका सभापति, उपसभापति वा प्रमुख, उपप्रमुख निर्वाचन : सम्बन्धित पालिकामा मतदाता ठेगना भएका पार्टीका साधारण सदस्यहरु । | (ख) पालिका प्रमुख, उपप्रमुख निर्वाचन : सम्बन्धित पालिकामा मतदाता ठेगना भएका पार्टीका सदस्यहरु । | साधारण शब्द हटाइएको । |
| (ग) प्रदेश सभा प्रत्यक्ष निर्वाचन : सम्बन्धित प्रदेश प्रत्यक्ष निर्वाचन क्षेत्रमा मतदाता ठेगाना भएका पार्टीका साधारण सदस्यहरु । | (ग) प्रदेश सभा प्रत्यक्ष निर्वाचन सदस्य : सम्बन्धित प्रदेश प्रत्यक्ष निर्वाचन क्षेत्रमा मतदाता ठेगाना भएका पार्टीका सदस्यहरु । | साधारण शब्द हटाइएको । |
| (घ) प्रदेश सभा समानुपातिक निर्वाचन : सम्बन्धित प्रदेश सभा निर्वाचन क्षेत्रमा मतदाता ठेगाना भएका पार्टीका साधारण सदस्यहरु । | (घ) प्रदेश सभा समानुपातिक निर्वाचन : सम्बन्धित प्रदेशमा मतदाता ठेगाना भएका पार्टीका सदस्यहरु । | प्रदेशभरीका सदस्यले मतदान गर्ने भएकाले सच्याइएको । |
| (ङ) प्रतिनिधि सभा प्रत्यक्ष निर्वाचन : सम्बन्धित प्रतिनिधि सभा निर्वाचन क्षेत्रमा मतदाता ठेगाना भएका पार्टीका साधारण सदस्यहरु । | (ङ) प्रतिनिधि सभा प्रत्यक्ष निर्वाचन : सम्बन्धित प्रतिनिधि सभा निर्वाचन क्षेत्रमा मतदाता ठेगाना भएका पार्टीका सदस्यहरु । | साधारण शब्द हटाइएको । |

| | | |
|---|---|---|
| (च) प्रतिनिधि सभा समानुपातिक निर्वाचन : पार्टीका सम्पूर्ण साधारण सदस्यहरु । | (च) प्रतिनिधि सभा समानुपातिक निर्वाचन : पार्टीका सम्पूर्ण पार्टी सदस्यहरु । | साधारण शब्द हटाइएको । |
| २) उपधारा (१) बमोजिम गठन हुने निर्वाचन मण्डलमा मतदाता सदस्यहरुको अन्तिम नामावली केन्द्रीय समितिले तोके बमोजिम हुनेछ । अन्तिम नामावली प्रारम्भिक निर्वाचन अघि बढीमा ९० दिन र कम्तीमा ७ दिनअघि तोकिनुपर्ने छ । | २) उपधारा (१) बमोजिम गठन हुने निर्वाचन मण्डलमा मतदाता सदस्यहरुको अन्तिम नामावली केन्द्रीय निर्वाचन आयोगले तोके बमोजिम हुनेछ । अन्तिम नामावली प्रारम्भिक निर्वाचन हुने कम्तीमा ७ दिनअघि प्रकाशन गर्नु पर्ने छ । | निर्वाचन आयोगको कार्यक्षेत्रमा पर्ने भएकाले । |
| ३) केन्द्रीय समितिद्वारा प्रारम्भिक निर्वाचनको मिति तोकिनेछ । | | |
| ४) उपधारा (१) बमोजिम गठन हुने निर्वाचन मण्डलको संख्या, राष्ट्रिय निर्वाचन आयोगले अघिल्लो निर्वाचन सार्वजनिक गरेको सम्बन्धित क्षेत्रको कुल मतदाता संख्याको ०.१ (शुन्य दशमलव एक) प्रतिशत भन्दा कम रहे निर्वाचन मण्डल गठन भएको मानिने छैन र सम्बन्धित क्षेत्रको उम्मेदवार केन्द्रीय समितिले छनोट गर्नेछ । | ४) उपधारा (१) बमोजिम गठन हुने निर्वाचन मण्डलको संख्या, राष्ट्रिय निर्वाचन आयोगले अघिल्लो निर्वाचन सार्वजनिक गरेको सम्बन्धित क्षेत्रको कुल मतदाता संख्याको १ प्रतिशत भन्दा कम रहे निर्वाचन मण्डल गठन भएको मानिने छैन र सम्बन्धित क्षेत्रको उम्मेदवार केन्द्रीय समितिले छनोट गर्नेछ । | ०.१ प्रतिशतको संख्या अति कम हुने भएकाले बढाइएको । |
| ५) केन्द्रीय निर्वाचन आयोगले प्रारम्भिक निर्वाचनको प्रक्रिया गर्नेछ । | | |
| ६) प्रारम्भिक निर्वाचनका लागि केन्द्रीय समितिले प्रारम्भिक निर्वाचन नियमावली बनाउनेछ र केन्द्रीय समिति तथा केन्द्रीय निर्वाचन आयोगले तोकिए बमोजिम सो कार्यान्वयन गर्नेछन् । | | |

| | | |
|---|---|---|
| ७) प्रारम्भिक निर्वाचनमा विजयी उम्मेदवार पार्टीको तर्फबाट (स्थानीय तह, प्रदेश वा प्रतिनिधि सभा निर्वाचनमा) सम्बन्धित क्षेत्रको उम्मेदवार हुनेछ । | | |
| | ८) प्रारम्भिक निर्वाचनमा सहभागी भएका उम्मेदवार भन्दा फरक उम्मेदवार बनाउन पर्ने भएमा प्रारम्भिक निर्वाचनमा निर्वाचित र सहभागी उम्मेदवारहरुको सहमतिमा केन्द्रिय समिति वा केन्द्रिय समितिबाट अधिकारप्राप्त निकायले मात्र फेरबदल गर्न सक्नेछ । | ल्याटरल इन्ट्री पनि व्यवस्थित गरिएको । |
| धारा ७२ : पार्टीको तर्फबाट प्रतिनिधि सभा संसदीय दलको नेता छनोट | धारा ७२ : संघिय संसदीय दल(प्रतिनिधी सभा र राष्ट्रिय सभा), प्रदेश सभा संसदीय दल, स्थानीत तह दल | |
| | (१) सङ्घीय संसद वाप्रदेश सभाको निर्वाचनमा दलको तर्फबाट निर्वाचित प्रत्येक सदस्यहरु संसदीय दलको सदस्य रहने गरी सङ्घीय (प्रतिनिधी सभा र राष्ट्रिय सभा) तथाप्रदेश संसदीय दल गठन गरिनेछ । | थप गरिएकाले |
| | (२) उपधारा (१)बमोजिमको सङ्घीय तथाप्रदेश संसदीय दलमा देहाय अनुसार पदाधिकारीहरु रहनेछन् । | |
| | (क) संसदीयदलको नेता १ जना | |
| | (ख) संसदीयदलको उपनेता१ जना | |

| | | |
|---|---|---|
| | (ग) प्रमुख सचेतक१ जना र सचेतक१ जना | |
| | (घ) कोषाध्यक्ष१ जना | |
| | (३) दलको सङ्घीय तथा प्रदेश संसदीय दल सम्बन्धी अन्य व्यवस्था संसदीय दलको विधानमा उल्लेख भए बमोजिम हुनेछ । | |
| | (४) स्थानीय तहमा दलको तर्फबाट प्रतिनिधित्व गर्ने सदस्यहरु रहेको स्थानीयतह संसदीय समितिगठन गर्न सकिनेछ । | |
| | (५) उपधारा (४) बमोजिम गठनहुने स्थानीय संसदीय समिति सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ : | |
| | (६) यस दफा बमोजिम गठनहुने संसदीय दल तथा संसदीय समितिको पदावधि सम्बन्धित तहको संसद, सभाको अवधिभर हुनेछ । | |
| | (७) संसदीय दल केन्द्रीय समिति प्रति जवाफदेही हुनेछ । | |
| | ३. पार्टीको तर्फबाट प्रतिनिधि सभा संसदीय दलको नेता छनोट | |
| १) संघीय निर्वाचन अगावै पार्टीको तर्फबाट संघीय निर्वाचनको लागि समानुपातिक र प्रत्यक्षतर्फ छनोट भएका | | |

| | | |
|---|---|---|
| उम्मेदवारहरुमध्ये इच्छुक उम्मेदवारहरुबीच प्रतिनिधि सभा संसदीय दलको नेता छनोटका लागि निर्वाचन हुनेछ । | | |
| २) उपधारा (१) बमोजिमको निर्वाचनमा पार्टीका सम्पूर्ण साधारण सदस्यहरु मतदाता हुन पाउनेछन् । | | |
| ३) उपधारा (१) र (२) बमोजिम हुने निर्वाचनमा कुल खसेको सदर मतको (५०% + १) को संख्यामा मत ल्याउने उम्मेदवार पार्टीको तर्फबाट संसदीय दलको नेता हुनेछ । कुनै पनि उम्मेदवारले कुल सदर मतको (५०% + १) को संख्यामा मत प्राप्त गर्न नसकेमा बढी मत ल्याउने दुई उम्मेदवारबीच पुनः निर्वाचन हुनेछ र विजयी उम्मेदवार पार्टीको तर्फबाट संसदीय दलको नेता हुनेछ । | | |
| ४) यस धारा बमोजिमको निर्वाचन केन्द्रीय समितिले तोके बमोजिमको मितिमा हुनेछ र केन्द्रीय निर्वाचन आयोगले सो प्रक्रिया सञ्चालन गर्नेछ । | | |
| ५) संसदीय दलको नेतालाई पार्टीका साधारण सदस्यहरुको बहुमतले यस विधान बमोजिम फिर्ता बोलाउने निर्णय नगरेसम्म पार्टीको संसदीय दलको नेताबाट हटाउन पाउने छैन तर निजको कुनै पनि कारणले धारा (७०) बमोजिमको योग्यता कायम नरहेमा केन्द्रीय समितिको निर्णयले संसदीय दलको नेताबाट हटाउन पाइने छ । | | |

| | | |
|---|---|---|
| ६) माथि जुनसुकै कुरा लेखिएको भएता पनि प्रस्तावित संसदीय दलको नेता राष्ट्रिय निर्वाचनमा पराजित भएमा वा कुनै कारणवश संसदीय दलको नेताको पद रिक्त भएमा पार्टीको तर्फबाट विजयी इच्छुक उम्मेदवारहरुबीच.प्रतिनिधिसभा संसदीय दलको नेता छनोटका लागि निर्वाचन हुनेछ । यस निर्वाचनमा पार्टीका सम्पूर्ण सदस्यहरु मतदाता हुन पाउनेछन् । | | |
| ७) उपधारा (६) बमोजिम हुने निर्वाचनमा कुल खसेको सदर मतको (५०% + १) को संख्यामा मत ल्याउने उम्मेदवार पार्टीको तर्फबाट संसदीय दलको नेता हुनेछ । कुनै पनि उम्मेदवारले कुल सदर मतको (५०%+१) को संख्यामा मत प्राप्त गर्न नसकेमा बढी मत ल्याउने दुई उम्मेदवारबीच पूनः निर्वाचन हुनेछ र विजयी उम्मेदवार पार्टीको तर्फबाट संसदीय दलको नेता हुनेछ । | | |
| ८) पार्टीको संसदीय दलको नेता पार्टीले सरकारको नेतृत्व लिएमा प्रधानमन्त्री हुनेछ । | | |
| धारा ७३ : पार्टीको तर्फबाट प्रदेश सभा संसदीय दलको नेता छनोट | धारा ७३ | |
| १) प्रदेश निर्वाचन अगावै पार्टीको तर्फबाट प्रदेश निर्वाचनको लागि समानुपातिक र प्रत्यक्षतर्फ छनोट भएका | | |

| | | |
|---|---|---|
| उम्मेदवारहरुमध्ये इच्छुक उम्मेदवारहरुबीच प्रदेश सभा संसदीय दलको नेता छनोटका लागि निर्वाचन हुनेछ । | | |
| २) उपधारा (१) बमोजिमको निर्वाचनमा पार्टीका सम्बन्धित प्रदेश सभा निर्वाचन क्षेत्रमा मतदाता ठेगाना भएका सम्पूर्ण साधारण सदस्यहरु मतदाता हुन पाउनेछन्। | | |
| ३) उपधारा (१) र (२) बमोजिम हुने निर्वाचनमा कुल खसेको सदर मतको (५०%+१) को संख्यामा मत ल्याउने उम्मेदवार पार्टीको तर्फबाट प्रदेश सभा संसदीय दलको नेता हुनेछ । कुनै पनि उम्मेदवारले कुल सदर मतको (५०%+१) को संख्यामा मत प्राप्त गर्न नसकेमा बढी मत ल्याउने दुइ उम्मेदवारबीच पुनः निर्वाचन हुनेछ र विजयी उम्मेदवार पार्टीको तर्फबाट प्रदेश सभा संसदीय दलको नेता हुनेछ । | | |
| ४) यस धारा बमोजिमको निर्वाचन केन्द्रीय समितिले तोके बमोजिमको मितिमा हुनेछ र केन्द्रीय निर्वाचन आयोगले सो प्रक्रिया सञ्चालन गर्नेछ । | | |
| ५) प्रदेश सभा संसदीय दलको नेतालाई सम्बन्धित प्रदेश सभा निर्वाचन क्षेत्रमा मतदाता ठेगाना भएका पार्टीका साधारण सदस्यहरुको बहुमतले यस विधान बमोजिम फिर्ता बोलाउने निर्णय नगरेसम्म पार्टीको प्रदेश सभा संसदीय दलको नेताबाट हटाउन पाउने छैन तर निजको कुनै पनि | | |

| | | |
|---|---|---|
| कारणले धारा (७०) बमोजिमको योग्यता कायम नरहेमा केन्द्रीय समितिको निर्णयले संसदीय दलको नेताबाट हटाउन पाइने छ । | | |
| ६) माथि जुनसुकै कुरा लेखिएको भएतापनि प्रस्तावित प्रदेश सभा संसदीय दलको नेता राष्ट्रिय निर्वाचनमा पराजित भएमा वा कुनै कारणवश संसदीय दलको नेताको पद रिक्त भएमा पार्टीको तर्फबाट जितेका इच्छुक उम्मेदवारहरुबीच. प्रदेश सभा संसदीय दलको नेता छनोटका लागि निर्वाचन हुनेछ । यस निर्वाचनमा सम्बन्धित प्रदेश मतदाता ठेगाना भएका पार्टीका साधारण सदस्यहरु मतदाता हुन पाउने छन् । | | |
| ७) उपधारा (६) बमोजिम हुने निर्वाचनमा कुल खसेको सदर मतको (५०%+१) को संख्यामा मत ल्याउने उम्मेदवार पार्टीको तर्फबाट प्रदेश सभा संसदीय दलको नेता हुनेछ । कुनै पनि उम्मेदवारले कुल सदर मतको (५०%+१) को संख्यामा मत प्राप्त गर्न नसकेमा बढी मत ल्याउने दुइ उम्मेदवारबीच पुनः निर्वाचन हुनेछ र विजयी उम्मेदवार पार्टीको तर्फबाट प्रदेश सभा संसदीय दलको नेता हुनेछ । | | |
| ८) पार्टीको प्रदेश सभा संसदीय दलको नेता पार्टीले सरकारको नेतृत्व लिएमा मुख्यमन्त्री हुनेछ । | | |

| | | |
|---|---|---|
| धारा ७४ : पालिका सभा दल, प्रदेश सभा दल, प्रतिनिधि सभा दल, राष्ट्रिय सभा दल र संघीय संसदीय दलको व्यवस्था | धारा ७४ | |
| १) सम्बन्धित क्षेत्रमा पार्टीबाट निर्वाचित जनप्रतिनिधिहरुको पालिका सभा दल, प्रदेश सभा दल, प्रतिनिधि सभा दल, राष्ट्रिय सभा दल र संघीय संसदीय दलको व्यवस्था केन्द्रीय समितिले जारी गर्ने नियमावली बमोजिम हुनेछ । | | |
| २) पार्टीको प्रदेश समिति र प्रदेश सभा दलको संयुक्त बैठक बस्न सक्नेछ तथा केन्द्रीय समिति र संघीय संसदीय दलको संयुक्त बैठक बस्न सक्नेछ। यी बैठकको व्यवस्था, सञ्चालन तथा प्रक्रिया केन्द्रीय समितिले जारी गर्ने नियमावली बमोजिम हुनेछ । | | |
| धारा ७५: जनप्रतिनिधिलाई फिर्ता बोलाउने अधिकार | धारा ७५ | |
| पार्टीका सम्बन्धित क्षेत्रको साधारण सदस्यहरुलाई आफ्ना जनप्रतिनिधिले चित्त बुझ्दो काम नगरे फिर्ता बोलाउन पाउने अधिकार हुनेछ । केन्द्रीय समितिले बनाउने नियमावली बमोजिम सम्बन्धित क्षेत्रको साधारण सदस्यहरु निश्चित संख्या वा प्रतिशतले निर्णय गरे पार्टीको केन्द्रीय समितिले सम्बन्धित जनप्रतिनिधिको पदको खारेजीलाई प्रक्रिया सुरु गरिनेछ । | | |

| | | |
|---|---|---|
| | (२) पार्टीका समानुपातिक जनप्रतिनिधिले पार्टीहित विपरित काम गरेमा वा कार्यसम्पादन मुल्याङ्कनको आधारमा वा अन्य मनासीव कारण भएमा केन्द्रीय समितिले फिर्ता बोलाउन सक्नेछ। केन्द्रीय समितिले नियमावली बमोजिम जनप्रतिनिधिको पदको खारेजीलाई प्रक्रिया गर्नेछ। | समानुपातिक सांसदको फिर्ता बोलाउने अधिकार थप गरिएको। |
| भाग - २०<br>विविध | भाग - २० | |
| धारा ७६ : पार्टीको केन्द्रीय स्तरका विभागहरु | धारा ७६ | |
| १) पार्टीको केन्द्रीय सदस्यहरुमध्येबाट प्रमुख १ र पार्टी सदस्यहरुबाट उपप्रमुख १, सचिव १ जना र ८ जना सदस्य गरी केन्द्रीय समितिले देहाय बमोजिम केन्द्रीय स्तरका विभागहरु गठन गर्नेछः | १)केन्द्रीय समितिले पार्टीको केन्द्रीय सदस्य वा विषय विज्ञ पार्टी सदस्यबाट विभागीय प्रमुख १ नियुक्ति गरिने छ। विभाग सञ्चालन नियमावली बमोजिम उपप्रमुख, सचिव र सदस्य गरी २१ जनाको देहाय बमोजिम केन्द्रीय विभागहरु गठन गर्नेछः | नियमावलीको व्यवस्था गरि थप स्पष्ट पारिएको। |
| (क) नीति तथा विचार विभाग | (१) नीति तथा विचार विभाग | |
| (ख) प्रचार प्रसार विभाग | (२) सङ्गठन विभाग | |
| (ग) मानवीय विकास प्रवर्द्धन विभाग | (३) प्रशिक्षण विभाग | |
| (घ) प्रवास नेपाली सम्पर्क विभाग | (४) अन्तर्राष्ट्रिय सम्बन्ध विभाग | |
| (ङ)प्रशिक्षण विभाग | (५) अभियान तथा प्रचार प्रसार विभाग | |

| | | |
|---|---|---|
| (च) सङ्गठन विभाग | (६) प्रवास नेपाली सम्पर्क विभाग | |
| (छ) अन्तर्राष्ट्रिय सम्बन्ध विभाग | (७)आर्थिक व्यवस्थापन विभाग | |
| (ज) र्‍याट ९च्बउष्म ब्अतष्यल त्भक(च्ब्त० विभाग | (८) मानव विकास प्रवर्द्धन विभाग | |
| | (९) र्‍याट (Rapid Action Team-RAT) समन्वय विभाग | |
| | (१०) उत्पादन प्रवर्धन विभाग | |
| | (११) नेतृत्व क्षमता तथा मानव संसाधन विकास विभाग | |
| | (१२) सार्वजानिक मामिला विभाग | |
| | (१३) भ्रष्ट्राचार निवारण तथा सुशासन प्रवर्धन विभाग | |
| | (१४) गुनासो व्यवस्थापन विभाग | |
| | (१५) विकास योजना तथा नीति तर्जुमा विभाग | |
| | (१६) तथ्यांक अनुसन्धान तथा अभिलेखिकण विभाग | |
| | (१७) विधेयक मन्थन विभाग | |
| | (१८) गैरआवसिय नेपाली सम्पर्क विभाग | |
| | (१९) कानुन तथा न्याय विभाग | |

| | | |
|---|---|---|
| | (२०) अर्थ नीति विभाग | |
| | (२१) सार्वजानीक लेखा समीक्षा विभाग | |
| | (२२) शिक्षा विभाग | |
| | (२३) स्वास्थ्य तथा जनसंख्या विभाग | |
| | (२४) कृषि विभाग | |
| | (२५) पर्यटन तथा संस्कृति विभाग | |
| | (२६) मुद्रा तथा पूँजी बजार विभाग | |
| | (२७) उद्योग तथा वाणिज्य विभाग | |
| | (२८) श्रम तथा उपभोक्ता हित विभाग | |
| | (२९) यातायत विभाग | |
| | (३०) महिला तथा सामाजिक विकास विभाग | |
| | (३१) पूर्वाधार विकास विभाग | |
| | (३२) युवा तथा खेलकुद विभाग | |
| | (३३) विज्ञान, सञ्चार तथा सूचना प्रविधि विभाग | |

| | | |
|---|---|---|
| | (३४) मानव अधिकार विभाग | |
| | (३५) सहकारी विभाग | |
| | (३६) वन, वातावरण तथा प्राकृतिक स्रोत विभाग | |
| | (३७) नव प्रवर्तन तथा स्टार्टअप विभाग | |
| | (३८) जनसम्पर्क विभाग | |
| २) पार्टीको केन्द्रीय समितिले आवश्यकता अनुसार केन्द्रीय सदस्यको नेतृत्वमा ११ जना सदस्य नबढ्ने गरी थप विभागहरु गठन गर्न सक्नेछ। | २) पार्टीको केन्द्रीय समितिले आवश्यकता अनुसार विभागहरु थपघट वा मिलान गर्न सक्नेछ। | विभागमा सदस्य संख्या नियमावली अनुसार हुने भएकाले। |
| ३) केन्द्रीय समितिले बनाउने नियमावली बमोजिम विभागहरुको काम, कर्तव्य र अधिकार तोकिनेछ र पार्टीका प्रदेश स्तर र पालिका स्तरमा विभागहरुको स्थापना गरिनेछ। | | |
| धारा ७७ : पार्टी एकीकरण वा विभाजन | धारा ७७ | |
| १) पार्टीको केन्द्रीय समितिको दुई तिहाइले अन्य पार्टीसँग एकीकरण गर्न सक्नेछ। | | |
| २) पार्टी विभाजन प्रचलित कानुन बमोजिम हुनेछ। | | |

| | | |
|---|---|---|
| | धारा ७८: कार्यसम्पादन मुल्याङ्कन<br>१. पार्टीको पत्येक तहका समितिको कार्यसम्पादन मुल्याङकन सोही समितिको माथिल्लो समितिले गर्नेछ । त्यस्तै विभाग र संयन्त्रहरुको कार्यसम्पादन मुल्याङकन सम्वन्धित तहको समितिले गर्ने छ ।<br><br>२. सम्वन्धित समितिका पदाधिकारीहरुको कार्यसम्पादन मुल्याङकन सोही समितिको सभापतिको नेतृत्वमा हुनेछ ।<br><br>३. कार्यसम्पादन मुल्याङकनको आधारमा थप प्रोसाहित गर्ने, आवश्यक सुधारको लागी प्रशिक्षण गर्ने, सजग गराउने तथा अन्य पुरस्कार एवम् दण्ड सम्वन्धि व्यवस्था गरी पार्टी संरचनालाई चुस्तदुरुस्त राखिनेछ ।<br><br>४. कार्यसम्पादन मुल्याङकन अत्यन्त कमजोर रहेको, सुधार गर्न नसकिने अवस्था देखिएको अवस्था सिफारीस सहितको प्रतिवेदनको आधारमा विश्वस्त रहेमा केन्द्रीय समितिले सम्वन्धित समिति वा संयन्त्र विघटन गर्न सक्नेछ । | थप गरिएको |

| | | |
|---|---|---|
| | ५. कार्यसम्पादन मुल्याङकन सम्वन्धि थप व्यवस्था केन्द्रीय समितिले निर्धारण गरे अनुसार हुनेछ । | |
| धारा ७८ : विधान संशोधन | धारा ७९ | |
| १) पार्टीको केन्द्रीय परिषद्को सामान्य बहुमतले विधान संशोधन गर्न सक्नेछ । | | |
| धारा ७९ : गणपुरक संख्या | धारा ८० | |
| पार्टीका सबै तहका निकायहरुका बैठकहरुमा उक्त निकायहरुका कुल संख्या बहुमत हुने संख्यालाई गुणपुरक संख्या गनिनेछ । | पार्टीका सबै तहका निकायहरुका बैठकको गणपुरक संख्या तत्काल कायम रहेको कुल संख्याको बहुमत हुने संख्यालाई मानिनेछ । | सच्याइएको र स्पष्ट पारिएको । |
| धारा ८० : विधानको व्याख्या | धारा ८१ | |
| यस विधानको व्याख्या केन्द्रीय समितिले गर्नेछ । | | |
| धारा ८१ : नियमावली बनाउने र जारी गर्ने | धारा ८२ | |
| पार्टीको केन्द्रीय समितिले पार्टीको विधान अन्तर्गत रही आवश्यकता अनुसार नियमावली तथा निर्देशिका बनाउन वा परिपत्र जारी गर्न सक्नेछ । प्रदेश समिति र पालिका समितिले पनि यसै विधानलाई आधार मानेर आ-आफ्नो तहमा नियमावली तथा निर्देशिका बनाउन वा परिपत्र जारी गर्न सक्नेछ । | | |

| धारा ८२ : बाधा अडकाउ फुकाउ | धारा ८३ | |
|---|---|---|
| यस विधान लागू गर्ने क्रममा कुनै बाधा अडकाउ फुकाउन परेमा त्यस्तो बाधा अडकाउ फुकाउने अधिकार केन्द्रीय समितिलाई हुनेछ । | १. यस विधान लागू गर्ने क्रममा कुनै बाधा अडकाउ परेमा त्यस्तो बाधा अडकाउ फुकाउने अधिकार केन्द्रीय समितिलाई हुनेछ । | सच्याइएको । |
| धारा ८३ : पार्टी सभापति, प्रदेश प्रमुख, जिल्ला सभापति, पालिका सभापति र वडा सभापति पदमुक्त हुने अवस्था | धारा ८४ : पार्टी पदाधिकारी तथा सदस्यहरु पदमुक्त हुने अवस्था | सबै पदाधिकारीहरुको सन्दर्भ बनाइएको । |
| १) पार्टी सभापति, प्रदेश प्रमुख, जिल्ला सभापति, पालिका सभापति र वडा सभापतिलाई तोकिए बमोजिमको प्रक्रिया पुऱ्याई सम्बन्धित तहको परिषद्को दुई तिहाइ बहुमतले महाअभियोग प्रस्ताव पारित गरी सम्बन्धित तहको सभापति वा प्रमुखबाट पदमुक्त गर्न सक्नेछ । | १) केन्द्रीय समितिका निर्वाचित पदाधिकारी तथा सदस्यहरुलाई पार्टीको चल अचल सम्पती दुरुपयोग वा अपचलन गरेमा, गंभिर नैतिक पतन हुने फौजदारी अभियोग लागेमा, कार्यसम्पादन मुल्याङ्कनमा चरम असक्षमता देखिएमा, पार्टी हित विपरीत गतिविधिमा संलग्न रहेको देखिएमा केन्द्रीय समितिले अध्ययन अनुसन्धान गर्दा महाअभियोग लगाउनु पर्ने देखिएमा केन्द्रीय समितिको प्रस्तावमा केन्द्रीय परिषद्को दुई तिहाइ बहुमतले महाअभियोग प्रस्ताव पारित गरी पदमुक्त गर्न सक्नेछ । महाअभियोग लागेको ब्यक्तिलाई सफाईको मौका दिईने छ । | सबै पदाधिकारीहरुको सन्दर्भ भएकाले । |
| २) निजको मृत्यु भएमा । | | |

| | | |
|---|---|---|
| ३) निजले राजीनामा दिएमा । | | |
| ४) पार्टीको सदस्य हुने योग्यता गुमेमा । | | |
| ५) पार्टीका सम्पूर्ण सदस्यहरुको बहुमत सदस्यले पार्टी सभापतिलाई तोकिए बमोजिम फिर्ता बोलाएमा । | | |
| ६) प्रदेश प्रमुख, जिल्ला सभापति, पालिका सभापति र वडा सभापतिलाई अनुशासनात्मक कारवाही गरी बर्खास्त भएमा । | ६) अनुशासनात्मक कारवाही गरी बर्खास्त भएमा । | सबै पदाधिकारीहरुको सन्दर्भ भएकाले । |
| **धारा ८४ : पार्टीका सदस्यहरुमा सार्वभौमिकता निहित** | **धारा ८५** | |
| पार्टीको कुनै पनि तहको निर्णय उक्त तह स्थानीय ठेगाना वा मतदाता ठेगाना भएका सम्पूर्ण सदस्यहरुको बहुमतले खारेज गर्न सक्नेछ । | पार्टीको कुनै पनि तहको निर्णय उक्त तहमा मतदाता ठेगाना भएका सम्पूर्ण सदस्यहरुको बहुमतले खारेज गर्न सक्नेछ । | सच्याइएको । |
| **धारा ८५ : पार्टी सदस्यलाई एजेण्डा उठाउने अधिकार** | **धारा ८६** | |
| पार्टीका कुनै तहका समितिमा सदस्य नरहेका पार्टी सदस्यहरुले आफू सम्बन्धित वडा समिति मार्फत् पार्टीको नीति, विचार र निर्णयसँग सम्बन्धित रहेर एजेण्डा उठाउन सक्नेछ र त्यसरी उठाइएको एजेण्डा वडा समितिमा छलफल हुनुपर्नेछ । सबै तहका समितिलाई आफ्नो एक तह माथिको समितिमा एजेण्डा उठाउने अधिकार हुनेछ । वडा समितिले पालिका समिति, पालिका समितिले जिल्ला परिषद्, | | |

| | | |
|---|---|---|
| जिल्ला परिषद्ले प्रदेश परिषद् र प्रदेश परिषद्ले केन्द्रीय समितिमा पार्टीको नीति, विचार र निर्णयसँग सम्बन्धित रहेर एजेण्डा उठाउन सक्नेछ । | | |
| धारा ८६ : पार्टीका तहगत समितिबीचको सम्बन्ध | धारा ८७ | |
| पार्टीका तहगत समितिहरुले आफ्नो उपल्लो समितिको निर्णय र निर्देशनलाई कार्यान्वयन गर्नुपर्दछ । | | |
| धारा ८७ : रुख रोपेको हुनुपर्ने | धारा ८८ | |
| पार्टीको सबै तहका समितिका सदस्यहरुले आफ्नो घरमा कम्तीमा एउटा रुख रोपेको हुनुपर्नेछ । आफ्नो घरमा रुख रोप्न सम्भव नभए आफू समितिको सदस्यमा निर्वाचित वा मनोनीत भएको १०० दिनभित्र कुनै सार्वजनिक स्थानमा कम्तीमा १० वटा रुख रोप्नुपर्नेछ । | | |
| धारा ८८ : परिवारवादलाई निषेध | धारा ८९ | |
| १) पार्टीमा एकै परिवारको एकजनाभन्दा बढी सदस्य पार्टीको कुनै समान तहको समिति, विभाग, आयोग वा संयन्त्रमा नियुक्ति, मनोनीत वा निर्वाचित हुन पाउने छैन । | | |
| २) पार्टीको केन्द्रीय निकाय र प्रदेश निकायका सदस्यको परिवारबाट पार्टीको कुनै पनि निकाय र पार्टीको तर्फबाट राज्यका कुनै पनि निकायमा नियुक्तिका लागि सिफारिस गरिने छैन वा मनोनीत गरिने छैन । | | |

| धारा ८९ : युवा सहभागिता | धारा ९० | |
|---|---|---|
| पार्टीमा युवा सहभागितालाई प्रवर्द्धन गर्न पार्टीको केन्द्रीय समिति, केन्द्रीय लेखा आयोग, केन्द्रीय अनुशासन तथा आचरण समिति, पालिका समिति र वडा समितिमा कम्तीमा (५०%१) को संख्यामा युवा हुनुपर्नेछ । | पार्टीको सवै तहका संरचना तथा निकायहरुमा युवालाई प्राथमिकता राख्नुपर्नेछ । | युवाहरुको संख्या बढि हुँदा विदेशीने संख्याले समितिहरु पुरा गर्न र टिकाउन गाह्रो भएकाले । थप समावेशी क्षेत्रहरु समेट्न सहज हुने । |
| धारा ९० : समानुपातिक समावेशी | धारा ९१ | |
| पार्टीमा प्रचलित कानुन र नेपालको संविधानले परिकल्पना गरे अनुसार समानुपातिक समावेशिता लागू गरिनेछ । | | |
| धारा ९१ : समानता र योग्यता | धारा ९२ | |
| पार्टीको कुनै पनि निकायमा र पार्टीको तर्फबाट राज्यका कुनै पनि निकायमा नियुक्तिका लागि सिफारिस गर्दा वा मनोनीत गर्दा समानता र योग्यतालाई प्रमुख आधार मानिनेछ । | | |

| | | |
|---|---|---|
| धारा ९२ : शपथ ग्रहण | धारा ९३ | |
| १) पार्टीका सदस्यले र पार्टीका सबै निकायका सदस्य तथा पदाधिकारीले अनुसूची - ४ बमोजिम शपथ ग्रहण गर्नु पर्नेछ । | | |
| २) सबै तहका सभापति वा प्रमुखलाई केन्द्रीय निर्वाचन आयोगले तोकेको प्रतिनिधिले र समितिका अन्य सदस्यलाई सम्बन्धित तहको सभापति वा प्रमुखले शपथ ग्रहण गराउनेछ । | | |
| ३) पार्टीका सदस्यलाई अर्को पार्टी सदस्य वा केन्द्रीय समितिले तोकेको पदाधिकारीले शपथ गराउनेछ । | ३)पार्टीका सदस्यलाई सपथ लिई सकेको पार्टी सदस्य वा केन्द्रीय समितिले तोकेको पदाधिकारीले शपथ गराउनेछ । | स्पष्टताका लागि |
| धारा ९३ : परिवर्तनशील नेतृत्व प्रणाली | धारा ९४ | |
| १) पार्टी सभापति, प्रदेश सभापति, जिल्ला सभापति र पालिका सभापति दुई कार्यकालभन्दा बढी निर्वाचित हुन पाउने छैन । यद्यपि निजहरुको पहिलो महाधिवेशन अगाडिको कार्यकाल गणना गरिने छैन । | १)सबै तहका पदाधिकारीहरु एकै पदमा दुई कार्यकालभन्दा बढी निर्वाचित हुन पाउने छैन । यद्यपि निजहरुको पहिलो महाधिवेशन अगाडिको कार्यकाल गणना गरिने छैन । | सभापति बाहेकका पदाधिकारीहरु को बारेमा स्पष्टता नभएकाले । |
| | | |

| | | |
|---|---|---|
| | | |
| धारा ९४ : सम्पर्क व्यक्ति | धारा ९५ | |
| १) पार्टी महामन्त्रीले राष्ट्रिय निर्वाचन आयोगसँग सम्पर्क गर्नेछन् । | | |
| धारा ९५ : संक्रमणकालीन व्यवस्था | धारा ९६ | |
| १) पार्टीको प्रथम राष्ट्रिय महाधिवेशन, प्रदेश अधिवेशन, जिल्ला अधिवेशन, पालिका अधिवेशनबाट नयाँ नेतृत्व चयन नहुन्जेल संक्रमणकालीन व्यवस्था लागू हुनेछ । | | |
| २) पार्टीको प्रथम पटकको राष्ट्रिय महाधिवेशन, प्रदेश अधिवेशन, जिल्ला अधिवेशन, पालिका अधिवेशन एकैपटक गरिने छ र त्यसपछि महाधिवेशन र अधिवेशन विधानले तोके बमोजिम हुनेछ । पार्टीको पहिलो राष्ट्रिय महाधिवेशन संघीय चुनावको एक वर्षभित्र हुनेछ । | | |
| ३) पहिलो महाधिवेशन नभएसम्म यस विधानको कार्यान्वयनमा कुनै कठिनाइ आए वा यसमा उल्लेख गरिएका संरचनाहरुको पदपूर्ति गर्नुपर्ने भए केन्द्रीय समितिले वा त्यसले अधिकार प्रत्यायोजन गरेका व्यक्ति, समिति वा निकायले गर्न सक्नेछ । | | |
| ४) केन्द्रीय समितिले केन्द्रीय समितिको आकार १२१ जना नबढ्ने गरी थप सदस्यहरु मनोनीत गर्न सक्नेछ । | | |

| | | |
|---|---|---|
| | धारा ९७: खारेजी र बचाउ<br>(१) यो संशोधित विधान प्रारम्भ हुँदाका बखत कायम रहेका नियमावली, निर्देशीका, कार्यविधि खारेज वा संशोधन नभएसम्म लागू रहनेछन् । तर यो विधानसँग बाझिएको हकमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ । | पुराना संशोधनहरुबाट गरिएका कामको वैधानिकताका लागि थपिएको । |